| ६ | स्वास्थ्य चौकीमा रेलिङ्ग निर्माण | तेतरीया | १६५००० |
| ७ | छठ पर्व पूजापाठको लागि | | १२५००० |
| ८ | दुर्गा पुजाको लागि | | १००००० |
| **पूर्वाधार विकास तर्फ** | | | |
| ९ | अधुरो सामुदायिक भवनमा झ्याल ढोका र प्लास्टरको लागि | बुनियाद टोलमा | २७०००० |
| १० | अधुरो सामुदायिक भवन निर्माण | ठोरीयाही | ५४०००० |
| **वनवातावरण तथा विपद् व्यवस्थापन तर्फ** | | | |
| ११ | शौचालय मर्मत र मोटर धारा टयाकीं खरीद | वडा कार्यालयमा | १३५००० |
| **संस्थागत विकास तर्फका** | | | |
| १२ | बालअधिकार सम्बन्धी जनचेतना मुलक कार्यक्रम | | ३००००० |
| १३ | महिला हिंसा सम्बन्धी कार्यक्रम | | १०५००० |
| | **जम्मा** | | **२७०००००** |

| वडा नं. ६ | | | |
|---|---|---|---|
| **क.सं.** | **योजनाको नाम** | **स्थल** | **बजेट रकम रु.** |
| **आर्थिक विकास तर्फ** | | | |
| १ | विद्युतको तार खरिद तथा पोल सार्ने कामका लागि | सेढवा गाउँको | २००००० |
| २ | पशुपंक्षीहरुका लागि औषधि खरिद | | ५०००० |
| ३ | जन स्वास्थ्यको लागि औषधि खरिद | सेढवा आ.स्वा.सेवा केन्द्र | ५०००० |
| ४ | जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि भ्रमण | | १५०००० |
| ५ | सेढवा गाउँको भजन किर्तन समाजको लागि सांस्कृतिक सामग्री खरिद तथा सहजौली गाउँको दलित बस्तीको लागि भाडा बर्तन खरिद | | १००००० |
| ६ | अतिथि सत्कार खर्च | वडा कार्यालयको लागि | ५०००० |
| **सामाजिक विकास तर्फ** | | | |
| ७ | खानेपानी धारा सेट खरिद | | २००००० |
| ८ | मेला व्यवस्थापन तथा सास्कृतिक प्रवर्धन कार्यक्रम | बौधीमाई मेला | २००००० |
| ९ | छठिघाट सजावट | वडाभरी | १००००० |
| १० | डिप बोरिङ्ग जडान | कट्टी टोलमा | १००००० |
| **पूर्वाधार विकास तर्फ** | | | |
| ११ | अधुरो धर्मशाला निर्माण | सिहोर्वाको माझी टोलमा | ४००००० |
| १२ | अधुरो ब्रह्म स्थान निर्माण | सहजौली टोलमा | ४००००० |
| **वनवातावरण तथा विपद् व्यवस्थापन तर्फ** | | | |
| १३ | फलफुलहरुको विरुवा वितरण कार्यक्रम | | १००००० |
| **संस्थागत विकास तर्फका** | | | |
| १४ | जेष्ठ नागरिक, जेष्ठ नागरिक दलित, जेष्ठ नागरिक एकल महिला,विधवा तथा अपाङ्गहरुलाई सम्मान कार्यक्रम मार्फत ब्लानकेट वितरण कार्यक्रम | | ४००००० |
| १५ | आखाँ शिविर संचालन | | २००००० |
| | **जम्मा** | | **२७०००००** |

| वडा नं. ७ | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | स्थल | बजेट रकम रु. |
| १ | मेनरोड देखी रामबाबु प्रसाद यादवको घर सम्म बाटो ढलान | सिस्वा | १५०००० |
| २ | बाराबजार ढलान बाटो देखी उत्तर कपिलदेव धामीको घर सम्म बाटो ढलान | बाराबजार | १००००० |
| ३ | ढलान बाटो देखी दक्षिण हिताई चौधरीको घर सम्म बाटो ढलान | जिम्दारटोल | १००००० |
| ४ | भित्री ढलान बाटो सुखल हजराको घर देखी पूर्व मेन बाटो सम्म बाटो ढलान | जिम्दारटोल | १५०००० |
| ५ | विक्रम चौधरीको घर देखी पूर्व रामायण चौधरीको घर सम्म बाटो ढलान | तियरटोल | २००००० |
| ६ | अधुरो माईस्थान मन्दिर व्यवस्थापन कार्य | उमजन | २००००० |
| ७ | अधुरो चर्पी मर्मत सम्भार कार्य | पिपरा विद्यालय | १००००० |
| ८ | दुर्गा पुजाको लागि | सिस्वा | ७५००० |
| ९ | पशुपंक्षीहरुको औषधि खरिद | वडाभरी | १००००० |
| १० | संस्कृति जगेर्ना, छठ पर्वको लागि | वडाभरी | १५०००० |
| ११ | गढीमाई मेला व्यवस्थापन | बाराबजार | १२०००० |
| १२ | श्री ने.रा.आ.वि. को प्लास्टर तथा मर्मत सम्भार कार्य | बाराबजार | १००००० |
| १३ | विद्यालय र स्वास्थ्य चौकीको व्यवस्थापनको लागि आवश्यक्ता अनुसार सामग्री खरिद | सिस्वा,पिपरा | २०५००० |
| १४ | चापाकल खरिद | उमजन | ५०००० |
| १५ | खेलकुद सामग्री खरिद | वडाभरी | ५०००० |
| १६ | बाल विवाह तथा महिला हिंसा सम्बन्धी जनचेतना मुलक कार्यक्रम | वडाभरी | ४००००० |
| १७ | श्री जनता मा.वि.को लागि बहुउदेशिय हल मर्मत सम्भार | उमजन | ४००००० |
| १८ | ह्युम पाईप खरिद(कृषि बाटोको लागि) | वडाभरी | २००००० |
| १९ | Roland octapad spd 20 बाजा खरिद | पिपरा मठ | १००००० |
| | जम्मा | | २९५०००० |

| वडा नं. ८ | | | |
|---|---|---|---|
| क्र.सं. | योजनाको नाम | स्थल | बजेट रकम रु. |
| १ | अधुरो सटर निर्माण | वडा कार्यालय नरही | ८००००० |
| २ | छठीघाट सजावट(१६ वटा) | वडाभरी | १००००० |
| ३ | चापाकल जडान | वडाभरी | ३००००० |
| ४ | कबरगाह कम्पाउण्ड निर्माण | ईटहर | २५०००० |
| ५ | माईस्थान निर्माण | सिरसिया | ५००००० |
| ६ | अधुरो सडक ढलान | बेलाही | ३००००० |
| ७ | अधुरो छठीघाट निर्माण | औनिया | २००००० |
| ८ | अधुरो नाला निर्माण | औनिया | २५०००० |
| ९ | नरही स्वास्थ्य चौकी प्रसुती गृहमा टायल मार्वल निर्माण | नरही | १५०००० |
| १० | अवलोकन भ्रमण | | १००००० |
| ११ | पत्रपत्रिका प्रचारप्रसार | | ५०००० |
| १२ | रामजानकी मठ | नरही | ५०००० |
| १३ | नवदुर्गा मेला | नरही | १००००० |
| १४ | ब्रहमबाबा कम्पाउण्ड निर्माण | नरही | २५०००० |
| | जम्मा | | ३४००००० |

# करैयामाई गाउँपालिका
# शिक्षा ऐन (पहिलो संशोधन), २०७६

**गाउँ सभाबाट पारित मिति: २०८१/०३/०५**
**राजपत्रमा प्रकाशित मिति: २०८१/०३/२०**

करैयामाई गाउँ शिक्षा ऐन, २०७६, लाई संशोधन गर्न वान्छनीय भएकोले,
नेपालको संबिधानको धारा २२२ अनुसार गठित करैयामाई गाउँपालिकाको गाउँ सभाले संविधानको धारा २२६ र स्थानीय सरकार संचालन २०७४ को दफा १०२(१) बमोजिम करैयामाई गाउँपालिका शिक्षा ऐन, २०७६ को दोश्रो संशोधन गरिएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "शिक्षा (दोश्रो संशोधन) ऐन, २०७६" रहेको छ ।

२.**शिक्षा ऐन, २०७६ को दफा २० को उप दफा २ (ङ) थप**
(२,ङ) उपदफा (१,क) बमोजिम ३-४ पटक सम्म पनि अभिभावक भेलाबाट समिति गठन हुन नसकेमा वडा समितिबाट सिफारिस भई आएमा गाउँ शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिको अध्यक्ष लगायत सम्पूर्ण सदस्यहरु मनोनयन गर्नेछ ।



करैयामाई गाउँपालिका

# करैयामाई गाउँपालिका स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०५/१२ गते
राजपत्रमा प्रकाशित मितिः २०८१/०५/१४ गते

**प्रस्तावना**ः

मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१" मा रहेको तह/स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी करैयामाई गाउँपालिकाको गाउँ कार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

## १.संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम " कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "**ऐन**" भन्नाले मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ।

(ख) "**कार्यविधि**" भन्नाले करैयामाई गाउँपालिकाको कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

(ग) "**प्रदेश**" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

(घ) "**कार्यालय/गाउँपालिका**" भन्नाले करैयामाई गाउँपलिकालाई सम्झनु पर्दछ ।

(ङ)"**कार्यपालिका**" भन्नाले करैयामाई गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) "**प्रमुख प्रशासकीय अधिकृत**" भन्नाले करैयामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ)"**कर्मचारी**" भन्नाले कर्मचारी समायोजन ऐन-२०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भइ आएका तथा कर्मचारी समायोजन ऐन- २०७५ बमोजिम संघीय लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साविक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनुपर्छ ।

(ज)"**तह/स्तर वृद्धि**" भन्नाले ऐनको दफा ४, दफा ८ र दफा २९ बमोजिम गरिने तह/स्तर वृद्धिलाई सम्झनु पर्दछ ।

(झ)"**प्रदेश लोकसेवा आयोग**" भन्नाले मधेश प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(ञ)"**सिफारिस समिति**" भन्नाले यो कार्यविधिको दफा ४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

## ३. सूचना प्रकाशन गर्ने :

(१) यो कार्यविधि बमोजिम करैयामाई गाउँपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धिको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा कम्तीमा तीस दिनको म्याद दिइ दरखास्त आव्हान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ ।

## ४. सिफारिस समितिः

(१) ऐनको दफा २९ बमोजिम गाउँपालिकामा कार्यरत स्थायी कर्मचारीको तह/स्तर बृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ अनुसार तपसिल बमोजिमको तह/स्तर वृद्धि सिफारिस समिति रहनेछ।

तपसिल

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकीय अधिकृत | -संयोजक |
| ख. | प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना | -सदस्य |
| ग. | कर्मचारी प्रशासन शाखाको प्रमुख | -सदस्य सचिव |

(२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## ५. समितिको काम कर्तव्य र अधिकारः

सिफारिस समितिको काम, कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ।

क. तह/स्तर वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख. आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

ग. पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

घ. तह/स्तर वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह/स्तर वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने।

**६.आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम पुरा गरेको हुनु पर्नेछ ।

**७.<u>सिफारिसः</u>** (१) दरखास्त दिने अन्तिम मितिको पन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदन साथ प्राप्त कागजाहरुको जाँच गरी कार्यालयलाई तह/स्तर वृद्धिको लागि सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह/स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि भएका कर्मचारीलाई अनुसूची-२ बमोजिमको ढाँचामा तह/स्तर वृद्धिको पत्र दिइनेछ ।

**८. <u>तह/स्तर वृद्धि गर्न नहुनेः</u>** यस कार्यविधिमा अन्तत्र जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा दफा ४ को उपदफा (१) बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह/स्तर वृद्धिको लागि सिफारिस गर्ने छैन :-

क. निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

ख. तह/स्तर वृद्धि वा बढुवा रोक्का भएकोमा तह/स्तर वृद्धि वा बढुवा रोक्का भएको अवधिभर

ग. तलब बृद्धि रोक्का भएकोमा तलब बृद्धि रोक्का भएको अवधिभर

घ. असाधारण वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर

ङ. स्थानीय स्वास्थ्य सेवाको कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता, निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर

**९. <u>तह/स्तर वृद्धि सम्बन्धि विषेश व्यवस्थाः</u>** (१) ऐनको दफा ४ को उपदफा ६ बमोजिम निजामति सेवा बाहेकका अन्य सेवा बाट स्थानीय तहमा समायोजन भइ सेवा अवधि ५ वर्ष पुरा गरेका पाँचौ, सातौं र नवौं तहमा कार्यरत कर्मचारीलाई ऐनको दफा २९ को प्रक्रिया पुरा गरी क्रमशः छैटौं, आठौं र दशौं तहमा एक तह/स्तर वृद्धि गरिनेछ।

(२) कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः मधेश प्रदेश बाहिर कामकाजमा खटिएका तर मधेश प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह/स्तर वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यालयमा तह/स्तर वृद्धि गरिनेछ ।

१०.**<u>ज्येष्ठता कायम:</u>** तह/स्तर वृद्धि हुने कर्मचारीको ऐनको दफा २८ र दफा २९ को उपदफा ४ बमोजिम ज्येष्ठता कायम हुनेछ ।

११.**<u>जानकारी दिनु पर्ने</u>**ः यस कार्यविधि बमोजिम गरिएको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

१२.**<u>बाधा अड्काउ फुकाउने अधिकार</u>**ः**-** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

१३.**<u>उजुरी/गुनासो</u>**ः तह/स्तर वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१४. **<u>प्रचलित कानून बमोजिम हुने</u>**ः यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची १

(कार्यविधिको दफा ३ को उपदफा २ सँग सम्बन्धित)

## तह/स्तर वृद्धि को लागि पेश गर्ने निवेदनको ढाँचा

मितिः-

**श्री संयोजकज्यू,**

**तह/स्तर वृद्धि सिफारिस समिति**

**विषयः- तह/स्तर वृद्धि गरि पाउँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह/स्तर वृद्धि सिफारिस समितिको मिति ................................ गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह/स्तर वृद्धि हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

तपसिल

१. स्थायी नियुक्तिको पत्र ।

२. बढुवा/तहबृद्धि भएको पत्र ।

३. समायोजन पत्र ।

४. नेपाली नागरिकताको प्रमाण पत्र ।

५. शैक्षिक योगयताको प्रमाण पत्र ।

६.

| | |
|---|---|
| नाम थरः | सुरु नियुक्ति मितिः |
| पदः | हालको पदमा तहवृद्धि/बढुवा मितिः |
| तहः | समायोजन मितिः |
| सेवाः | कर्मचारी संकेत नं. |
| समुहः | कार्यरत कार्यालयः |

माथि उल्लेकीत सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।

निवेदक

नामः

दस्तखतः

क.सं. नम्बरः

अनुसूची २

(कार्यविधिको दफा ७ को उपदफा ३ सँग सम्बन्धित)

## तह/स्तर वृद्धि पत्रको ढाँचा

प.सं.: मितिः-

च.नं.

**विषयः- तह/स्तर वृद्धि गरिएको सम्बन्धमा ।**

तपाईलाई गाउँ कार्यपालिकाको कार्यालयको मिति / / गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ................ अनुसार मिति ..................................गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सेवामा तपसिल बमोजिम तहमा तह/स्तर वृद्धि गरिएको छ । तह/स्तर वृद्धि हुनु भएकोमा बधाई तथा सफल कार्यकालको कामना गर्दछु ।

**तपसिल**

| हाल कार्यरत पद | तह/स्तर वृद्धि गरेको पद |
|---|---|
| पदः | पदः |
| तहः | तहः |
| सेवाः | सेवाः |
| समूहः | समूहः |
| कार्यरत कार्यालयः | पदस्थापन गरेको कार्यालयः |

श्री .............................

कर्मचारी संकेत नम्बरः

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर, काठमाण्डौ ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय किताबखाना (निजामती), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, जनकपुरधाम धनुषा ।

श्री प्रदेश किताबखाना, जनकपुरधाम धनुषा ।

श्री नागरिक लगानीकोष, नयाँ बानेश्वर, काठमाण्डौ ।

श्री कर्मचारी सञ्यकोष, ठमेल, काठमाण्डौ ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, बारा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, बारा ।

श्री आर्थिक प्रशासन शाखा, करैयामाई गा.पा., बारा ।

# करैयामाई गाउँपालिका विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१

गाउँसभाबाट स्वीकृत मितिः २०८१/०९/२६ गते
राजपत्रमा प्रकाशित मितिः २०८१/१०/०४ गते

**प्रस्तावनाः**

करैयामाई गाउँपालिकाको मानविय तथा भौतिक संरचनाहरुको क्षतीलाई न्यूनिकरण, रोकथाम तथा पुनःस्थापनाका लागि नेपालको संविधानको अनुसूची–८ तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को परिच्छेद ३ को दफा ११ उपदफा २ बमोजिम विपद् व्यवस्थापन कोष संञ्चालन तथा व्यवस्थापन कार्यविधि,२०८१ तयार गरि लागु गरिएको छ।

**उद्देश्यः**

(क)विपदमा परेका पीडितलाई उद्धार र पुनःस्थापना गर्ने कार्यका लागि सबै सरकारी तथा गैर सरकारी क्षेत्रको सहयोगमा जनसहभागिता समेत जुटाउनु।

(ख)विपदका लागि अत्याधिक जोखिम क्षेत्र पहिचान तथा नक्साङ्कन गरी जनचेतना अभिबृद्धि गर्नु।

(ग)विपदको जोखिमलाई न्यूनिकरण गर्न समय सापेक्ष नीतिगत र संस्थागत संयन्त्रमा सुधार गर्नु।

(घ)विपदबाट पीडित पक्षलाई आधारभूत आवश्यक्ताका लागि तत्कालै राहत उपलब्ध गराउनु।

(ङ)विकास निर्माण तथा भौतिक संरचनाको निर्माण गर्नु अघि वातावरण मैत्री प्रणालीमा जोड दिन जनचेतना जगाउनु।

(च)विपदको जोखिम न्यूनिकरणको लागि उपयुक्त पूर्व सूचना,प्रकोप पूर्वको तयारीका लागि उपलब्ध गराउनु।

(छ)विपदका लागि लागु हुने प्रयास रोकथाम मूलक र उपचार मूलक बनाउनु।

(ज)विपद सम्बन्धी सूचना दिने प्रविधिको विकास तथा व्यवस्थापना गर्नु।

## परिच्छेद — १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) **संक्षिप्त नामः** यस कार्यविधिको नाम "करैयामाई गाउँपालिकाको विपद् व्यवस्थापन कोष संञ्चालन तथा व्यवस्थापना कार्यविधि,२०८१" रहनेछ।

(२) यो कार्यविधि करैयामाई गाउँपालिका भरी लागु हुनेछ।

(३) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क)**"कोष"** भन्नाले दफा ५ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्छ।

(ख)**"गैर प्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, डढेली, कीट वा सूक्ष्म जीवाणु आतङ्क, पशु तथा चराचरुङ्गीमा हुने फ्लु,सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल, औद्योगिक दुर्घटना, विषाक्त ग्याँस, रसायन वा विकिरण चुवाहट, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक विपद्लाई सम्झनु पर्छ।

(ग)**"प्राकृतिक विपद्"** भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, बाढी, पहिरो तथा भू-स्खलन, डुबान, खडेरी, आँधी, हुरी, बतास, शीतलहर, तातो हावाको लहर, भूकम्प वा यस्तै अन्य प्राकृतिक विपद्वाट उत्पन्न जुनसुकै विपद् सम्झनु पर्छ।

(घ)**"विपद्"** भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सृजना भई जन वा धनको क्षतिको साथै जीपनयापन र वातावरणमा प्रतिकूल असर पर्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ।

(ङ)**"विपद् जोखिम न्यूनिकरण"** भन्नाले विपद् पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्वाट हुने क्षतिको न्यूनिकरण तथा विकासका कार्यका विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनु पर्छ।

(च)**"विपद् पुर्नलाभ"** भन्नाले विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापना सँग सम्बन्धित कार्य सम्झनु पर्छ।

(छ)**"विपद् प्रतिकार्य"** भन्नाले विपद्को घटना घट्नसाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनु पर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्व तयारीलाई समेत सम्झनु पर्छ।

(ज)**"विपद् व्यवस्थापन"** भन्नाले विपद् जोखिम न्यूनिकरण, विपद् पूर्वतयारी, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्पूर्ण क्रियाकलापलाई सम्झनु पर्छ।

(झ)**"सुरक्षा निकाय"** भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा राष्ट्रिय अनुसन्धान विभाग सम्झनु पर्छ।

(ञ)**"गाउँपालिका विपद् व्यवस्थापन समिति"** भन्नाले दफा ३ बमोजिमको गाउँपालिका विपद् व्यवस्थापन समिति सम्झनुपर्छ।

(ट)**"कार्यविधि"** भन्नाले करैयामाई गाउँपालिकाको विपद् व्यवस्थापन तथा कोष सञ्चालन कार्यविधि, २०८१ लाई सम्झनुपर्छ।

(ठ)**"कोष सञ्चालन समिति"** भन्नाले दफा ६ बमोजिमको समिति सम्झनुपर्छ।

(ड)**"कार्यालय"** भन्नाले करैयामाई गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्छ।

(ढ)**"गाउँपालिका"** भन्नाले करैयामाई गाउँपालिकालाई सम्झनुपर्छ।

करैयामाई गाउँपालिका

# परिच्छेद — २

# विपद् व्यवस्थापन समिति सम्बन्धी व्यवस्था

## ३. गाउँपालिका विपद् व्यवस्थापन समितिः

(१)करैयामाई गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि देहाय बमोजिमको गाउँपालिका विपद् व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष – संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – उपसंयोजक

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) विषयगत समितिका संयोजकहरु – सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय – सदस्य

(च) सामाजिक विकास शाखा प्रमुख – सदस्य

(छ) पूर्वाधार विकास शाखा प्रमुख – सदस्य

(ज) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि – सदस्य

(झ) गाउँपालिकाको भौगोलिक क्षेत्र भित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि – सदस्य

(ञ) गाउँपालिका प्रहरी प्रमुख – सदस्य

(ट) राष्ट्रिय मान्यता प्राप्त दलका गाउँपालिका स्थित प्रमुख वा प्रतिनिधि – सदस्य

(ठ)नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि(१ जना) – सदस्य

(ड) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको गाउँ तहको प्रमुख वा निजले तोकेको प्रतिनिधि(१ जना) – सदस्य

(ढ) गैरसरकारी संस्था महासंघका स्थानीय प्रतिनिधि(१ जना) – सदस्य

(ण) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि(१ जना)– सदस्य

(त)गाउँपालिका विपद् व्यवस्थापन हेर्ने गरि तोकिएको शाखा प्रमुख – सदस्य सचिव

(२)गाउँपालिका विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क)विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषदबाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवं राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद व्यवस्थापन समितिबाट स्वीकृत एकिकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी गाउँ विपद व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने।

(ख)गाउँ सभाबाट स्वीकृत नीति तथा योजनाको अधिनमा रही विपद् जोखिम न्यूनिकरण, विपद प्रतिकार्य तथा विपद पुनर्लाभ सम्बन्धी एकिकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्विकृत गरी लागु गर्ने/गराउने।

(ग)गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेट प्रस्ताव तयार गर्ने/गराउने।

(घ)विपद् व्यवस्थापनका सम्बन्धमा गाउँपालिकाको संस्थागत क्षमता विकास गर्ने/गराउने।

(ङ)गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने।

(च)विपदका घटना हुनसाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरु तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतःपरिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागु गर्ने/गराउने।

(छ)विपद व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रादेशिक कानुनको अधिनमा रही सार्वजनिक, निजी, गैरसरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति,योजना र कार्यक्रममा विपद व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने।

(ज)विपदको समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने/गराउने।

(झ)सरकारी, निजी एवं गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबै पक्षको समन्वय र संलग्नतामा विपद व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने।

(ञ)भौतिक संरचना निर्माण गर्दा भवनसहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने।

(ट)स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद जोखिम मूल्याङ्कन गर्ने/गराउने।

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने, भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने।

(ड)विपदबाट स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भईरहेको सेवा प्रवाहमा अवरोध आईपरेमा सोको पुनःसञ्चालनका लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्य गर्ने/गराउने।

(ढ)स्थानीय समुदायलाई विपद प्रति जागरुक बनाउन, विपदसँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपदको घटना हुनसाथ प्रतिकार्यका लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने।

(ण)विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने।

(त)विपद प्रतिकार्यका लागि नमूना अभ्यास गर्ने/गराउने।

(थ)विपदको समयमा प्रयोग गर्ने सकिने गरी वारुणयन्त्र लगायतका अन्य उपकरणहरु तयारी हालतमा राख्न लगाउने।

(द)स्थानीय स्तरमा आपत्कालिन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने।

(ध)गाउँपालिकामा विपद व्यवस्थापन सूचना प्रणाली तथा पूर्वचेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने/गराउने।

(न)विपद प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने।

(प)विपदमा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने।

(फ)विपदबाट प्रभावित घरपरिवारको पहिचान, स्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने/गराउने।

(ब)विपदको समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(भ)विपद प्रभावितहरुको प्रत्यक्ष र सक्रिय सहभागितामा प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुनस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने/गराउने।

(म)विपदको जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सीमान्तकृत वर्ग तथा योजना तथा कार्यक्रम बनाई कार्यान्वयन गर्ने/गराउने।

(य) विपद व्यवस्थापन सम्बन्धमा सार्वजनिक संस्था तथा व्यावसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे/गरेको अनुमान गर्ने।

(र)विपद व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय अनुसार विपद व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने/गराउने।

(ल) विपद व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने।

(व)विपद व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाउँसभाले तोकेको अन्य कार्य गर्ने/गराउने।

(श)विपद व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रादेशिक कानूनको प्रतिकूल नहुने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमका अन्य कार्य गर्ने/गराउने।

(ष)विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुननिर्माण र पुनर्लाभका विषयबस्तुलाई स्थानीय विपद व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार गर्ने/गराउने।

## ४. वडास्तरीय विपद् व्यवस्थापन समितिः

विपद् व्यवस्थापन कार्यमा सहयोग पुर्याउन करैयामाई गाउँपालिकाको प्रत्येक वडामा देहाय बमोजिम वडास्तरीय विपद व्यवस्थापन समिति रहनेछः

(क) वडा अध्यक्ष – संयोजक

(ख) वडा सदस्यहरु – सदस्य

(ग) वडा भित्र रहेका विषयगत शाखा/ईकाई कार्यालयका प्रमुखहरु – सदस्य

(घ) वडा भित्र रहेका सुरक्षा निकायका प्रमुख – सदस्य

(ङ) राष्ट्रिय मान्यता प्राप्त दलका वडास्थित प्रमुख वा प्रतिनिधिहरु – सदस्य

(च) स्थानीय रेडक्रस प्रतिनिधि – सदस्य

(छ) गैरसरकारी तथा सामुदायमा आधारित संघसंस्था तथा युवा क्लवबाट संयोजकले तोके बमोजिम न्यूनतम २ महिला सहित ४ जना – सदस्य

(ज) वडा सचिव – सदस्य सचिव

# परिच्छेद – ३

# विपद् व्यवस्थापन कोष सम्बन्धी व्यवस्था

## ५. विपद् व्यवस्थापन कोषः

(१)विपद् व्यवस्थापनका लागि गाउँपालिकामा एउटा छुट्टै विपद् व्यवस्थापन कोष रहनेछ।

(२)कोषमा देहाय अनुसारको रकम जम्मा गरिनेछ।

(क)करैयामाई गाउँपालिकाबाट वार्षिक रुपमा विपद् व्यवस्थापन कोषमा विनियोजित भएको रकम।

(ख) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान सहयोग।

(ग) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको सहयोग।

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(३)कोषको रकम नेपाल राष्ट्र बैंकबाट "क" वर्गको ईजाजत प्राप्त सरकारी कारोबार गर्न स्वीकृत बैंकमा जम्मा गरिनेछ। कोषको सञ्चालन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(४) कोषमा जम्मा भएको रकम विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन (विपद जोखिम न्यूनिकरण, विपद पूर्वतयारी, विपद प्रतिकार्य र विपद् पुनर्लाभ) का लागि बाहेक अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन।

(५) विभिन्न सरकारी, गैर सरकारी तथा अन्य दाताबाट प्राप्त भएको शशर्त सहयोग खर्च नभएको खण्डमा फिर्ता गरिनेछ।

(६) कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट हुनेछ।

## ६. कोष सञ्चालन समितिः

(१) कोषको लक्ष्य तथा उद्देश्य प्राप्ति लागि देहाय बमोजिमको कोष सञ्चालन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष - संयोजक
(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य
(घ) वातावरण तथा विपद् व्यवस्थापन समितिको संयोजक – सदस्य
(ङ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य सचिव

(२) कोष सञ्चालन समितिको काम, कर्तव्य र अधिकार

(क) गाउँपालिका विपद् कोष व्यवस्थापनका लागि आर्थिक श्रोतको व्यवस्थापन गर्ने

(ख) गाउँपालिका विपद व्यवस्थापन कोषको सञ्चालनका लागि योजना तर्जुमा गरी गाउँ सभाबाट स्वीकृत गराई कार्यक्रम तय गर्ने गराउने।

(ग) विपदको घटना घट्नु अगावै जनचेतना मूलक कार्यक्रम सञ्चालन गर्ने

(घ) विपदबाट पीडित भएका व्यक्तिको सन्दर्भमा तथ्याङ्क संकलन गरी विपदको घटना घटेको ठाउँमा समितिले अनुगमन गर्नुका साथै राहतको कार्यक्रम लागु गर्ने

(ङ) विपद न्यूनिकरण तथा नियन्त्रणको पूर्वाधार निर्माण गर्न गाउँपालिकालाई सिफारिस गर्ने

(च) राहत रकम उपलब्ध गराउने।

(३) कोष सञ्चालन समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ। बैठकको अध्यक्षता संयोजकले गर्नेछ। बैठक बस्ने प्रयोजनका लागि ५१ प्रतिशत सदस्यलाई गणपुरक संख्या मानिनेछ।

(४) बैठक आवश्यक्ता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(५) यस समितिका पदाधिकारीले बैठक बसेको दिन गाउँपालिकाका पदाधिकारीले पाए सरह बैठक भत्ता पाउने छन्।

# परिच्छेद – ४

## उद्धार तयारी, उद्धार तथा राहत सम्बन्धी व्यवस्था

### ७. उद्धारको तयारीः

(क)विपदको जोखिममा रहेको क्षेत्रको पहिचान गर्ने।

(ख)तालिम प्राप्त जनशक्तिको साथै विपदको समयमा राहतको छरितो व्यवस्थाको लागि खोज र उद्धार सामग्रीहरुको लगत अद्यावधिक गर्नुका साथै आपतकालिन खाद्यान्न, औषधि एवं लता कपडाको भण्डारण गर्न समन्वय गर्ने।

(ग)सामाजिक एवं गैर सरकारी संघ संस्था एवं पत्रकारहरुको सहयोग समेत लिई गाउँपालिका विपद व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने।

(घ)विपदको समयमा विस्थापित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर सञ्चालन गर्न सम्भव भए सम्म विलालय, स्वास्थ्य संस्था बाहेक तत्कालका लागि अस्थायी रुपमा पुनर्स्थापना गर्न पहिचान गरिएका खुला क्षेत्रहरु प्रयोग गर्ने।

### ८. राहत तथा उद्धार सम्बन्धी व्यवस्थाः

(क) विपदको घटनामा परी कुनै व्यक्तिको मृत्यु भएको रहेछ भने राहत स्वरुप प्रति मृतक रु.२५०००/- का दरले मृतकका परिवारलाई तत्काल सहयोग उपलब्ध गराउनेछ।

(ख) विपदबाट घर पूर्णरुपमा नष्ट भएका वा खाधान्न बाली तथा जग्गा जमिन समेत नोक्सानी भै तत्काल गुजाराको लागि आवश्यक व्यवस्था गर्नका लागि रु.१५०००/-, आंशिक घर क्षति भई तत्काल मर्मतको लागि रु.१००००/- तथा गोठ नष्ट भएमा रु.५०००/- प्रति परिवार राहत सहयोग उपलब्ध गराउनेछ।

(ग)विपदको घटनामा परी घाइते हुनेहरुलाई सरकारी अस्पतालबाट उपचार गरी घर जान आर्थिक सहयोग स्वरुप प्रति व्यक्ति रु.५०००/- यातायात खर्च दिइनेछ।

(घ)विपदको समयमा पीडित परिवारहरुलाई सुरक्षित स्थानमा राखी शिविर संचालन, आवश्यक सहयोग र समन्वय गरिनेछ।

(ङ) पीडितहरुलाई राहत वितरण गर्दा यस कोषको अधिनमा रही कोष सञ्चालन समिति मार्फत राहत सहयोग उपलब्ध गराईनेछऽ तर समितिबाट अनुमोदन गराउने गरी तत्काल उपलब्ध गराउनु पर्ने तोकिएको राहत रकम संयोजकको आदेशले प्रमुख प्रशासकीय अधिकृतले पिडितलाई उपलब्ध गराउन सक्नेछ। यसरी उपलब्ध गराएको रकमको सोधभर्नाका लागि आवश्यक कागजात सहित कोष सञ्चालन समितिमा पेश गर्नुपर्नेछ।

(च) राहत सहयोग प्राप्त गर्नको निम्ति पीडितले घटना भएको ३० दिन भित्र प्रहरी सरजमिन मुचुल्का तथा अन्य आवश्यक कागजात र फोटो सहित सम्बन्धित वडा कार्यालयको सिफारिस सहित कोष सञ्चालन समितिमा निवेदन पेश गर्नु पर्नेछ। मृतक तथा घाईतेको हकमा स्वास्थ्य संस्थाको प्रतिवेदन सहित सिफारिस आवश्यक पर्नेछ।

## परिच्छेद — ५
## विविध

**९. अनुगमन तथा प्रतिवेदन सम्बन्धमा।**

(१) यो कार्यविधि अनुसार गरिएका काम कारवाहीको लागि गाउँपालिकाबाट अनुगमन गरिनेछ।

(२) यो कार्यविधि अनुसार सञ्चालित कार्यहरुको प्रतिवेदन गाउँपालिका विपद् व्यवस्थापन समिति मार्फत गाउँ कार्यपालिकामा पेश गरिनेछ।

**१०. संशोधन तथा परिमार्जन सम्बन्धमाः** यस कार्यविधिलाई आवश्यक्ता अनुसार गाउँ कार्यपालिकाबाट संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

**११. खारेजी तथा बचाउः** यो कार्यविधि बन्नु भन्दा पहिले विपद् व्यवस्थापन सम्बन्धि गरिएका कार्यहरु यसै कार्यविधि अन्तरगत भएको मानिनेछ। यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन,२०७४ तथा अन्य प्रचलित कानुनसँग बाझिएको हकमा बाझिएको हदसम्म खारेजी हुनेछ।

# करैयामाई गाउँपालिका
## शिक्षा(तेश्रो संशोधन)ऐन, २०७६

गाउँसभाबाट स्वीकृत मितिः २०८१/०९/२६ गते
राजपत्रमा प्रकाशित मितिः २०८१/१०/०४ गते

करैयामाई गाउँपालिका शिक्षा ऐन, २०७६ लाई संशोधन गर्न वान्छनीय भएकोले,

नेपालको संबिधानको धारा २२२ अनुसार गठित करैयामाई गाउँपालिकाको गाउँ सभाले संविधानको धारा २२६ र स्थानीय सरकार संचालन २०७४ को दफा १०२(१) बमोजिम करैयामाई गाउँपालिका शिक्षा ऐन, २०७६ को तेस्रो संशोधन गरिएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो ऐनको नाम "करैयामाई गाउँपालिका शिक्षा(तेस्रो संशोधन) ऐन,२०७६" रहेको छ ।

२. **शिक्षा ऐन, २०७६(यसपछि मूल ऐन भनिएको) को दफा ३ को उपदफा (१२) पछि देहायका उपदफाहरु (१२क) र (१२ख) थप गरिएको छ ।**

**उपदफा (१२क)** -यस ऐन जारी हुनु पूर्व वा जारी भए पश्चात नियमानुसार अनुमति लिई संचालनमा रहेका सामुदायिक विद्यालय वा कम्पनी वा शैक्षिक गुठीको रुपमा संचालित संस्थागत विद्यालयहरुले कक्षा थप(कक्षा अपग्रेड) गरी विद्यालय संचालन गर्न चाहेमा तोकिए बमोजिमको प्रकृया पुरा गरी तोकिएको म्यादभित्र अनुमतिका लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ ।

**उपदफा (१२ख)**-उपदफा (१२क) बमोजिम निवेदन परेमा सो निवेदन उपर गाउँपालिका शिक्षा अधिकारीले आवश्यक जाँचबुझ गरी कक्षा थप गरी विद्यालय संचालनका लागि अनुमाति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी गाउँपालिका शिक्षा समितिको सिफारिशमा कार्यपालिकाले एक वर्षमा एक कक्षाका दरले कक्षा थपको अनुमति दिनेछ।

३. **मूल ऐनको दफा १५ को "उपदफा (६)-समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको पदावधि तीन वर्षको हुनेछ" झिकिएको छ।**

४. **मूल ऐनको दफा १६ मा उपदफा (१७) पछि देहायको उपदफा (१७क) थप गरिएको छ ।**

उपदफा (१७क)- आवश्यकता अनुसार सामुदायिक विद्यालयका स्वीकृत स्थायी/करार/राहत अनुदान शिक्षक, बाल विकास सहजकर्ता र कर्मचारीहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न वा कामकाज/काजमा खटाउन सक्नेछ।

५. **मूल ऐनको दफा १७ को उपदफा (१) र (२) को सट्टा देहायका उपदफाहरु (१), (२), (३), (४), (५) र (६) राखिएको छ ।**

**उपदफा (१)**-गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा स्वीकृत दरबन्दी, राहत अनुदान कोट्टा, शिक्षण सहयोग अनुदानका शिक्षक, बाल विकास सहजकर्ता र कर्मचारीको पद रिक्त भई खुला प्रतियोगिताबाट करारमा पदपूर्ति गर्नु पर्ने भएमा छनौट परीक्षा संचालन गरी योग्यताक्रम अनुसार योग्य उम्मेदवार छनौट तथा नियुक्तिका लागि विद्यालय व्यस्थापन समितिलाई सिफारिश गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

क) विद्यालय व्यस्थापन समितिको अध्यक्ष- संयोजक

ख) गाउँपालिकाले सूचिकृत गरेको विषय विज्ञहरुमध्ये सम्बन्धित विषयको विषय विज्ञ २ जना- सदस्य

ग) गाउँपालिकाको शिक्षा अधिकृत वा सो नभएमा शिक्षा हेर्ने कर्मचारी- सदस्य

घ) सम्बन्धित विद्यालको प्रधानाध्यापक- सदस्य-सचिव

**उपदफा (२)**- कुनै सामुदायिक विद्यालयमा विद्यालय व्यस्थापन समिति नभएमा वा विद्यालय व्यस्थापन समिति भए तापनि विविध विवादका कारण शिक्षक/कर्मचारी छनौट गर्न सम्भव नभएको अवस्थामा शिक्षक तथा कर्मचारी छनौट गर्न करैयामाई गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा देहाय अनुसारको शिक्षक तथा कर्मचारी छनौट समिति रहनेछ ।

क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक

ख) गाउँपालिकाले सूचिकृत गरेको विषय विज्ञहरुमध्ये सम्बन्धित विषयको विषय विज्ञ २ जना-सदस्य

ग) प्रशासन शाखा प्रमुख-सदस्य

घ) गाउँपालिकाको शिक्षा अधिकृत वा सो नभएमा शिक्षा हेर्ने कर्मचारी-सदस्य-सचिव

**उपदफा (३)**-शिक्षक तथा कर्मचारी छनौट समितिले शिक्षक छनौट परीक्षाका लागि शिक्षक सेवा आयोगले निर्धारण गरेको पाठ्यक्रम र मापदण्डको अनुसरण गर्न सक्नेछ ।

**उपदफा (४)**- बाल विकास सहजकर्ता र प्राविधिक विषय शिक्षक बाहेक कुनै पनि तहको शिक्षक पदमा भर्नाका लागि योग्य उम्मेदवार हुन स्थायी अध्यापन अनुमति पत्र अनिवार्य रुपमा लिएको हुनुपर्ने छ ।

**उपदफा (५)**-उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कम्प्युटर, अर्थशास्त्र र लेखा विषय शिक्षकको पदमा पहिलो पटकको विज्ञापनमा स्थायी अध्यापन अनुमति पत्र भएको कुनै व्यक्तिको दरखास्त नपरेमा दोस्रो पटक गरिएको विज्ञापनमा स्थायी अध्यापन अनुमति पत्र नभएको व्यक्ति पनि उम्मेदवार हुन पाउने छ ।

**उपदफा (६)**-शिक्षक/कर्मचारी छनौट परीक्षा सम्बन्धी अन्य प्रकृया र मापदण्ड तोकिएको बमोजिम हुनेछ ।

६. **मूल ऐनको दफा ३७ को उपदफा (३) मा रहेका "गाउँकार्यपालिकाले" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका शिक्षा समितिले" भन्ने शब्दहरु राखिएको छ ।**

७. **मूल ऐनको दफा ३९ सट्टा देहायको दफा ३९ राखिएको छ।**

**दफा ३९-शैक्षिक योग्यताः** विद्यालय शिक्षक तथा कर्मचारीहरुको शैक्षिक योग्यता देहाय अनुसार हुनु पर्नेछ ।

क) माध्यमिक तह कक्षा ११ र १२ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नात्तकोत्तर वा सो सरह

ख) माध्यमिक तह कक्षा ९-१२ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता सम्बन्धित विषयमा स्नात्तक वा सो सरह

ग) निम्नमाध्यमिक तह कक्षा ६-८ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह

घ) प्राथमिक तह कक्षा १-५ मा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता दश जोड दुई वा सो सरह

ङ) बाल विकास कक्षामा पढाउने शिक्षकको न्युनत्तम शैक्षिक योग्यता एस.इ.इ. वा सो सरह

च) विद्यालयमा लेखा सम्बन्धी काम गर्ने कर्मचारी/प्रशासन सहायकको न्युनत्तम शैक्षिक योग्यता दश जोड दुई वा सो सरह

छ) विद्यालय सहयोगी/परिचरको न्युनत्तम शैक्षिक योग्यता कक्षा ८ उतीर्ण गरेको हुनु पर्नेछ ।

ज) शैक्षिक योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## ८. मूल ऐनको दफा ४३ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राखिएको छ ।

**उपदफा (६)**-उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आवश्यकता अनुसार अध्यक्ष स्तरीय निर्णयमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षक(स्थायी/करार/राहत/बाल विकास सहजकर्ता) र विद्यालय कर्मचारीहरुलाई निजहरुको र विद्यालय व्यस्थापन समितिको सहमति नलिई गाउँपालिका भित्रका एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न वा अवधि तोकी वा नतोकी कामकाज/काजमा खटाउन सक्नेछ।

# करैयामाई गाउँपालिकाको शिक्षा नीति, २०८१

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/१०/२८ गते

राजपत्रमा प्रकाशित मितिः २०८१/१०/२९ गते

## पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई निःशुल्क शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने व्यवस्था गरेको छ। त्यस्तै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश, स्थानीय तह गरी तीन तहको हुने र नेपालको संविधान र कानून बमोजिम तीनै तहले राज्यशक्तिको प्रयोग गर्ने व्यवस्था गरेको छ। संघ, प्रदेश र स्थानीय तहका एकल अधिकारहरू संविधानको अनुसूची क्रमश ५, ६ र ८ मा र संघ, प्रदेश र स्थानीय तहका साझा अधिकारलाई अनुसूची ९ मा समावेश गरेको छ। जसमा तहगत सरकारहरू आफ्ना अधिकार क्षेत्रका विषयमा कानून बनाउने, योजना तथा बजेट तर्जुमा, कार्यान्वयन तथा नतिजा मापनका लागि स्वायत्त हुने व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा २१६ ले स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानुनको अधिनमा रही गाउँ कार्यपालिका र नगर कार्यपालिकामा निहित हुने व्यवस्था गरेको छ। स्थानीय कार्यकारिणी अधिकार संविधानको अनुसूची ८ र ९ मा सुचिकृत गरीए अनुसार हुने व्यवस्था रहेको छ। स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार अनुसूची ८ मा आधारभूत तथा माध्यामिक शिक्षा र अनुसूची ९ मा शिक्षा, खेलकुद र पत्रपत्रिका रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची ८ र ९ मा उल्लेख भएका स्थानीय तहको एकल अधिकार र साझा अधिकारको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा विस्तृत उल्लेख गरेको छ। जसमा शिक्षा सम्बन्धमा प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनः सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमनः प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमनः मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन लगायत निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन, गरि २२ वटा अधिकार व्यवस्था छ। संविधानको अनुसूची र स्थानीय सरकार संचालन ऐन,२०७४ ले दिएको स्थानीय तहका शिक्षा सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, बार्षिक, आवधिक तथा रणनीतिक र दीर्घकालिन शैक्षिक योजनाहरु तयार गर्न र शिक्षा सम्बन्धी ऐन, नियमहरु, निर्देशिकाहरु कार्यबिधिहरु निर्माण गर्न शिक्षा नीतिले निर्देश गर्दछ।

करैयामाई गाउँपालिकाले शिक्षा लगायतका विषयगत क्षेत्रमा रहेका समस्या समाधान गरी यस गाँउपालिका क्षेत्रभित्रका विद्यालयहरुमा समाजका सबै बर्ग र समुदायका बालबालिकाहरुको सहज पहुँच सुनिश्चित गर्न, बिद्यालय शिक्षालाई गुणस्तरीय बनाउन, राष्ट्रिय पाठ्यक्रम प्रारुपले तोकेका सक्षमताहरु विकास गर्न, शिक्षण संस्थालाई लैंगिकमैत्री, अपांगतामैत्री, बालमैत्री तथा समाबेशी बनाउन र शैक्षिक संस्थाहरुको बिकास, व्यवस्थापन र नियमनका लागि, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (ज) ले दिएको अधिकार प्रयोग गरी करैयामाई गाउँपालिकाले यो "शिक्षा नीति" २०८१ जारी गरेको छ।

## १. विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार कूल ५,०५१ घरधुरी रहेको यस गाउँपालिकाको जनसंख्या २९,१६५ छ। जसमा महिला १४,५१४ र पुरुष १४,६५१ रहेका छन्। कूल जनसंख्या मध्ये करिव ४१ प्रतिशत बालबालिका र ३२ प्रतिशत विद्यालय उमेर समूह (५ देखि १८ वर्ष) का बालबालिका रहेका छन्। यहाँको साक्षरता दर ६५.१८ प्रतिशत (महिला ५५.५९ र पुरुष ७४.७३ प्रतिशत) रहेको देखिन्छ।

करैयामाई गाउँपालिकामा सामुदायिक विद्यालयमा ६४७२ जना र संस्थागत विद्यालयमा १२२१ जना विद्यार्थी अध्ययनरत छन् ( EMIS 2081) । यहाँ सामुदायिक आधारभूत विद्यालय १६, माध्यमिक विद्यालय ४ र मदरसा १ वटा रहेका छन्। यसैगरी संस्थागत विद्यालय अर्न्तगत आधारभूत तह(१ देखि ८) का ६ वटा रहेका छन्। गाउँपालिकाका कुनै पनि वस्तीबाट आधारभूत विद्यालय सम्म पुग्न १५ मिनेट भन्दा वढी समय लाग्दैन। ८४ प्रतिशत सामुदायिक र १६ प्रतिशत संस्थागत विद्यालयमा अध्ययनरत छन् (EMIS 2081)।

हरेक वर्ष विद्यालय भर्ना अभियान संचालन गरिएको छ तर यो प्रभावकारी नहुँदा अधिकांश विपन्न र सीमान्तकृत बालबालिका विद्यालय भर्ना हुन सकेका छैनन्। सामुदायिक विद्यालयमा सरदर भर्नादर बालिकाको ७० प्रतिशत र बालकको ३० प्रतिशत रहेको छ। अधिकांस अभिभावकहरुमा छोरालाई संस्थागत र छोरीलाई सामुदायिक विद्यालयमा पढाउने प्रवृत्ति भएका कारण यस्तो हुन गएको हो। यसमध्ये पनि कक्षा छोड्ने दर वढी रहँदा शैक्षिक अवस्था कमजोर रहेको छ। गाउँपालिकाभरका विद्यालयको औषत अनुपात हेर्दा करिव १५ प्रतिशत विद्यार्थी कक्षामा अनुपस्थित हुने गरेका छन्। यसमा अधिकांश बालिका र विपन्न तथा सीमान्तकृत वर्गका बालबालिका रहेका छन्।

समयमा पाठ्यपुस्तक प्राप्त हुन नसक्दा पठनपाठन प्रभावित भएको छ। स्थानीय पाठ्यक्रम लागु गरिएको छैन। अभिभावक र बालबालिकाहरु समेतको आकर्षण अंग्रेजी विषयमा छ तर यसलाई प्रभावकारी वनाउन सकिएको छैन। गाउँपालिकामा प्राविधिक तथा व्याबसायिक शिक्षाको आवश्यकता देखिन्छ। तर यहाँ यसको व्यवस्थापन हुन सकेको छैन। यस गाउँपालिका भरमा एक विद्यालयमा मात्र पशुपालन सम्बन्धी पढाइ हुने गरेको छ। सामुदायिक विद्यालयमा विद्यार्थी संख्या कम रहँदा शिक्षक-विद्यार्थी अनुपातमा सामन्जस्यता कायम गर्न सकिएको छैन। यसका कारण विद्यालय मर्जर नीति ल्याउनु पर्ने देखिन्छ।

विद्यालयको भौतिक पूर्वाधार कमजोर रहेको छ। यसको लागि गाउँपालिकाले हरेक वर्ष बजेट व्यवस्था गरेको भए तापनि सो प्रयाप्त छैन । अधिकांश विद्यालयमा खेल मैदानको उचित व्यवस्था छैन । बालबालिकाहरु घाँसे मैदानमा खेल्न वाध्य भएका छन् । विद्यालयमा खासै अतिरिक्त क्रियाकलाप हुँदैन। पानीको व्यवस्था सहितको शौचालय नहुदा बालबालिका असुविधामा रहेका छन् । यस समस्याका कारण बालिकाहरु खासगरी किशोरीहरु नियमित रुपमा विद्यालय जान सकेका छैनन् । समग्रतामा करैयामाई गाउँपालिकाको शिक्षा क्षेत्रमा देहायका प्रमुख समस्याहरु रहेको छन्:

- सबै बालबालिकालाई विद्यालय भर्ना गर्न नसकिनु ।
- भर्ना भएका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न नसकिनु ।
- प्रारम्भिक बाल विकास तथा शिक्षाका कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसक्नु ।
- सुबिधाबिहिन समुहका बालबालिकालाई विद्यालयमा भर्ना गरी टिकाइराख नसकिनु ।
- शिक्षक र कर्मचारीमा उत्प्रेरणा, मनोबल र कार्यक्षमताको कमी हुनु ।
- तहगत रुपमा योग्य प्रधानाध्यापक र विषयगत रुपमा शिक्षक दरबन्दी कमि रहनु ।
- प्राविधिक तथा व्यबसायिक शिक्षाको विस्तार गर्न नसकिनु ।
- शिक्षा प्रति स्थानीय अभिभावक खास गरि विपन्न र सिमान्तकृत वर्गका अभिभावकको चेतनास्तर वृद्धि गर्न नसकिनु ।
- विद्यालयका शिक्षक, कर्मचारी र प्रारम्भिक बाल बिकास तथा शिक्षाका सहयोगी कार्यकर्ताहरूलाई न्यूनतम् सेवा सुविधा उपलब्ध गराईए तापनि अपेक्षित रुपमा उत्प्रेरणा, मनोबल र कार्यक्षमता वृध्दि गर्न नसक्नु ।

नागरिकको सर्वोत्तम हितलाई केन्द्रमा राखी सार्वजनिक जवाफदेहीता, उत्तरदायित्व, अधिकार र कर्तव्यलाई करैयामाई गाउँपालिकाले सार्वजनिक सेवा प्रवाहको मुख्य अवधारणाको रुपमा लिएको छ। नागरिकको सबैभन्दा नजिकको सरकार गाउँपालिका हो । यसर्थ नागरिकका समस्या, आवश्यकता र चाहनाहरुको उचित व्यवस्थापन गर्नु गाउँपालिकाको प्रमुख जिम्मेवारी हो । मधेश प्रदेशको बारा जिल्लामा पर्ने साविकका ६ वटा गाविसहरु समावेश गरी निर्माण गरिएको यस करैयामाई गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाले भौगोलिक तथा सामाजिक समावेशीतालाई आधार मानी आफ्ना सेवाहरुको विकास तथा विस्तार गर्दै आएको छ । तर श्रोत, साधन र क्षमताको सिमितताका कारण करैयामाई गाउँपालिकाका नागरिकहरुले हालसम्म पूर्ण रुपमा संविधान प्रदत्त हकको उपयोग गर्दै स्थानीय शिक्षा नीतिको अभ्यास गर्न पाएका छैनन् ।

## २. अवसर र चुनौती

### ३.१ अवसर

१. विद्यमान संवैधानिक व्यवस्था अनुसार आधारभूत र माध्यमिक शिक्षाको जिम्मेवारी गाउँपालिकालाई प्राप्त हुनु ।

२. कानूनी व्यवस्था अनुसार पूर्व प्राथमिक शिक्षा/बाल बिकास कार्यक्रम र शैक्षिक क्षेत्र सुधार र पठनपाठन सम्बन्धी अधिकार गााँउपालिकाले प्राप्त गर्नु ।
३. राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार आधारभूत तथा माध्यमिक शिक्षाको व्यबस्थापन र संचालनको अधिकार गाउँपालिकालाई प्राप्त हुनु ।
४. नीति, कानून, योजना र बजेट निर्माण गर्ने आधिकार गाउँपालिकालाई हुनु ।
५. संगठन संरचना र संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने अधिकार गाउँपालिकालाई हुनु।
६. गाउँपालिकाले शिक्षालाई उच्च प्राथमिकतामा राख्नु ।
७. साझेदार र सहयोगी निकायहरुसंगको समन्वय, सहयोग र साझेदारी विकासमा शैक्षिक कार्यक्रम संचालन गर्ने अधिकार गाउँपालिकालाई प्राप्त हुनु ।
८. साझेदार र सहयोगी निकायहरुको शिक्षामा सहयोग रहनु ।

## ३.२ चुनौती

१. अभिभावक विहिन र जोखिमपूर्ण अबस्थामा रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा टिकाइ राख्नु ।
२. कमजोर आर्थिक अबस्था र चेतनास्तर कम भएका अभिभावकका बालबालिकाको कक्षा छाड्ने दर घटाउनु ।
३. परिवारको आर्थिक अवस्था कमजोर हुदा बालबालिकाहरु श्रममा लाग्न वाध्य हुनु ।
४. नागरिकको अपेक्षा अनुसार शैक्षिक सेवा प्रदान गर्न गाउँपालिकासंग श्रोत, साधन र क्षमता विकास गर्नु ।
५. शिक्षक-विद्यार्थी अनुपातमा सन्तुलन मिलाउनु ।
६. विद्यालय संख्या धेरै तर विद्यार्थी कम हुनु ।
७. कक्षा छोड्ने र कक्षा दोहोऱ्याउने दर वढी हुनु ।
८. विद्यार्थी र अभिभावकको सोच, शिक्षाको गुणस्तर र नतिजाका कारण संस्थागत विद्यालयमा विद्यार्थीको चाप वढी हुनु र सामुदायिक विद्यालयमा चाप कम हुनु ।
९. विद्यालयमा भौतिक सुविधा कमजोर हुनु ।
१०. बालमैत्री विद्यालयको अवधारणा लागु गर्न नसक्नु ।
११. शैक्षिक सुधारका लागि सरोकारवालाहरुको अपनत्वको अभिवृद्धि गर्नु ।
१२. तहगत रुपमा योग्य र दक्ष प्रधानाध्यापक एवं शिक्षकको व्यवस्था गर्नु ।
१३. प्राबिधिक तथा व्यवसायिक शिक्षाको विकास र विस्तार गर्नु ।

## ३. नीतिको आवश्यकता

नेपालको संबिधानमा उल्लेखित शिक्षा सम्बन्धी मौलिक हकहरुको तथा नीतिको कायान्वयनको लागि स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको शिक्षा सम्बन्धी जिम्मेवारी पुरा गर्न आवश्यक रहेको छ । नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय सन्धि तथा महासन्धि र अन्य कानूनहरुले समेत शिक्षा र विकासका विषयलाई महत्व दिएका छन् । दीगो विकासको लक्ष्य प्राप्ति प्रति नेपाल सरकारले देखाएको प्रतिबध्दता र लक्ष्य नं ४ अनुसार गुणस्तरीय शिक्षा प्राप्त गर्न, शिक्षा क्षेत्रको योजना २०२१-२०३०

का लक्ष्यलाई भेटाउन स्थानीय तहहरुले आफुलाई प्राप्त जिम्मेवारी निर्वाह गर्नु पर्ने हुन्छ । यसलाई मूर्तरुप दिन नेपालको संविधानले स्थानीय सरकारको रुपमा रहेको गाउँपालिकालाई आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धी अधिकार दिएको छ । स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, सामुदायिक सिकाई लगायतका विषयमा स्थानीय नीति तथा कानून बनाउने अधिकार स्थानीय सरकारलाई दिएको छ । साथै गाउँ शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापनको जिम्मेवारी समेत स्थानीय सरकारमा रहेको छ । तसर्थ विपन्न तथा सीमान्तकृत वर्गका बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार र शिक्षामा सबै सहज र समतामुलक पहुँच शैक्षिक अधिकार सुनिश्चित गर्दै गाउँपालिकाको समग्र शैक्षिक अवस्था सुधार ल्याउन एक व्यवहारिक, सान्दर्भिक र नतिजामूखी शिक्षा नीतिको आवश्यकता महशुस गरी करैयामाई गाउँपालिकाले यो नीति कार्यान्वयनमा ल्याएको छ ।

## ४. दीर्घकालीन सोंच

"शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चतताः करैयामाईको समृद्धि, समता र समावेशिता" ।

## ५. लक्ष्य

गुणस्तरीय शिक्षामा विपन्न एवं सीमान्तकृत समुदाय लगायत सबै बालबालिकाहरुको पहूँच सुनिश्चित गर्दै करैयामाई गाउँपालिकाको समग्र शैक्षिक अवस्थामा सुधार गर्ने ।

## ६. उद्देश्यहरु

(१) आधारभूत तह उमेर समूहका सबै बालबाबालिका विद्यालयमा भर्ना भएका हुनेछन् ।
(२) विद्यालय छोड्ने तथा कक्षा दोहोऱ्याउने बालबालिकाको संख्यामा कमी आएको हुनेछ ।
(३) आधारभूत तहका बालबालिकाको सिकाइ उपलब्धीमा सुधार आएको हुनेछ ।
(४) माध्यमिक तह सम्मको शिक्षा र शैक्षिक उपलब्धिमा विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकाको पहुँच वृद्धि भएको हुनेछ ।

## ७. प्रमुख नीतिहरु

(१) यस शिक्षा नीतिलाई गाउँपालिकाको समग्र विकास नीति, आवधिक तथा बार्षिक योजना र बजेटसंग आवद्ध गरिनेछ ।
(२) नीति कार्यान्वयनको लागि शिक्षा क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, विकास साझेदारको सहयोगमा संचालित कार्यक्रम र प्रदेश तथा संघीय सरकारसंग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।
(३) प्रारम्भिक वाल विकास र शिक्षामा सवै वालवालिकाहरुको सर्वसुलभ पहुँच सुनिश्चित गरिनेछ।
(४) विद्यार्थी भर्ना, आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच वृद्धि र शैक्षिक उपलब्धि मापन गर्दा विपन्न र सिमान्तकृत वर्गका बालबालिकालाई आधार मानिनेछ ।
(५) वैकल्पिक विद्यालयहरुको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गरिनेछ ।
(६) शिक्षालाई जीवन उपयोगी,रोजगारीमुलक व्यवहारिक र समय सान्दर्भिक तथा प्रविधिमैत्री बनाउँदै लगिनेछ ।

(७) स्थानीय आवश्यकता र व्यवहारिकतालाई आधार मानी विद्यालय मर्जर गर्ने वा ठूला विद्यालय (Big School) अवधारणा लागु गरिनेछ ।

(८) शिक्षक विकास र व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाइनेछ ।

(९) विद्यालय अनुगमन, निरीक्षण तथा सुपरीवेक्षणलाई गुणस्तरीय तथा नियमित पठनपाठन र शिक्षक पेशागत विकासको पूर्व शर्तका रुपमा लिईनेछ ।

(१०) शिक्षक-विद्यार्थी-अभिभावक समन्वय, विद्यालय व्यवस्थापनमा सुधार र बालमैत्री शिक्षा प्रवर्द्धन गर्दै शैक्षिक सुशासन कायम गरिनेछ ।

(११) करैयामाई गाउँपालिकालाई पूर्ण साक्षर गाउँपालिका घोषणा गरिनेछ ।

(१२) निरन्तर शिक्षा, आजिवन सिकाई तथा जिविकोपार्जन कार्यक्रम सँचालन गरिनेछ ।

(१३) यस गाउँपालिका अन्तर्गत शिक्षा, स्वास्थ्य र कृषि क्षेत्रमा आवश्यक प्राविधिक जनशक्ति तयारीका लागि आवश्यकता अनुसार विद्यार्थी सहायता र प्रोत्साहन कार्यक्रमहरु तर्जुमा गरी लागु गरिनेछ ।

(१४) विद्यालय शान्ति क्षेत्र, हरित र सफा सुघर विद्यालय, सुरक्षित विद्यालय, बालमैत्री विद्यालय, अपांगमैत्री विद्यालय र नमूना विद्यालयको अवधारणा अनुरुप विद्यालयहरुको पूर्वाधार निर्माण गर्दै लगिनेछ ।

(१५) शिक्षक तथा कर्मचारीहरुको तलब भत्ता मासिक रुपमा विद्यालयबाट आवश्यक विवरणहरु, हाजिरी प्रमाणित र तलबी माग फाराम प्राप्त गरी सोझै निजहरुको खातामा निकासा गर्ने प्रबन्ध मिलाइनेछ ।

## ८. रणनीति तथा कार्यनीति

### रणनीति १: प्रारम्भिक बाल विकास केन्द्र/पूर्व प्राथमिक कक्षामा सवै वालवालिकाको पहुँचवृद्धि गर्ने ।

**कार्यनीतिहरुः**

१. विद्यालयमा आधारित बाल विकास केन्द्र (पूर्व प्राथमिक कक्षा) को मापदण्ड तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
२. प्रत्येक सामुदायिक विद्यालयमा कम्तिमा एउटा प्रारम्भिक वाल विकास केन्द्र र कक्षा कोठाको विस्तार गरिनेछ ।
३. आवश्यकता अनुसार समुदायस्तरमा समेत बाल विकास कार्यक्रम संचालन गरिनेछ ।
४. उमेर पुगेका सबै बालबालिकाहरुलाई बालविकास केन्द्रमा भर्ना गरिनेछ ।
५. सामुदायिक विद्यालयका बालविकास केन्द्रमा "रमाउँदै र सिक्दै" अभियान शुरु गरिनेछ ।
६. बाल विकास केन्द्रहरुमा बालमैत्री बसाई व्यवस्थापन, छापामय कक्षाकोठा, उमेर सुहाउदो प्रविधिमैत्री सिकाइ सामाग्रीहरुको व्यवस्था गरिनेछ ।
७. बाल विकास केन्द्रका शिक्षहरुको सुविधा र सेवाका शर्तहरु समयानुकुल वनाई उनीहरुलाई अन्य कक्षाको पठनपाठनमा रोक लगाईनेछ ।
८. वाल विकास केन्द्रका शिक्षकहरुलाई बालविकास सम्वन्धी आधारभूत तथा पुनर्ताजकिय तालिमको व्यवस्था गरिनेछ ।

९. बालबालिकालाई पोषणयुक्त दिवाखाजा र नियमित स्वास्थ्य परीक्षणको व्यवस्थापन गरिनेछ ।
१०. बाल विकास केन्द्रमा भर्ना भएका बालवालिकाका अभिभावकहरुको लागि महिनाको एक पटक अभिभावक शिक्षा संचालन गरिनेछ ।
११. बाल विकास केन्द्रका शिक्षकहरुको द्विमासिक घुम्ति बैठक संचालन गरिनेछ ।
१२. आवश्यकता अनुसार बाल बिकास सहजकर्ताको दरबन्दि मिलान गरिनेछ ।

**रणनीति २: सबै विद्यालय बालमैत्री अवधारणामा संचालन गर्ने ।**

**कार्यनीतिहरु**

१. बालमैत्री बिद्यालयको अवधारणा तथा कार्यान्वयन कार्यविधि तर्जुमा गरी यस अवधारणाको कार्यान्वयन गर्न सबै विद्यालयलाई आवश्यक श्रोत उपलव्ध गराईनेछ ।
२. विद्यालय सुधार योजना, वडा शिक्षा योजना र गाउँपालिका शिक्षा योजना तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरिनेछ ।
३. सबै विद्यालयमा बाल क्लव एवं विद्यालयस्तरीय बाल संजाल गठन गरिनेछ ।
४. अन्तर विद्यालय खेलकुद प्रतियोगिता तथा शैक्षिक सुधार सम्वन्धी अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।
५. सवै विद्यालयमा सावुन, गम्छा, ऐना जस्ता अत्यावश्यक सामग्री सहित छात्र तथा छात्राको लागि अलग-अलग शौचालयको व्यवस्था गरिनेछ ।
६. छात्रा शौचालयमा सेनिटरी प्याडको उपलब्धता र सेनिटरी प्याड विसर्जन गर्ने उपयुक्त व्यवस्था गरिनेछ ।
७. हरेक विद्यालयमा शैक्षिक सामाग्री, फर्निचर, विज्ञान प्रयोगशाला, पुस्तकालय, कम्प्युटर, स्मार्ट बोर्ड, आदि जस्ता शैक्षिक पूर्वाधार र बालमैत्री तथा अपांगतामैत्री भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिनेछ ।
८. कक्षा कोठामा अधिकतम् व्यवहारिक सूचना प्रविधिको प्रयोग गर्दै परम्परागत घोकन्ते तथा शिक्षक केन्द्रित विधिहरूमा परिवर्तन गरी प्रविधिमैत्री र बालमैत्री पठन पाठन गर्ने व्यवस्था मिलाईनेछ ।
९. शिक्षकहरुको क्षमता अभिबृद्धिको रुपमा द्विमासिक घुम्ति बैठक संचालन गरिनेछ ।
१०. बालमैत्री आचार सहिंता लागु गरी दण्ड रहितको शिक्षा सिकाइ सुनिश्चित गरिनेछ ।
११. कक्षाकोठामा बालमैत्री तथा अपाङ्गमैत्री बसाई व्यवस्थापन गरिनेछ ।
१२. छापामय कक्षा र बाल पुस्तकालयको व्यवस्था गरिनेछ ।
**१३.** बालमैत्री विद्यालयको सूचक तयार गरी विद्यालयहरुको मूल्यांकन गरिनेछ र सर्बोत्कृट विद्यालयलाई उचित सम्मान र पुरस्कारको व्यवस्था गरिनेछ ।
१४. शिक्षकहरुको क्षमता अभिबृद्धिको रुपमा दोमासिक घुम्ति बैठक सँचालन गरिने ।
१५. विद्यालयहरुमा आचार सहिँता निर्माण गरि लागु गरि दण्ड रहितको शिक्षा सिकाइ सुनिश्ति गरिने छ
१६. सुरक्षित बसाई व्यवस्थापन -तल्ला कक्षाहरुमा भुई बसाई व्यवस्थापन तथ अन्य बालमैत्री तथा अपाँगमैत्री बसाई व्यवस्थापन गरिने छ ।,

१७. छापामय कक्षाको, बाल पुस्ताकालयको व्यवस्था गरिने छ ।
१८. प्रत्येक बिधालयमा स्वास्थय तथा पोषण कार्यक्रमलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने,
१९. प्रत्येक बिधालयमा स्वास्थय तथा पोषण सहजकर्ताको व्यवस्थापन भएको र तिनको क्षमता अभिबृद्बि भएको हुनेछ ,
२०. बिधालयमा स्वास्थय तथा पोषण कार्यक्रमलाई प्रभावकारी सँचालन तथा व्यवस्थापनको लागी रेजिष्टर व्यवस्थापन, स्वास्थय तथा पोषण सत्रहरु, कार्यगत सिमितिता भएका बालबालिकाहरु जस्तै दृष्टि समबन्धि , बोलाई समबन्धि, सुनाई समबन्धि, शारिरीक कार्यगत सिमितिता पहिचान तथा सहयोगको लागी शिविर वा स्वास्थय कार्यक्रम सँचालन भएको हुनेछ ।
२१. बिधालयमा बालबालिकाको स्वास्थय अवस्थालाई ख्याल गरेर समय समयमा अनिवार्य खोप, डेभोमिन जस्ता औषधिको व्यवस्थापन, आईरन फोलिक एसिड आदिको व्यवस्थापन भएको हुनेछ ,
२२. बिधालयमा नियमित तरिकाले बालबालिकाले हात धुने स्टेशन तथा स्वचछ खानेपानीको व्यवस्थापन भएको हुनेछ ,
२३. बिधालयहरुमा अनिवार्यरुपमा प्राथमिक उपचार बक्सको व्यवस्थापन भएको हुनेछ ,
२४. बिधालयले बार्षिकरुपमा आफनो बिधालयको सँकटासन्नटा तथा क्षमता आँकलन गरेर जलवायु अनुकुलन तथा विपद व्यवस्थापन योजना निर्माण गरेको हुनेछ,
२५. बिधालयले आफनो बिधालयको सँरचनात्मक तथा गैरसँरचनात्मक जोखिमहरुको पहिचान गरेर बिधालयको जलवायु अनुकुलन तथा विपद व्यवस्थापन योजना समावेश गरेको हुनेछ,
२६. बिधालयमा बिधार्थीहरुको विपद जस्तै भुकम्प बाट सुरक्षाको लागी बिधालय स्तरीय कृत्रिम घटना अभ्यास गरेको हुनेछ,
२७. बिधालयले आफनो जलवायु उत्थानशिल तथा विपद व्यवस्थापन योजना लाई समय समयमा अध्याबधिक गरी पालिकासँगको समन्वयमा आर्थिक क्षोत तथा साधनको व्यवस्थापन भएको हुनेछ

**रणनीति ३ः निशुल्क र अनिवार्य आधारभूत शिक्षा तथा गुणस्तरीय माध्यमिक शिक्षा प्रदान गर्ने ।**

**कार्यनीतिहरु**

१. विद्यालय उमेर समूहका सतप्रतिशत बालबालिकालाई विद्यालय भर्ना गरिनेछ ।
२. आधारभूत तहका विद्यार्थी तथा तिनका अभिभावकहरुबाट कुनै पनि प्रकारको शुल्क लिइने छैन ।
३. आधारभूत तथा माध्यमिक शिक्षामा सहकारी, सरकारी र निजी क्षेत्र साझेदारीको अभ्यास शुरु गरिनेछ ।
४. सामुदायिक विद्यालयहरुलाई सर्वसुलभ बनाई सबै बालवालिकालाई अनिवार्य आधारभूत शिक्षा प्रदान गरिनेछ ।
५. बिषयगत शिक्षक उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।
६. शैक्षिक सत्र शुरु हुनु अगावै गाउँपालिकाको शिक्षा शाखाले शैक्षिक पात्रो प्रकाशन गर्नेछ ।

७. सबै सामुदायिक विद्यालयमा एउटै शैक्षिक पात्रो र एकै प्रकारको पाठयोजना लागू गरिनेछ।
८. आधारभूत तह देखिनै अंग्रेजी, गणित, विज्ञान, कम्प्यूटर र नैतिक शिक्षा विषय अनिवार्य गर्ने नीति लिइनेछ।
९. माध्यमिक तहको शिक्षामा विपद् व्यवस्थापन र उत्थानशील पूर्वाधार जस्ता विषयहरूलाई समावेश गरिनेछ।
१०. सबै विद्यालयमा वार्षिक न्यूनतम् १९० दिन पठनपाठन गरिनेछ।
११. विद्यार्थीहरुको सिकाईलाई आधार मानि आवश्यक विषयमा ट्युसन, कोचिङ्ग वा अतिरिक्त कक्षा संचालन गरिनेछ।
१२. प्रत्येक शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका जस्ता सन्दर्भ सामग्रीको अध्ययन गर्ने र पाठयोजना तयार गरी अध्यापन गर्ने व्यवस्था गरिनेछ।
१३. पूर्व प्राथमिक कक्षा र आधारभूत देखि माध्यमिक तहको शिक्षालाई आवद्ध गरी निरन्तर सिकाईको आभास दिलाईनेछ।
१४. विद्यालयमा विद्यार्थीको हाजिरी रेकर्डलाई व्यवस्थित गरी जङ्क फुड पुर्णरुपमा निशेध गरी दिवा खाजा कार्यक्रमलाई प्रभावकारी वनाईनेछ।
१५. नियमित रुपमा कक्षा अवलोकन, नमुना प्रस्तुती तथा शिक्षक अन्तरक्रिया गरी शिक्षकहरुको क्षमता विकास गरिनेछ।
१६. विद्यालयका शिक्षकहरूलाई विषय शिक्षकको रुपमा शैक्षिक डिग्री वा अध्यापन सिप विकास तालिम लिन प्रोत्साहित गरिनेछ।
१७. प्रत्येक सामुदायिक विद्यालयमा आधारभुत शैक्षिक पूर्वाधार र जनशक्तिको व्यवस्था गरिनेछ।
१८. सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुमा कोटा अनुसारको गरीब तथा जेहन्दार विद्यार्थी लाई छात्रवृत्ति अनिवार्य गरिनेछ।
१९. विद्यार्थीहरूको मुल्यांकनमा एकरुपता कायम गर्न गाउँपालिकास्तरीय परीक्षा समिति गठन गरी इकाईगत, त्रैमासिक तथा वार्षिक परीक्षालाई व्यवस्थित गरिनेछ।
२०. विज्ञ टोली गठन गरी प्रश्नपत्र मोडरेशनको जिम्मेवारी दिईनेछ।
२१. हरेक विद्यालयको प्रथम, द्वितीय, तृतीय स्थान हासिल गर्ने विद्यार्थीहरूको उत्तरपुस्तिका संकलन गरी अध्ययन सामग्रीको रुपमा वितरण गरिनेछ।
२२. शिक्षकको सहजीकरणमा विद्यार्थीहरुले समूह कार्य र परियोजना कार्य गरी विषय केन्द्रीत प्रस्तुतीकरण एवं स्वमूल्यांकन गर्ने परिपाटीको विकास गरिनेछ।
२३. विद्यालय भर्ना भएका बालबालिकाको तह अनुसार सिकाइ उपलब्धीमा बृद्धि गरिनेछ।
२४. संस्थागत र सामुदायिक विद्यालय विचको शैक्षिक गुणस्तरको अन्तर कम गर्न दुवै पक्षविच सहकार्य गर्ने व्यवस्था मिलाईनेछ।
२५. शिक्षक मेन्टरिङ्ग र शिक्षक पेशागत विकास कार्यक्रम कार्यान्वयन गरिनेछ
२६. संस्थागत/निजी विद्यालय को व्यवस्थापन सुधार र शैक्षिक गुणस्तर कायम गर्न विद्यालय दर्ता स्विीकृती र नियमित अनुगमन तथा नियमन गरिनेछ।

**रणनीति ४: विद्यार्थीलाई विद्यालयमा टिकाईराख्न विद्यालय-अभिभावक सम्वन्ध विकास गर्ने ।**

**कार्यनीतिहरु:**

१. सामुदायिक विद्यालयका छात्राहरूको विद्यालय छोड्ने र कक्षामा अनुपस्थित हुने दर कम गर्न अभिभावक शिक्षा  कार्यक्रम  संचालन गरिनेछ ।
२. समुदायका अगुवा, अग्रज एवं अनुभवी व्यक्तिहरूको सीप, दक्षता र अनुभव आदान-प्रदान गर्ने विधि सहितको अभिभावक सचेतना कार्यक्रम संचालन गरिनेछ ।
३. विपन्न तथा सीमान्तकृत वर्ग एवं शारिरीक, बौद्धिक तथा मानसिक समस्यामा रहेका विद्यार्थी र  तिनका अभिभावकको लागि समूह लक्षित परिवार सहायता कार्यक्रम लागू गरिनेछ ।
४. विद्यालयमा कक्षागत तथा तहगत रुपमा अभिभावक भेला गरिनेछ ।
५. हरेक महिना विद्यार्थीहरूले गरेका असल कामहरू प्रदर्शन गरी विद्यार्थी र अभिभावकलाई प्रोत्साहन गरिनेछ ।
६. नियमित रुपमा प्रधानाध्यापक, बालक्लव संजाल, शिक्षक र अभिभावकको संयुक्त बैठक/भेला आयोजना गरिनेछ ।
७. बाल क्लवको क्षमता विकास गरी टोल/वस्ती तथा घर-घरमा शैक्षिक जनचेतनामूलक सन्देश एवं सूचना प्रवाह गरिनेछ ।
८. विद्यालय निरन्तरताको लागि बालबालिकाको हाजिर कार्ड लागु गरिनेछ ।
९. आवश्यकता अनुसार तल्लो तहका बालबालिकाका लागि घर सिकाइ क्षेत्र स्थापना गर्न सहयोग गरिनेछ ।
१०. REAL Plan लाई  प्रभावकारी रुपमा लागु गरिनेछ ,
११. बिधार्थीको लागी प्रोत्साहन कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ

**रणनीति ५: विपन्न एवं सीमान्तकृत वर्गका बालबालिका केन्द्रीत आधारभूत तथा माध्यमिक शिक्षा कार्यक्रम संचालन गर्ने ।**

**कार्यनीतिहरु:**

१. विपन्न एवं सीमान्तकृत परिवारको पहिचान गरी अभिलेखिकरण गरिनेछ ।
२. विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकालाई लक्षित गरी विद्यालय भर्ना अभियान संचालन गरिनेछ ।
३. निर्धारित समयमा शिक्षक र विद्यार्थी कक्षा कोठामा उपस्थित हुने, सिकाई सरल र सहज वनाउने र सफल सिकाईको अनुसरण गर्ने व्यवस्था मिलाईनेछ ।
४. दिनभर श्रम गर्ने, बैदेशिक रोजगारीमा जाने र पारिवारिक समस्यामा रहेका अभिभावकका बालबालिकाको सम्पर्कमा रही उनीहरुलाई विद्यालय जान हौसला वढाउने, सिक्ने, सिकाउने प्रकृयामा थप सहजीकरण गर्ने र शैक्षिक सामग्री तथा सहायता उपलब्ध गराउने व्यवस्था सम्बन्धित विद्यालयले मिलाउनेछ ।
५. भिन्न क्षमता भएका बालबालिकालाई सीपमूलक विशेष शिक्षा प्रदान गरिनेछ ।
६. प्राविधिक एवम् व्यवसायिक शिक्षा अध्ययन गर्ने विपन्न तथा सिमान्तकृत वर्गका बालबालिकालाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

७. माध्यमिक तहमा अध्ययनरत सामुदायिक विद्यालयका बालबालिकाको लागि पढ्दै-कमाउँदै एवं कमाउँदै-पढ्दै कार्यक्रम संचालन गरिनेछ ।
८. आधारभूत र माध्यमिक तह उत्तिर्ण हुने विपन्न तथा सीमान्तकृत वर्गका बालबालिका तथा तिनका अभिभावकलाई सम्मान गरिनेछ ।
९. सम्बन्धित साझेदार एवं सहयोगी निकाय र सरोकारवालाहरुसंग समन्वय र सम्वन्ध विकास गरि थप श्रोत जुटाईनेछ ।

**रणनीति ६: बहुभाषा शिक्षा संचालन गरि तल्ला तहका बालबालिकाको सिकाइ उपलब्धीमा बृद्धि गर्ने ।**

**कार्यनीतिहरु**

१. विद्यार्थीहरुलाई स्थानीय आवश्यकता अनुसारको सिप हस्तान्तरण गर्न स्थानीय पाठ्यक्रम ( बहुभाषित शिक्षण सिकाइ) तयार गरी पठनपाठन गरिनेछ ।
२. स्थानीय भाषा (भोजपुरी) सहितको बहुभाषा शिक्षण सिकाइ अभ्यास लागु गरिनेछ ।
३. भाषा विज्ञहरुको एक समिति गठन गरी आधारभूत तह (कक्षा १-८) को स्थानीय पाठ्यक्रम तयार गरिनेछ ।
४. पाठ्यक्रम तथा पाठ्यपुस्तक छपाई गरी निशुल्क वितरण गरिनेछ ।
५. स्थानीय पाठ्यक्रम अनुसार कक्षा संचालनको लागि शिक्षकहरुलाई आवश्यक तालिम दिईनेछ।
६. तोकिएको विधि अनुसार अध्ययन, अध्यापन र परीक्षा संचालन गरी बहुभाषा शिक्षालाई विद्यालय शिक्षाको एक अंगको रुपमा विकास गरिनेछ ।

**रणनीति ७: प्राविधिक शिक्षा र व्यवसायिक तालिममा पहुँच वृद्धि गर्ने ।**

**कार्यनीतिहरु**

१. प्राबिधिक शिक्षा तथा व्यबसायिक सीपको नक्साङ्कन गरी आवश्यकता अनुसार प्राबिधिक शिक्षा तथा व्यबसायिक तालिम/केन्द्रहरु संचालन गरिनेछ ।
२. विद्यालय छोडेका बालबालिकाका लागि प्राविधिक तथा व्यावसायिक शिक्षालाई व्यवस्थित गर्दै मागमा आधारित सीपयुक्त तालिम संचालन गरी स्थानीय रोजगारी तथा स्वरोजगारको अवसर सृजना गरिनेछ ।
३. विद्यालय शिक्षालाई व्यवसायिक तथा सिपमूलक बनाईनेछ ।
४. विद्यालय शिक्षामा निरन्तरता दिन सहयोग पुग्ने गरी माध्यमिक तहका गरिव तथा विपन्न वर्गका विद्यार्थीहरुलाई आयआर्जन कार्यक्रममा आवद्ध गरिनेछ ।
५. प्राबिधिक शिक्षालाई प्रयोगात्मक र व्यवहारिक बनाउन उद्योगी तथा व्यवसायिहरुसंग सहकार्य गरिनेछ ।

**रणनीति ८: विद्यालयमा सुशासन कायम गर्ने ।**

**कार्यनीतिहरु**

१. विद्यालय सुधार योजना तयार गरी नियममित रुपमा विद्यालय संचालन गर्न आवश्यक सहयोग गरिनेछ ।

२. संस्थागत एवं सामुदायिक तर्फका सवल र कमजोर विद्यालय वीच व्यवस्थापन सहकार्यको थालनी गरिनेछ ।
३. विषयगत क्लष्टरको आधारमा सवैभन्दा उत्कृष्ट अंक वा जिपिए हासिल गर्ने गराउने शिक्षक तथा विद्यार्थीलाई वार्षिक रुपमा पुरस्कृत गरिनेछ ।
४. रिक्त स्थानमा शिक्षक, कर्मचारी नियुक्त गर्दा नविनतम् सिप र ज्ञानका सवालहरु समेटेर प्रश्न पत्र तयार गरिनेछ ।
५. यथार्थपरक आय व्यय राख्न अनलाईनमा आधारित लेखा प्रणाली लागू गरी विद्यालयको आय र व्यय पारदर्शी गरिनेछ ।
६. विद्यालयहरुको वार्षिक लेखा परिक्षणको लागि आवश्यक प्राविधिक सहयोग गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुले आम्दानि तथा खर्चको विवरण आफ्नो वेबसाईटमा राखी यसलाई अध्यावधिक गर्ने अनिवार्य व्यवस्था गरिनेछ ।
८. विद्यालयको वडापत्र तयारी, सामाजिक परिक्षण, प्रधानाध्यपक-शिक्षक-विद्यार्थी अन्तरक्रिया जस्ता सामाजिक जवाफदेहिता सम्वन्धी कार्यहरु संचालन गरिनेछ ।
९. बिधालय नक्शाँकनको आधारमा विद्यार्थी संख्या कम भएका विद्यालयलाई नजिकैको विद्यालयमा मर्ज गरी शिक्षक-विद्यार्थी अनुपात मिलान गरिनेछ ।
१०. मर्ज भएका विद्यालयको भवन तथा अन्य पुर्वाधारलाई पुस्तकालय, अध्ययन केन्द्र, बाल क्लव/बाल संजालको कार्य कक्ष जस्ता उपयोगी कार्यमा प्रयोग गरिनेछ ।
११. बालमैत्री घोषणा भएका विद्यालयलाई सम्मान र पुरस्कृत गरिनेछ ।
१२. आधारभूत तहमा सिकाई दर वृद्धि गर्न प्रधानाध्यापक, शिक्षक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई जवाफदेही वनाईनेछ ।
१३. विद्यालयमा अध्ययनरत बालबालिकाका अभिभावक मात्र रहने गरी तोकिएकै समय र विधि अनुसार विद्यालय व्यवस्थापन समिति गठन/पुनर्गठन गरिनेछ ।
१४. विद्यालय व्यवस्थापन समितिमा बालक्लव/संजाल बाट कम्तिमा १ जना छात्रा सहित २ जना बालबालिका लाई आमन्त्रित सदस्य को रुपमा राखिनेछ ।
१५. अभिभावक-शिक्षक संघको नियमानुसार गठन तथा पुर्नगठन गरि सक्रिय भूमिका सुनिश्चित गरिनेछ ।
१६. बिधार्थी र शिक्षकको ड्रेसकोड प्रभावकारी कार्यान्वयन गरिनेछ ।
१७. शिक्षकहरुको कार्यसम्पादन मूल्यांकन र विद्यार्थीहरुले हासिल गरेको सिकाइ उपलब्धीको आधारमा शिक्षक तथा प्रधानाध्यापकलाई दण्डित र पुरस्कृत गरिनेछ ।

**रणनीति ९: विद्यालय व्यवस्थापन समितिको कामलाई प्रभावकारी वनाउने ।**

**कार्यनीतिहरु**

१. विद्यालय व्यवस्थापन समितिको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
२. विद्यालय व्यवस्थापन समितिको न्यूनतम् द्विमासिक बैठक बसि शैक्षिक सुधार सम्बन्धीका कार्यहरु गरिनेछ ।
३. छिमेकी स्थानीय तहका विद्यालय व्यवस्थापन समिति र अभिभावकवीच अन्तरक्रिया तथा अनुभव आदानप्रदान गरी साझा समस्या समाधानका लागि सहकार्य गरिनेछ ।

४. विद्यालय संचालन, गुणस्तर वृद्धि तथा नतिजामा सुधार गर्ने सवालमा विद्यालयको प्रधानाध्यापकलाई थप अधिकार तथा जिम्मेवारी दिइनेछ ।
५. तोकिएको जिम्मेवारी पुरा गर्न नसकेका शिक्षक, कर्मचारीहरूलाई निश्चित सेवा सुविधा दिई स-सम्मान विदा गर्ने नीति अवलम्बन गरिनेछ ।
६. विद्यालय व्यवस्थापन समितिका पदाधिकारी तथा सदस्यहरुलाई विद्यालयको नियमित अनुगमन तथा सुपरिवेक्षण गर्न प्रोत्साहन गरिनेछ ।
७. सामुदायिक विद्यालयहरुको समग्र पक्षहरुको सशक्तिकरण र सुदृढीकरणका लागि सरोकारवालाहरुलाई जिम्मेवार र जवाफदेही बनाउन "हाम्रो विद्यालय राम्रो विद्यालय", "मेरो विद्यालय मेरो दायित्व" जस्ता अभियानहरु संचालन गरिनेछ ।

**रणनीति १०: अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने ।**

**कार्यनीतिहरु**

१. सामुदायिक तथा संस्थागत विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धी गर्न न्यूनतम् चौमासिक रुपमा अनुगमन र वार्षिक रुपमा मूल्यांकन गरिनेछ ।
२. अनुगमन तथा मूल्यांकन समिति/टोली/व्यक्ति वा अन्य कुनै संयन्त्र गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।
३. अनुगमन तथा मूल्यांकनको लागि विपन्न एवं सीमान्तकृत वर्गका बालबालिकाको आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धी विषय समेत समेटीएको चेकलिष्ट (फारम) तयार गरिनेछ ।
४. अनुगमन तथा मूल्यांकनकर्ताले सोही चेकलिष्ट वमोजिमको सूचनाका आधारमा सुझाव सहितको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
५. गाउँ कार्यपालिकाले अनुगमन तथा मूल्यांकन प्रतिवेदन अध्ययन गरी उपयुक्त ठानेको सुझावहरु कार्यान्वयन गर्ने, गराउनेछ ।

## ९. नीति मूलप्रवाहीकरण

यस शिक्षा नीतिलाई गाउँपालिकाको समग्र शासकीय प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ । नीतिका कतिपय प्रावधानहरु अन्य विषय क्षेत्रहरुसंग समेत सम्बन्धित रहेको अवस्थामा यस नीतिलाई अलग्गै रुपमा हेर्न सकिदैन । तसर्थ गाउँपालिकाको आवधिक तथा वार्षिक योजना, बजेट, अन्य नीति र संस्थागत संरचनाहरुमा समेत यसलाई एकीकृत र मूलप्रवाहीकरण गरिनेछ ।

## १०. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनमा सहजीकरण गर्न देहायको समिति गठन गरिनेछ । नीति कार्यान्वयनमा यस समितिको प्रमुख भूमिका रहनेछ । समितिले कार्यपालिका र सम्वन्धित निकाय संग समन्वय, योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने कार्य गर्नेछ । नीति कार्यान्वयनको सिलसिलामा विद्यालयस्तरमा हुने गतिविधिको अनुगमन, समन्वय र प्रतिवेदन सम्बन्धी कार्य समेत यस समितिले गर्नेछ ।

**नीति कार्यान्वयन सहजीकरण समिति गठनः**

- सामाजिक विकास समितिका संयोजकः संयोजक
- प्रमुख प्रशासकीय अधिकृतः सदस्य
- गाउँपालिकाका शिक्षा शाखा प्रमुखः सदस्य सचिव*(नोटः समितिले आवश्यकता अनुसार विज्ञ र साझेदार संस्थाका प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ)* ।

## ११. वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनको लागि गाउँपालिकाले आफ्नै श्रोत तथा साधनको परिचालन गर्नेछ । आवश्यक योजना एवं बजेटको व्यवस्था गरिनेछ । तापनी नीति तथा कानूनी व्यवस्था कार्यान्वयनको लागि आवश्यक मानव संसाधन विकास, वित्तीय व्यवस्था र संस्थागत क्षमता विकासका लागि गाउँपालिकाको श्रोत, साधन पर्याप्त नरहेको अवस्थामा संघ तथा प्रदेश सरकार एवं मातहतका निकाय, गैर सरकारी संस्था एवं अन्य साझेदार निकायहरुको सहयोग प्राप्त गर्न सकिनेछ ।

## १२. साझेदार निकायको भूमिका

संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई समेत सघाउ पुग्नेगरी करैयामाईगाउँपालिकाको शिक्षा नीति कार्यान्वयन गरिनेछ । यो नीति कार्यान्वयनमा सघाउ पुऱ्याउनु सम्बन्धित सबै सरोकारवाला र साझेदार निकायको कर्तव्य हुनेछ । मूलतः प्रमुख साझ्ेदार निकायको भूमिका देहाय बमोजिम हुनेछ ।

**(क) करैयामाई गाउँपालिकाः** नीति कार्यान्वयनको प्रमुख जिम्मेवारी करैयामाई गाउँपालिकाले लिनेछ। नीति कार्यान्वयनको लागि कानूनी व्यवस्था मिलाउने, योजना तर्जुमा गरी बजेटको व्यवस्थागर्ने, नीति कार्यान्वयनको लागि गाउँपालिका मातहतका कर्मचारी तथा विद्यालय लगायतका संस्थागत संयन्त्रहरु परिचालन गर्ने, नीति कार्यान्वयनको लागि वातावरण निर्माण गर्ने र नीति कार्यान्वयनको अनुगमन, नियमन, समीक्षा र मूल्यांकन सम्बन्धी कार्यहरु गाउँपालिकाले गर्नेछ । संघीय तथा प्रदेश सरकार, छिमेकी स्थानीय तह, बारा जिल्लामा रहेका संघ तथा प्रदेश सरकार मातहतका कार्यालय वा निकाय, जिल्ला समन्वय समिति, विकास साझेदार, गैर सरकारी संस्था, विद्यालय र निजी क्षेत्रसंग समन्वय गर्ने र आवश्यकता अनुसार सहकार्य गर्ने जिम्मेवारी समेत गाउँपालिकाको हुनेछ ।

**(ख) विद्यालयः**करैयामाई गाउँपालिका भित्र संचालित सबै सामुदायिक तथा संस्थागत विद्यालयहरुले यो नीति अवलम्वन गर्नेछन् । नीति कार्यान्वयनको लागि विद्यालय तहवाट गरिनुपर्ने कार्यहरु सम्पन्न गर्ने र गाउँपालिकाले निर्देश गरे वमोजिमका थप कार्य गर्ने वा कार्यक्रम संचालन गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक र कर्मचारीहरुको हुनेछ ।

**(ग) नेपाल सरकार र मधेश प्रदेश सरकारः** गाउँपालिकाले प्राथमिकता तोकेको विषयलाई सघाउ पुग्ने गरी आ-आफ्नो अधिकार क्षेत्रका नीति तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्ने । नीति कार्यान्वयनमा सघाउ पुऱ्याउन मातहतका निकायको सहयोग उपलव्ध गराउने ।

**(घ) विकास साझेदार र गैर सरकारी संस्थाः**यो नीतिलाई सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गर्ने । नीति कार्यान्वयनमा गाउँपालिका र विद्यालयले माग गरेको प्राविधिक र आर्थिक सहयोग उपलव्ध गराउने र आ-आफ्ना योजना तथा कार्यक्रम संचालन गर्दा गाउँपालिका संग समन्वय गर्ने ।

## कानूनी व्यवस्था

प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही करैयामाई गाउँपालिकाले गाउँ पालिका शिक्षा ऐन र तत् विषयका कार्यविधि, निर्देशिका तर्जुमा लगायतका कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ । आवश्यक कार्यविधि कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार साझेदार संस्थाहरुको सहयोग साथै बालबालिका र तिनका अभिभावक लगायत सरोकारवाला निकायको सहभागिता सुनिश्चित गरिनेछ ।

## १३. अनुगमन तथा प्रतिवेदन

नीति कार्यान्वयनको प्राथमिक अनुगमन, सुपरीवेक्षण र प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको शिक्षा शाखाको हुनेछ । गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले योजना तथा कार्यक्रमका अलावा यस नीति कार्यान्वयन र उपलब्धिका वारेमा अध्ययन, अनुगमन र सुपरीवेक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ । आवश्यकता अनुसार जिल्ला समन्वय समिति, गाउँपालिकाको सामाजिक विकास समिति, शिक्षा समिति र गाउँपालिका अध्यक्ष लगायतका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत र तोकिएका कर्मचारी तथा विज्ञले समेत नीति कार्यान्वयनको अनुगमन गरी कार्यपालिकालाई आवश्यक सुझाव दिन सक्नेछन् ।

## १४. अपेक्षित नतिजा/उपलब्धी

१. गाउँपालिकाभरका सबै विद्यालय बालमैत्री अवधारणा अनुसार संचालन भएका हुनेछन् ।
२. विद्यार्थी भर्ना दर शतप्रतिशत हुनेछ ।
३. कक्षा छोडने दर तीन प्रतिशत र कक्षा दोहोऱ्याउने दर पाँच प्रतिशत भन्दा कम हुनेछ ।
४. सिकाई उपलब्धीमा उल्लेख्य वृद्धि भएको हुनेछ ।
५. विपन्न एवं सीमान्तकृत वर्गका न्यूनतम् ७० प्रतिशत बालबालिकाले माध्यमिक तहको शिक्षा पुरा गर्नेछन् ।

## १५. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन

यो नीति कार्यान्वयनको वार्षिक रुपमा समीक्षा गरिनेछ । समीक्षावाट देखिएको अवस्था बारेमा शिक्षा शाखाले सुधार र अबलम्बनका कार्यहरु गर्नेछ । नीति कार्यान्वयनका लागि आवश्यक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको वार्षिक योजनामा समावेश हुनेछ । नीति कार्यान्वयनको पाचौं वर्षमा स्वतन्त्र पक्षवाट मूल्यांकन गरिनेछ । मूल्यांकनवाट प्राप्त सुझावहरुको आधारमा नीतिमा सुधार गर्ने, निरन्तरता दिने वा नयाँ नीति तर्जुमा गर्ने निर्णय कार्यपालिकाले गर्नेछ ।

## १६. नीति कार्यान्वयन कार्य योजना

| क.सं | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको शिक्षा नीति अनुमोदन गर्ने | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ माघ मसान्त | |
| २ | गाउँपालिकाको शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति गठन | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ फागुन | |
| ३ | बालमैत्री विद्यालय कार्यविधि निर्माण | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका बैठक | २०८१ चैत्र मसान्त | |
| ४ | संस्थागत विद्यालयको लगत अध्यावधी गर्ने | शिक्षा शाखा | विद्यालय | गाउँपालिका | २०८१ चैत्र | गरीब तथा जेहन्दार विद्यार्थी छात्रवृति सुनिश्चित |
| ५ | लक्षित समूह सहायता कार्यक्रम संचालन | शिक्षा शाखा | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | सबै वडा | २०८२ बैशाख | |
| ६ | विपन्न तथा सीमान्तकृत वर्ग पहिचान | विद्यालय | शिक्षा शाखा | कार्यपालिका बैठक | २०८२ बैशाख | |
| ७ | विद्यालय व्यवस्थापन समिति गठन/पूनर्गठन | कार्यपालिका | शिक्षा शाखा | विद्यालय | २०८२ बैशाख देखि नियमित | बाल संजालको प्रतिनिधि थप्ने |
| ८ | विद्यालय सुधार योजना तर्जुमा | सबै विद्यालय | शिक्षा शाखा | विद्यालय | २०८२ बैशाख | |
| ९ | प्रत्येक विद्यालयमा बाल क्लव तथा बाल संजाल गठन/पुनर्गठन | विद्यालय | सामाजिक विकास शाखा | सबै विद्यालय | २०८२ बैशाख देखि निरन्तर | |
| १० | बाल क्लव क्षमता विकास विकास कार्यक्रम | सामाजिक विकास शाखा | विद्यालय | विद्यालय | २०८२ बैशाख देखि निरन्तर | |
| ११ | विद्यालय अनुगमन चेकलिष्ट (फारम) तयारी | शिक्षा शाखा | अनुगमन समिति | कार्यपालिका | २०८२ बैशाख | |
| १२ | वडा शिक्षा योजना तर्जुमा | सबै वडा | शिक्षा शाखा | वडा | २०८२ असार मसान्त | |

| क्र.सं | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १३ | नीति कार्यान्वयन बजेट तर्जुमा | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | शिक्षा शाखा | कार्यपालिका | गाउँपालिकाको वार्षिक योजना तर्जुमाको समय | |
| १४ | गाउँपालिका शिक्षा योजना तर्जुमा | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२ भदौ | |
| १५ | अभिभावक सहायता कार्यक्रमको निर्देशिका तयारी | कार्यपालिका | शिक्षा समिति | कार्यपालिका | २०८२ भदौ | |
| १६ | माध्यमिक तहमा पढ्दै-कमाउँदै र कमाउँदै-पढ्दै कार्यक्रम तर्जुमा | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ असोज | |
| १७ | साझेदार एवं सहयोगी निकायको बैठक | कार्यपालिका | शिक्षा नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | चौमासिक | |
| १८ | पूर्ण साक्षर गाउँपालिका अभियान संचालन | शिक्षा शाखा | कार्यपालिका, विद्यालय | घरपरिवार | निरन्तर | |
| १९ | बाल विकास केन्द्रको कक्षा कोठा सुधार | विद्यालय | शिक्षा शाखा | बाल विकास केन्द्र | २०८२/८३ देखि निरन्तर | |
| २० | बाल विकास केन्द्रका शिक्षकहरुको द्विमासिक घुम्ति बैठक | बाल विकास केन्द्र | शिक्षा शाखा | बाल विकास केन्द्र | २०८२ साउन देखि | |
| २१ | अतिरिक्त क्रियाकलाप संचालन | विद्यालय | व्यवस्थापन समिति | विद्यालय | साप्ताहिक | |
| २२ | शिक्षकहरुको द्विमासिक घुम्ति बैठक | प्रधानाध्यापक | शिक्षा शाखा | विद्यालय | २०८२ साउन देखि | |
| २३ | बालमैत्री आचार सहिंता निर्माण | कार्यपालिका | विद्यालय | कार्यपालिका | २०८२ असोज | |
| २४ | शैक्षिक पात्रो प्रकाशन | शिक्षा शाखा | विद्यालय | विद्यालय | शैक्षिक सत्र शुरु हुनु अगावै | |
| २५ | ट्युसन, कोचिङ्ग वा अतिरिक्त कक्षा संचालन | विद्यालय शिक्षक | प्रधानाध्यापक | विद्यालय | निरन्तर | |
| २६ | कक्षा अवलोकन, नमुना प्रस्तुती तथा शिक्षक अन्तरक्रिया | प्रधानाध्यापक | शिक्षक | कक्षा कोठा | २०८२/८३ देखि निरन्तर | |

| क्र.सं | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| २७ | लक्षित परिवार सहायता कार्यक्रम | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२/८३ देखि निरन्तर | |
| २८ | प्रधानाध्यापक, बालक्लव संजाल, शिक्षक र अभिभावकको संयुक्त बैठक/भेला | प्रधानाध्यापक | व्यवस्थापन समिति | विद्यालय | २०८२/८३ देखि निरन्तर | |
| २९ | भाषा विज्ञहरुको समिति गठन र स्थानीय पाठ्यक्रम तयारी | कार्यपालिका | शिक्षा शाखा | कार्यपालिका | २०८२ मंसिर | |
| ३० | प्रधानाध्यपक-शिक्षक-विद्यार्थी अन्तरक्रिया | प्रधानाध्यापक | शिक्षक | विद्यालय | २०८२/८३ देखि निरन्तर | |
| ३१ | विद्यालय अनुगमन | अनुगमन समिति | शिक्षा शाखा | विद्यालय | चौमासिक | |

# करैयामाई गाउँपालिकाको
# कृषि विकास नीति, २०८१

<u>कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/१०/२८ गते</u>

<u>राजपत्रमा प्रकाशित मितिः २०८१/१०/२९ गते</u>

## १. पृष्ठभूमि

नेपालको संविधान अनुसार प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने तथा प्रत्येक किसानलाई कानून बमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बीउ बिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुनेछ। यस्तै प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने एवं आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने हक हुने व्यवस्था समेत संविधानले गरेको छ। संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्नु, गराउनु गाउँपालिकाको समेत जिम्मेवारी हो। कृषि (कृषि तथा पशुपालन) विकासको प्रशस्त सम्भावना भए तापनी वित्तीय तथा मानवीय श्रोत तथा क्षमता कमजोर रहेको र प्रविधि हस्तान्तरणमा समेत उचित पहुँच नभएका कारण करैयामाई गाउँपालिकाको प्रयासका बावजुत कृषि विकास, खाद्य सुरक्षा, पोषण र गुणस्तरीय कृषिजन्य उत्पादनका क्षेत्रमा उल्लेख्य कार्य गर्न सकिएको छैन।

लोकतान्त्रित सरकारद्वारा नागरिकको सर्वोत्तम हितलाई केन्द्रमा राखी सार्वजनिक जवाफदेहीता, उत्तरदायित्व, अधिकार र कर्तव्यबोधका साथ जारी गरिएका योजना कार्यान्वयनमा ल्याउन गरिएको प्रतिबद्धता सार्वजनिक नीति हो। करैयामाई गाउँपालिकाले यसलाई सार्वजनिक सेवा प्रवाहको मुख्य अवधारणाको रुपमा लिएको छ। नागरिकको सबैभन्दा नजिकको सरकार गाउँपालिका हो। यसर्थ नागरिकका समस्या, आवश्यकता र चाहनाहरुको उचित व्यवस्थापन गर्नु गाउँपालिकाको प्रमुख जिम्मेवारी हो।

बारा जिल्लामा विद्यमान १६ स्थानीय तहहरु मध्ये करैयामाई गाउँपालिका जिल्लाको उत्तरपूर्व भागमा अवस्थित रहेको छ। मधेश प्रदेशको बारा जिल्ला अन्तर्गत समतल भु-भागको विशेषता बोकेको यो गाउँपालिकाका मानिसहरु प्राय कृषि पेशामा आश्रित छन्। यहाँ प्रमुख रुपमा धान, मकै, गहुँ, उखु जस्ता बालीहरुको खेती गरिन्छ। मिश्रित जातजाती बसोबास रहेको यस गाँउपालिकाको मुख्य बोलीचालीको भाषा भोजपुरी रहेको छ। समुन्द्र सतहबाट करिब ८८ देखि ११७ मिटर सम्मको उचाईमा रहेको र भौगोलिक अवस्थितिका हिसाबले २६ डिग्री ५८ मिनेट ० सकेण्ड देखि २७ डिग्री ४ मिनेट ५१ सेकेण्ड उत्तरी अक्षांश र ८५ डिग्री ३ मिनेट ४ सेकेण्ड देखि ८५ डिग्री ८ मिनेट १३ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ। मधेश प्रदेशको बारा जिल्लामा पर्ने साविकका ६ वटा गाविसहरु समावेश गरी निर्माण

गरिएको यस करैयामाई गाउँपालिकामा ८ वटा वडाहरु रहेका छन् । यस गाउँपालिकाले भौगोलिक तथा सामाजिक समावेशीतालाई आधार मानी आफ्ना सेवाहरुको विकास तथा विस्तार गर्दै आएको छ ।

करैयामाई गाउँपालिकाले कृषि लगायतका विषयगत क्षेत्रमा रहेका समस्या समाधान गरी लक्षित नतिजा हासिल गर्न योजनाबद्ध विकासको अभ्यास गरिरहेको छ । सहभागितामूलक विधि अबलम्वन गरी संचालन गरिने यो प्रक्रियालाई निरन्तरता दिने गाउँपालिकाको प्रतिवद्धता रहेको छ । विपन्न र सीमान्तकृत वर्ग लगायतका कृषक र आम नागरिकले भोग्नु परेको समस्या हटाई व्यवहारिक एवं प्रविधिमैत्री कृषि क्षेत्रको विकास गर्न बनाईएको यो कृषि नीति स्थानीय कृषि विकास नीति हो । कृषिको व्यवसायिकरण, उत्पादन वृद्धि, बजारीकरण र विपन्न एवं सिमान्तकृत वर्ग लगायत सम्पूर्ण किसानहरुको आम्दानीमा वृद्धि गर्न सकारात्मक सोँच र प्रतिवद्ध अठोटको आधारमा कार्ययोजना सहित अगाडि जाने स्थानीय कृषि विकास कार्यक्रम स्थानीय कृषि विकास नीति हो । तर, यस प्रकारको नीतिको अभावमा यस गाउँपालिकाले कृषिको विकासमा अपेक्षित नतिजा हासिल गर्न सकिरहेको छैन । यसै सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (२) (ण) ले दिएको अधिकार प्रयोग गरी करैयामाई गाउँपालिकाले यो “कृषि विकास नीति” २०८१ जारी गरेको छ । नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनु सम्वन्धित सबै पक्षको जिम्मेवारी हुनेछ ।

## २. विद्यमान अवस्था

राष्ट्रिय जनगणना २०७८ अनुसार कूल ५०५१ घरधुरी रहेको यस गाउँपालिकाको कूल जनसंख्या २९१६५ छ । जसमा महिला १४५१४ र पुरुष १४६५१ रहेका छन् । कूल जनसंख्या मध्ये १४४५९ (करिव ५० प्रतिशत) मानिसहरु आर्थिक रुपले सक्रिय (२० देखि ५९ वर्ष उमेर समूह) रहेका छन् । यसमध्ये ६० प्रतिशत (करिव ८६७५ जना) जनसंख्या कृषि पेशामा संलग्न हुन सक्ने सम्भावना रहन्छ । तराईको समथल भूमिमा रहेर पनि यस करैयामाई गाउँपालिकामा अधिकांस साना किसान रहेका छन् भने वहुसंख्यक जमिन सिमित वर्गको स्वामित्वमा रहेको छ । साना किसानसंग प्रति परिवार सरदर ५-७ कट्ठा जमिन छ । यहाँ उनीहरुले धान, गहुँ, मकै, तरकारी लगायतको खेती गर्ने गरेका छन् भने थोरै संख्यामा बाख्रा, गाई, भैसी पाल्ने गरेका छन् । यहाँका सुकुम्वासी, विपन्न र सिमान्तकृत वर्गका कृषकहरुले जग्गाधनीसँग अधियाँ/बटैया, कुत तोकि खेती गर्ने गरेका छन् ।

कृषि विकासको लागि सोलार मार्फत सिँचाई सुविधा विस्तार गर्ने, समयमा विउविजन र मलखाद उपलब्ध गराउने, किसानलाई कृषि व्यवसाय प्रति आकर्षित गर्न कृषि प्रसार र प्राविधिक सहयोग विस्तार गर्ने, दुध र मासुको लागि पशुपालन गर्ने, कृषि उद्यमको विकास र यसको प्रवर्द्धन गर्ने जस्ता विषय गाउँपालिकाको प्राथमिकतामा रहेका छन् । सिंचाईको लागि सीमित मात्रामा विद्युत सेवा उपलव्ध हुने गरेको छ र साना किसानले प्रयोग गर्ने विद्युतमा ५० प्रतिशत अनुदान दिने गरिएको छ । गरिव, विपन्न र सिमान्तकृत वर्गका किसानहरुलाई केही गैर सरकारी संस्थाहरुवाट कृषि सम्बन्धी सिप विकास तालिम दिई उनिहरुलाई

केही उन्नत विउ र अन्य कृषि सामग्रीहरु दिने गरिएको छ । दलित र महिलाका लागि सिपमूलक व्यवसायिक तालिम दिन शुरु गरिएको छ । गाउँपालिकाको सम्पर्कमा आउने किसानहरुलाई कृषि, पशुपालन र उद्यम व्यवसाय सम्बन्धी प्राविधिक सहयोग उपलव्ध गराउने गरिएको छ। तर उपयुक्त नीति तथा योजना र पर्याप्त प्राविधिक जनशक्ति नहुदा गाउँपालिकाको सोँच र प्राथमिकतालाई व्यवहारमा उतार्न कठिन भएको छ ।

स्थानीय सहकारी संस्था मार्फत मल र विउ आपूर्ति हुने व्यवस्था गरिएको भए तापनि सहकारी संस्था मार्फत वितरण हुने मल, बिउ एकै पटक ठूलो मात्रामा खरिद गर्नुपर्ने र भण्डारणमा समेत समस्या रहने हुदा अधिकांश साना किसानले बजारबाट खरिद गर्ने गरेका छन् । कृषि पकेट क्षेत्रको विकास हुन सकेको छैन, माटो परीक्षण गरिएको छैन र प्रविधिक सल्लाह कमै लिने गरिएको छ । व्यवसायिक कृषि तथा पशुपालन गर्ने कृषकहरूलाई महामारीको बेला गाउँपालिकाबाट रोग तथा किरा नियन्त्रण र पशु उपचारका लागि प्राविधिक सेवा दिने गरेको छ । अन्य समयमा एग्रोभेट मार्फत निजी क्षेत्रबाट सेवा आपूर्ति गर्ने गरिएको छ । पशु बिमा कार्यक्रम संचालन गरिएको छ तर कृषि बिमाको अभ्यास छैन । गैर सरकारी संस्था मार्फत विपन्न र सिमान्तकृत वर्गका केही किसानहरुले जलवायु अनुकुलन खेती प्रवर्द्धका लागि सहयोग प्राप्त गरेका छन् । साथै साना किसानलाई जग्गा भाडामा खेती गर्ने व्यवस्था गरी बिउ, विजन औजार र कीटनाशक औषधि वितरण गरिएको छ । केही गैर सरकारी संस्थावाट सुकुम्वासी, विपन्न र सिमान्तकृत वर्गका किसानहरुलाई कृषि अनुदान दिने गरिएको छ । यस्तै गाउँपालिकाबाट स्प्रेयर, साना मोटर र रोटाभेटरमा अनुदान दिने व्यवस्था गरिएको छ ।

कृषक समूहका प्राय सबै सदस्यहरुले आधारभूत तहको कृषि तालिम प्राप्त गरेका छन् । यसमा स्थानीय गैर सरकारी संस्था र विकास साझेदारहरुको सहयोग रहेको छ । आसमान नेपालको सहयोगमा विपन्न र सिमान्तकृत वर्गका किसानहरुले पाँच-पाँच कट्ठाको दरले ताजा तरकारी खेती गरिरहेका छन् । उत्पादित तरकारी लौतन, ततेरिया, नरही, उब्जन लगायतका स्थानीय बजारमा बिक्रि भैरहेको छ । गाउँपालिकाले आफ्नो वार्षिक कार्यक्रम अनुसार सिप विकास तालिम, कृषक समूह क्षमता विकास तालिम र कृषि प्रसार सम्बन्धी कार्यहरु गर्दै आएको छ । तालिम प्राप्त किसानहरुले आफ्नो क्षमता अनुसारको कृषि कर्म गरेका छन् । अधिकांस कृषकहरु उन्नत हाइब्रिड जातको विउको प्रयोग गर्ने गर्दछन् । गाउँपालिकाले स्थानीय रैथाने जातको बिउ संरक्षणको कार्यक्रम संचालन गरेको छैन तर किसानहरु आफैले आफ्नो प्रयोगको लागि बासमती धानको संरक्षण गरेका छन् । कृषि उपज संकलन केन्द्रको व्यवस्था र स्थानीय हाट बजार सक्रिय रहेको कारण कृषकहरुले बजारको समस्या भोग्नु परेको छैन । बजारको राम्रो सुविधा भएर पनि निर्वाहमुखी खेती प्रणालीका कारण बजारको माग अनुसारको परिमाण र गुणस्तर नहुदा अपेक्षाकृत रुपमा कृषकको आम्दानी वृद्धि हुन सकेको छैन । सफल र उत्कृष्ट कृषकहरूलाई पुरस्कृत गर्ने व्यवस्थालाई गाउँपालिकाले एक अनुकरणीय कार्यको रुपमा लिएको छ । स्वरोजगार सृजनामा कृषि क्षेत्रका अलाव गैर कृषि क्षेत्रलाई समेट्दै सम्भावित उद्यमीहरुलाई लुगा सिलाउने, जुत्ता वनाउने, मिठाई वनाउने र अगर बत्ती उत्पादन सम्बन्धी तालिम दिईएको छ ।

## ३. अवसर र चुनौती

### ३.१ अवसर

१. नेपालको संविधानले कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी,कृषक समुह, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण सम्बन्धी अधिकार गाउँपालिकालाई प्रदान गर्नु ।
२. कानूनी व्यवस्था अनुसार कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन सम्बन्धी अधिकार गााँउपालिकालाई हुनु ।
३. संगठन संरचना र संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने अधिकार गाउँपालिकालाई हुनु ।
४. गाउँपालिका क्षेत्रमा सरकारी, गैर सरकारी, सहकारी र निजी क्षेत्रका संघ, संस्था तथा निकायहरु क्रियाशिल रहनु ।
५. कृषि विकासको लागि उपयुक्त हावापानी, समथल एवं उर्वर खेतीयोग्य जमिन र बजार नविजकमा रहनु ।
६. नेपाल सरकारको कृषि नीतिले कृषि अनुदान तथा प्राविधिक सहयोगलाई प्राथमिकतामा राख्नु ।

### ३.२ चुनौती

१. गाउँपालिकासंग श्रोत, साधन र क्षमता पर्याप्त नहुनु ।
२. कृषि प्राविधिकको कमी रहनु ।
३. परम्परागत सिप र प्रविधिको संरक्षण नहुनु तथा नविनतम् कृषि प्रविधि हस्तान्तरण हुन नसक्नु ।
४. कृषिको ज्ञान र सीप विकासका लागि डिजिटल प्रविधिमा विपन्न र सिमान्तकृत वर्गका किसानको पहुँच नहुनु ।
५. युवा जनशक्तिलाई कृषि पेशाप्रति आकर्षण गर्न नसक्नु ।
६. पर्यावरण अनुकूलन कृषि प्रणाली अवलम्वन गर्न नसक्नु ।
७. कृषि प्रसार र कृषक समूह क्षमता विकास कार्यक्रम प्रभावकारी नहुनु ।
८. समयमै गुणस्तरीय बीउ, मल लगायतका कृषि सामग्री उपलव्ध नहुनु ।
९. कृषिलाई व्यवसायिकरण गर्न नसक्नु ।
१०. कृषि उद्यमी विकास गर्न नसक्नु ।
११. कृषिलाई मर्यादित र मुनाफामुलक व्यवसायको रुपमा लिन नसक्नु ।
१२. कृषि उत्पादनको राम्रो बजारीकरण नहुनु र कृषकले उचित मूल्य नपाउनु ।
१३. प्राकृतिक तथा मान सृजित विपद्का घटनाहरु भइरहनु ।
१४. विपन्न र सिमान्तकृत वर्ग संग आफ्नो स्वामित्वमा खेतीयोग्य जमिन नहुनु/कम हुनु र भाडाको जमिनमा खेती गर्ने उचित व्यवस्था नहुनु ।
१५. कृषि तथा पशु बिमा कार्यक्रममा किसानको पहुँच कम हुनु ।
१६. सिंचाइको अभाव हुनु

## ४. नीतिको आवश्यकता

नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अधिकारको सूची दिईएको । यस सूचीमा कृषि प्रसार, कृषि उत्पादन, पशु स्वास्थ्य, कृषि बजारीकरण, सहकारी, कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण जस्ता कार्यहरु रहेका छन् । यसैगरी अनुसूची संविधानको ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची दिईको छ जसमा कृषि क्षेत्र समावेश छ । स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार दिईएको छ र यस दफाको उपदफा (२) (ण) मा कृषि, पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी सम्बन्धी कार्यहरु उल्लेख गरिएको छ । यसै ऐनले यस सम्वन्धी नीति, कानून तथा योजना वनाउने अधिकार समेत स्थानीय तहलाई दिएको छ । यसैले संविधान र विद्यमान ऐन कानूनले दिएको अधिकार र जिम्मेवारी पुरा गर्न यो नीतिको आवश्यकता देखिएको छ । अर्कोतर्फ कृषि विकास करैयामाई गाउँपालिकाको प्राथमिकतामा रहेको छ र यहाँ कृषि विकासको प्रसस्त सम्भावना रहेको छ । तर उपयुक्त नीति तथा योजना नहुदा प्राप्त अवसरको सदुपयोग गर्न सकिएको छैन ।

कृषकहरुको मनोवल वढाई कृषिलाई एक मर्यादित पेशाको रुपमा विकास गर्दै किसानको आम्दानी वृद्धि गर्ने र उनीहरुको जिविकोपार्जनलाई सहज वनाउन आवश्यक देखिएको छ । यस नीतिले विपन्न र सिमान्तकृत वर्गको जिविकोपार्जनमा सुधार गर्नाको साथै खाद्य सुरक्षा सुनिश्चित गर्नेछ । विपन्न तथा सीमान्तकृत वर्ग लगायत किसानहरुको अधिकार सुनिश्चित गर्दै गाउँपालिकाको समग्र कृषि क्षेत्रको अवस्थामा सुधार ल्याउन एक व्यवहारिक, सान्दर्भिक र नतिजामूखी कृषि विकास नीतिको आवश्यकता महशुस गरी करैयामाई गाउँपालिकाले यो नीति कार्यान्वयनमा ल्याएको छ ।

## ५. दीर्घकालीन सोच

"मर्यादित र व्यवसायिक कृषि, आर्थिक उपार्जन र सम्वृद्धि"

## ६. लक्ष्य

करैयामाई गाउँपालिकाका विपन्न र सिमान्तकृत वर्गका युवा तथा महिला कृषकहरुको जिविकोपार्जनमा सुधार गर्ने ।

## ७. उद्देश्य

(१) कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु ।

(२) महिला, विपन्न एवं सिमान्तकृत वर्गका नागरिकहरुको आम्दानी वृद्धि गर्नु ।

(३) विपन्न एवं सिमान्तकृत वर्गलाई बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणमा लगानी गर्ने वातावरण सृजना गर्नु ।

करैयामाई गाउँपालिका (watermark)


## ८. प्रमुख नीतिहरु

(१) यस कृषि विकास नीतिलाई गाउँपालिकाको समग्र विकास नीति, आवधिक तथा बार्षिक योजना र बजेट संग आवद्ध गरिनेछ ।

(२) नीति कार्यान्वयनको लागि कृषि तथा जिविकोपार्जन क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्था, निजी क्षेत्र, विकास साझेदारको सहयोगमा संचालित कार्यक्रम र प्रदेश तथा संघीय सरकार संग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।

(३) कृषि क्षेत्रलाई नागरिकको जिविकोपार्जनको प्रमुख आधारको रुपमा विकास गरिनेछ ।

(४) कृषिलाई पर्यावरण एवं प्रविधिमैत्री बनाई युवा तथा महिलामैत्री मर्यादित पेशाको रुपमा विकास गरिनेछ ।

(५) विपन्न एवं सिमान्तकृत वर्गको आर्थिक अवस्थामा सुधार गरी उनिहरुका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणमा लगानी गर्ने वातावरण मिलाईनेछ ।

## ९. रणनीति तथा कार्यनीति

**रणनीति १: कृषिजन्य उत्पादनमा सहजीकरण गर्ने ।**

**कार्यनीतिहरु:**

१) माटो तथा हावापानीको अवस्था, सिंचाई सुविधा, बजार व्यवस्था, कृषि प्रविधिको उपलब्धता र उत्पादनको सम्भाव्यताका आधारमा विभिन्न कृषि पकेट क्षेत्र निर्धारण गरिनेछ ।

२) निशुल्क माटो परीक्षणको व्यवस्था गरी विज्ञको सुझाव अनुसार कृषि बाली छनौट गर्न कृषकहरुलाई सहजीकरण गरिनेछ ।

३) अधिकतम् लाभ लिन सक्ने गरी मौसमी तथा बेमौसमी तरकारी खेतीको विस्तार गर्न स्थानीय कृषकहरुलाई सहयोग गरिनेछ ।

४) खाद्यान्न, तेलहन, दलहन र उखु लगायतका नगदेवालीको उत्पादन वृद्धि गर्न प्रोत्साहन गरिनेछ ।

५) माछापालन व्यवसायको प्रवर्द्धन गरिनेछ ।

६) बजार मागको आधारमा गुणस्तरीय कृषि तथा पशुजन्य उत्पादनको वृद्धि गरी उत्पादित सामग्रीको विक्री गर्ने व्यवस्था मिलाईनेछ ।

७) कृषि उत्पादन र बजारीकरणको सवाललाई मूल्य श्रृंखलामा आवद्ध गर्न सहयोग पुग्नेगरी कृषक पाठशाला संचालन गरिनेछ ।

८) भुईघाँस तथा डालेघाँस खेतिको विकास एवं विस्तार गरिनेछ ।

९) पशु रोग नियन्त्रणका लागी खोप तथा पशु स्वास्थ्य शिविरको संचालन गरिनेछ ।

१०) गोठ सुधार कार्यक्रम संचालन गरिनेछ ।

करैयामाई गाउँपालिका (watermark)


११) दुध तथा मासुको गुणस्तरीय उत्पादन वृद्धि गर्न कृषकहरुलाई प्राविधिक सहयोग गरिनेछ।
१२) कृषि सडक निर्माण, विद्युत आपुर्ती र प्राविधिक सेवा प्राप्त गर्न सहजीकरण गरिनेछ।
१३) प्रागांरिक खेती गर्ने तर्फ सहजीकरण गर्ने।

**रणनीति २: सिंचाइ सुविधा विस्तार गर्ने।**

**कार्यनीतिहरु:**

१) कृषिजन्य उत्पादन र उत्पादकत्व बृद्धि गर्न खेतीयोग्य क्षेत्रमा सिंचाई सुविधा विस्तार गरिनेछ।
२) स्थानीय सिंचाई योजनाहरुको मर्मत सम्भार तथा पुनःस्थापनाको लागि कृषक समूहलाई जिम्मेवार बनाईनेछ।
३) नदी, खोला तथा नहर नभएको क्षेत्रमा डीप बोरिङ्गको सम्भाव्यता हेरी सिंचाईको व्यवस्था मिलाइनेछ।
४) सिंचाईको लागि प्रयोग हुने बिद्युत महशुलमा कार्यपालिकाको निर्णय अनुसार निश्चित प्रतिशत छुट दिने व्यवस्था मिलाईनेछ।
५) पोखरी, नहर, कुलोहरू निर्माण तथा मर्मत गर्न मर्मत सम्भार कोषको स्थापना गरिनेछ।
६) कृषि विद्युत नभएको ठाउँमा सोलारको व्यवस्था गरि सिंचाईमा सहयोग पुऱ्याउने
७) सतह सिंचाईको व्यवस्था गर्ने।

**रणनीति ३: कृषि सहकारी र कृषि सामग्रीको आपूर्ती सुनिश्चित गर्ने।**

**कार्यनीतिहरु:**

१) सहकारी संस्थाहरूको माग र क्षमताको आधारमा यस्ता संस्थालाई सानोतिनो बचत संकलन, सदस्यहरुमा ऋण परिचालन र रसायनिक मल तथा प्रागांरिक मल र उन्नत बीउ लगायतको कृषि सामग्रीको बिक्री, वितरणको जिम्मेवारी दिईनेछ।
२) स्थानीय सम्भावना, माग तथा उपयुक्तताका आधारमा स्थानीय जातमा आधारित कृषि नर्सरीको स्थापना गरिनेछ

**रणनीति ४: कृषि प्रविधि अवलम्वन गर्ने।**

**कार्यनीतिहरु:**

१) कृषि ज्ञान केन्द्रको सहयोगमा प्रविधि हस्तान्तरण, समुदायमा आधारित बीउ उत्पादन, वितरण र हाईब्रिड बीउ व्यवस्थापन सम्बन्धी कार्य गरिनेछ।
२) जैविक खेती र पर्यावरणमैत्री प्रविधिको अवलम्बन र विस्तार गरिनेछ।
३) अधिक उत्पादन दिने र जलवायु अनुकुलन जातका विउको प्रयोग वढाईनेछ।

४) मौसम परिवर्तन, रोग किराको प्रकोप, स्थानीयस्तरमा कृषि श्रमिकको उपलब्धता, कृषि उपजको मूल्यमा आउने उतारचढाव जस्ता उत्पादनका जोखिमहरूको सामना गर्न सक्ने कृषि प्रविधिको उपयोग गरिनेछ ।
५) जलवायु परिवर्तनका कारण कृषि उत्पादन र खाद्य सुरक्षामा पर्न सक्ने असरलाई कम गर्न स्थानीय क्षमतामा आधारित पूर्व सूचना प्रणाली संचालनमा ल्याईनेछ ।
६) प्लास्टिक घर, पोखरी निर्माण, पानी संकलन स्थल र साना सिंचाई सम्बन्धी प्रविधिको बिस्तार गरिनेछ ।
७) स्थानीय रैथाने वालीको संरक्षण, प्रवर्धन, विकास र विस्तार गरिनेछ ।
८) अर्गानीक खेति प्रणालीको विस्तार र उत्पादित कृषि उपजको बजारीकरणमा समन्वय र सहजीकरण गरिनेछ ।
९) पशुपालनका लागी कृषकहरुलाई आवश्यक ज्ञान, सिप र प्रविधि हस्तान्तरण गरिनेछ ।
१०) मिश्रित वाली सम्वन्धी तालिम र ज्ञान दिने व्यवस्था मिलाउने ।

**रणनीति ५: कृषि उद्यमको विकास गर्ने ।**

**कार्यनीतिहरु:**

१) सामुहिक खेती एवं व्यवसायिक कृषि विकास योजना निर्माणका लागि कृषक समूह तथा कृषि सहकारीहरुलाई सीप विकास तालिम प्रदान गरिनेछ ।
२) कृषि उद्यमशिलताको विकासद्वारा यूवा वर्गलाई कृषि पेशा प्रति आकर्षित गरी कृषि व्यवसायलाई मर्यादित र सम्मानजनक पेशाको रुपमा विकास गरिनेछ ।
३) कृषि व्यबसायको प्रवर्द्धन गर्न विपन्न तथा सिमान्तकृत वर्ग, साना किसान, महिला र युवा कृषि उद्यमीहरुलाई उनिहरुको आवश्यकता अनुसार अलग, अलग निशुल्क तालिम दिईनेछ ।
४) गाउँपालिका भित्रै मध्यमस्तरीय कृषि जनशक्तिको विकास गरिनेछ ।
५) कृषकहरुलाई व्यवसायिक तरकारी, फलफुल तथा उखु खेती, माछापालन एवं प्रतिष्पर्धी लाभ हुने कृषि खेतीमा लाग्न प्रोत्साहन गरिनेछ ।
६) बैदेशिक रोजगारवाट फर्कि आउने युवाहरुलाई उनीहरुको सीप र अनुभव भएको कृषि व्यवसायमा लाग्न प्रोत्साहन गरिनेछ ।

**रणनीति ६: कृषि क्षेत्रलाई विपन्न र सिमान्तकृत वर्गको जिविकोपार्जनको प्रमुख आधारको रुपमा विकास गर्ने ।**

**कार्यनीतिहरु:**

१) वास्तविक किसानको पहिचान तथा वर्गिकरण गरी कृषक परिचय पत्र वितरण गरिनेछ ।
२) अरुको जग्गामा खेती गर्न अपनाईएको र हालसम्म पनि चलनचल्तिमा रहेको अधियाँ/बटैया र कुत तोक्ने परिपाटीलाई व्यवस्थित गरिनेछ ।

३) कृषि सामग्री, उपकरण र जग्गा भाडाका लाागि अनुदान सहायता उपलब्ध गराईनेछ ।
४) कृषिमा आधारित उद्यम, व्यवसाय संचालन गर्ने कृषकको उद्यमशिलता विकासमा सहयोग गरिनेछ
५) ऋण लिने र ऋण तिर्ने क्षमता विकास गर्न विपन्न र सिमान्तकृत वर्गका किसान र लघु उद्यमीहरुलाई तालिम दिईनेछ ।
६) विपन्न तथा सिमान्तकृत वर्ग र युवा तथा महिलाको लागि कृषि तथा पशुपालन सम्बन्धी निशुल्क तालिम दिईनेछ ।
७) कृषिजन्य उत्पादनको आधारमा विपन्न र सिमान्तकृत कृषकहरुलाई नगद अनुदान दिने व्यवस्था मिलाईनेछ ।
८) कृषि तथा पशु बिमा कार्यक्रमलाई प्रभावकारी वनाई विपन्न र सिमान्तकृत वर्गको पहुँच वृद्धि गरिनेछ ।
९) खाद्यान्न बालीको उत्पादनमा वृद्धि गरी प्रति व्यक्ति न्यूनतम् खाद्यान्न उपलब्धताको सुनिश्चितता गरिनेछ ।
१०) महिला, विपन्न र सिमान्तकृत वर्गलाई कृषि उद्यममा स्वरोजगार वन्न सहयोग गरिनेछ ।
११) विपन्न र सिमान्तकृत वर्गका बालबालिकाको शिक्षा, स्वास्थ्य, पोषण र संरक्षणका लागि अभिभावक-गाउँपालिका साझेदारी कार्यक्रम संचालन गरिनेछ ।
१२) महिला तथा विपन्न र सिमान्तकृत वर्गका बालबालिकाको लागि पोषण तथा खाद्य सुनिश्चितताको लागि नमुनाको रुपमा खाद्य बैंक अवधारणा संचालन गरिनेछ ।

**रणनीति ७: कृषिजन्य उत्पादनको बजारीकरण गर्ने ।**

**कार्यनीतिहरु:**

१) कृषि बजार विकासका लागि रणनीतिक स्थानहरू पहिचान गरी सम्भाव्यता अध्ययन गरिनेछ ।
२) कृषि उत्पादन संकलन, ढुवानी, भण्डारण तथा बजार व्यवस्थापनको लागि सहयोग गरिनेछ ।
३) कृषि उत्पादन संकलन केन्द्रहरुको विकास गरी यसलाई बजार केन्द्रसँग जोड्न निजी क्षेत्रसंग समन्वय तथा सहकार्य गरिनेछ ।
४) विपन्न तथा सिमान्तकृत वर्ग र साना किसानहरुले उत्पादन गरेका कृषि उपजहरुको बजारीकरणमा सहयोग पुर्‍याउन निजी क्षेत्र र कृषि ज्ञान केन्द्र संगको सहकार्यमा कृषि तथा पशुपंक्षी बजार विकास तथा व्यवस्थापन गरिनेछ ।
५) स्थानीय कृषकले उत्पादन गरेको दूध सम्बन्धित संकलन केन्द्र र डेरी उद्योगहरुसम्म पुर्‍याउने व्यवस्था मिलाईनेछ ।
६) गुणस्तरीय दूध आपूर्तिका लागि सुधारिएको व्यवस्थापन अभ्यासहरूमा सहकारी र दूध सङ्कलन केन्द्रहरूलाई प्राविधिक सेवा उपलब्ध गराईनेछ ।
७) स्थानीय पहिचानका विशिष्टीकृत उत्पादनको ब्राण्डिङ गरिनेछ ।

८) वाह्य वातावरणका कारण मूल्य श्रृंखलामा असर पर्न सक्ने विषयलाई ध्यानमा राखी कृषि प्रसार कार्यक्रम संचालन गरिनेछ ।

९) लगानीको प्रतिफल सुनिश्चित गर्न कृषक समूह, व्यापारी, कृषि उपज भण्डारण तथा प्रशोधनकर्ता, कृषि उद्यमी, कृषि सामग्रीको आपूर्तीकर्ता र मूल्य श्रृङ्खलाका अन्य सरोकारवालाहरू बीचको सञ्जाल विकास र विस्तार गरिनेछ ।

१०) दुग्ध संकलन नभएको ठाउँमा संकलन केन्द्रको व्यवस्था मिलाउने ।

**रणनीति ८: संस्थागत व्यवस्थामा सुधार गर्ने ।**

**कार्यनीतिहरु:**

१) उत्पादन एवं बजारीकरण सम्बन्धी कृषक समूह गठन गरी तिनको व्यवस्थापकीय क्षमता विकास गरिनेछ ।

२) कृषि/पशु सेवा शाखाको संस्थागत र मानव संसाधन क्षमता वृद्धि गरिनेछ ।

३) गाँउपालिकाको कृषि/पशु शाखामा विपन्न एवं सिमान्तकृत वर्गका कृषकहरुको सरल र सहज पहुँच सुनिश्चित गरिनेछ ।

४) स्थानीयस्तरमा उद्यमशिलता विकासको लागि बीउ पूँजी प्रदान गर्न "कृषि तथा पशुपालन र जिविकोपार्जन कार्यक्रम पूजीँ कोष" को स्थापना गरिनेछ ।

५) प्रत्येक वडामा कृषि/पशु सेवा प्राविधिकको व्यवस्था गरिनेछ ।

६) वडा तहमा महिला कृषि स्वयंसेविकाको व्यवस्था गरी कृषि योजना, अनुदान वितरण, जलवायु अनुकुलन कृषि प्रविधि जस्ता क्षेत्रमा प्रदेश सरकार, कृषि ज्ञान केन्द्र लगायतका निकायहरुवाट प्राप्त हुन सक्ने सेवा, सहयोग र यसको प्रकृयाका बारेमा कृषकहरुलाई सूचना तथा जानकारी उपलब्ध गराउने कृषि प्रसार प्रणालिको विकास गरिनेछ ।

७) कृषक समूहका सदस्य र सफल कृषकहरुलाई स्थानीय स्रोत व्यक्तिको रूपमा विकास गरी कृषि तथा पशुपालनमा संलग्न भएका र हुन चाहने कृषकहरुलाई व्यवहारिक ज्ञान तथा सिप प्रदान गरिनेछ ।

८) कृषि प्रसार, कृषक पाठशाला, नमूना खेती प्रवर्द्धन तथा समुदाय सचेतना सम्बन्धी कार्यहरुमा कृषि विद्यालयहरुको सहयोग लिईनेछ ।

**रणनीति ९: अनुगमन तथा मूल्यांकन प्रणाली प्रभावकारी वनाउने ।**

**कार्यनीतिहरु:**

१. कृषि विकास नीतिको सफल कार्यान्वयनमा सघाउ पुर्याउन न्यूनतम् चौमासिक रुपमा अनुगमन र वार्षिक रुपमा मूल्यांकन गरिनेछ ।

२. अनुगमन तथा मूल्यांकन समिति/टोली/व्यक्ति वा अन्य कुनै संयन्त्र गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

३. अनुगमन तथा मूल्यांकनको लागि चेकलिष्ट-फारम तयार गरिनेछ ।

४. अनुगमन तथा मूल्यांकनकर्ताले सोही चेकलिष्ट वमोजिमको सूचनाका आधारमा सुझाव सहितको प्रतिवेदन गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

५. गाउँ कार्यपालिकाले अनुगमन तथा मूल्यांकन प्रतिवेदन अध्ययन गरी उपयुक्त ठानेको सुझावहरु कार्यान्वयन गर्ने, गराउनेछ ।

## १०. नीति मूलप्रवाहीकरण

यस कृषि विकास नीतिलाई गाउँपालिकाको समग्र शासकीय प्रक्रियामा मूलप्रवाहीकरण गरिनेछ । नीतिका कतिपय प्रावधानहरु अन्य विषय क्षेत्रहरुसंग समेत सम्बन्धित रहेको अवस्थामा यसलाई अलग्गै रुपमा हेर्न सकिदैन । तसर्थ गाउँपालिकाको आवधिक तथा वार्षिक योजना, बजेट, अन्य नीति र संस्थागत संरचनाहरुमा समेत यस नीतिलाई एकीकृत र मूलप्रवाहीकरण गरिनेछ ।

## ११. नीति कार्यान्वयन

यस नीति कार्यान्वयनमा सहजीकरण गर्न देहायको समिति गठन गरिनेछ । नीति कार्यान्वयनमा यस समितिको प्रमुख भूमिका रहनेछ । समितिले कार्यपालिका र सम्वन्धित निकाय संग समन्वय, योजना तर्जुमा, बजेट व्यवस्थापन र कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने कार्य गर्नेछ । नीति कार्यान्वयनको सिलसिलामा आईपरेका समस्या तथा चुनौतीहरुको सामना गर्न अपनाईने रणनीति तथा कार्यक्रम कार्यान्वयनको अनुगमन, समन्वय र प्रतिवेदन सम्बन्धी कार्य समेत यस समितिले गर्नेछ ।

**नीति कार्यान्वयन सहजीकरण समिति गठनः**

- आर्थिक विकास समितिका संयोजकः संयोजक
- प्रमुख प्रशासकीय अधिकृतः सदस्य
- गाउँपालिकाका कृषि शाखा प्रमुखः सदस्य सचिव

*(नोटः समितिले आवश्यकता अनुसार विज्ञ र साझेदार संस्थाका प्रतिनिधीलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ) ।*

## १२. वित्तीय व्यवस्था

यस नीति कार्यान्वयनको लागि गाउँपालिकाले आफ्नै श्रोत तथा साधनको परिचालन गर्नेछ । आवश्यक योजना एवं बजेटको व्यवस्था गरिनेछ । तापनी नीति तथा कानूनी व्यवस्था कार्यान्वयनको लागि आवश्यक मानव संसाधन विकास, वित्तीय व्यवस्था र संस्थागत क्षमता विकासका लागि गाउँपालिकाको श्रोत, साधन पर्याप्त नरहेको अवस्थामा संघ तथा प्रदेश सरकार एवं मातहतका निका/कार्यालय, राष्ट्रिय एवं अन्तराष्ट्रिय गैर सरकारी संस्था लगायतका साझेदार संस्था/निकायहरुको सहयोग प्राप्त गर्न सकिनेछ ।

## १३. साझेदार निकायको भूमिका

संघीय र प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई समेत सघाउ पुग्नेगरी करैयामाई गाउँपालिकाको कृषि विकास नीति कार्यान्वयन गरिनेछ। यो नीति कार्यान्वयनमा सघाउ पुऱ्याउनु सम्बन्धित सबै सरोकारवाला र साझेदार निकायको कर्तव्य हुनेछ। मूलतः प्रमुख साझे
दार निकायको भूमिका देहाय बमोजिम हुनेछ।

**(क) करैयामाई गाउँपालिकाः** नीति कार्यान्वयनको प्रमुख जिम्मेवारी करैयामाई गाउँपालिकाले लिनेछ। नीति कार्यान्वयनको लागि कानूनी व्यवस्था मिलाउने, योजना तर्जुमा गरी बजेटको व्यवस्था गर्ने, नीति कार्यान्वयनको लागि गाउँपालिकाको कृषि/पशु सेवा शाखा, मातहतका कर्मचारी तथा कृषक समुह, समुदायमा रहेका संघ, संस्था, सहकारी, निजी क्षेत्र लगायतका संस्थागत संयन्त्रहरु परिचालन गर्ने, नीति कार्यान्वयनको लागि वातावरण निर्माण गर्ने र नीति कार्यान्वयनको अनुगमन, नियमन, समीक्षा र मूल्यांकन सम्बन्धी कार्यहरु गाउँपालिकाले गर्नेछ। संघीय तथा प्रदेश सरकार, छिमेकी स्थानीय तह, कृषि ज्ञान केन्द्र, बारा जिल्लामा रहेका संघ तथा प्रदेश सरकार मातहतका कार्यालय वा निकाय, जिल्ला समन्वय समिति, विकास साझेदार, गैर सरकारी संस्था र निजी क्षेत्रसंग समन्वय गर्ने र आवश्यकता अनुसार सहकार्य गर्ने जिम्मेवारी समेत गाउँपालिकाको हुनेछ।

**(ख) कृषि ज्ञान केन्द्रः** बारा जिल्लामा रहेको कृषि ज्ञान केन्द्रलाई यो नीति कार्यान्वयनमा प्राविधिक सेवा उपलव्ध गराउन अनुरोध गरिनेछ। गाउँपालिकामा कार्यरत कृषि क्षेत्रका जनशक्तिको सिप तथा क्षमता विकास, प्राविधिक अनुगमन तथा सहजीकरण, उपयुक्त प्रविधि हस्तान्तरण, कृषि सामग्री आपूर्ती र बजारीकरण सम्बन्धी कार्यहरुमा समेत कृषि ज्ञान केन्द्रको सहयोगी भूीमका रहनेछ। स्थानीयस्तरमा गरिने कार्यहरुको लागि आ-आफ्नो क्षेत्रमा गाउँपालिकाको कृषि/पशु सेवा शाखा जिम्मेवार रहनेछन्।

**(ग) नेपाल सरकार र मधेश प्रदेश सरकारः** गाउँपालिकाले प्राथमिकता तोकेको विषयलाई सघाउ पुग्ने गरी आ-आफ्नो अधिकार क्षेत्रका नीति तथा कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्ने। नीति कार्यान्वयनमा सघाउ पुऱ्याउन मातहतका निकायको सहयोग उपलव्ध गराउने।

**(घ) विकास साझेदार र राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संस्थाः** यो नीतिलाई सहयोग पुग्ने किसिमका कार्यक्रम तर्जुमा गर्ने। नीति कार्यान्वयनमा गाउँपालिका र कृषक समूह, विपन्न तथा सिमान्तकृत वर्ग र आ-आफ्ना लक्षित वर्गले माग गरेको प्राविधिक र आर्थिक सहयोग उपलव्ध गराउने र आ-आफ्ना योजना तथा कार्यक्रम संचालन गर्दा गाउँपालिका संग समन्वय गर्ने।

## १४.कानूनी व्यवस्था

प्रचलित कानूनी व्यवस्थाको अधिनमा रही करैयामाई गाउँपालिकाले गाउँ कृषि विकास ऐन र तत् विषयका कार्यविधि, निर्देशिका तर्जुमा लगायतका कानून निर्माण गरी कार्यान्वयनमा ल्याउनेछ। आवश्यक कार्यविधि कानून निर्माण प्रकृयामा आवश्यकता अनुसार साझेदार संस्थाहरुको सहयोग साथै विपन्न एवं सिमान्तकृत

वर्ग, कृषक समूह, कृषि उद्यमी, महिला र बालबालिका लगायत सरोकारवाला निकायको सहभागिता सुनिश्चित गरिनेछ ।

## १५. अनुगमन तथा प्रतिवेदन

नीति कार्यान्वयनको प्राथमिक अनुगमन, सुपरीवेक्षण र प्रतिवेदन तयार गर्ने प्रमुख जिम्मेवारी गाउँपालिकाको कृषि शाखाको हुनेछ । गाउँपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिले योजना तथा कार्यक्रमका अलावा यस नीति कार्यान्वयन र उपलब्धिका वारेमा अध्ययन, अनुगमन र सुपरीवेक्षण गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्नेछ । आवश्यकता अनुसार जिल्ला समन्वय समिति, गाउँपालिकाको आर्थिक विकास समिति र गाउँपालिका अध्यक्ष लगायतका पदाधिकारी, प्रमुख प्रशासकीय अधिकृत र तोकिएका कर्मचारी तथा विज्ञले समेत नीति कार्यान्वयनको अनुगमन गरी कार्यपालिकालाई आवश्यक सुझाव दिन सक्नेछन् ।

## १६. अपेक्षित नतिजा/उपलब्धी

- गाउँपालिकामा कृषि तथा पशुपंक्षिजन्य उत्पादनमा वृद्धि हुनेछ ।
- विपन्न एवं सीमान्तकृत वर्गका परिवार र स्थानीय कृषकको वार्षिक आम्दानी वढेको हुनेछ ।
- विपन्न एवं सीमान्तकृत वर्गका परिवारको जिविकोपार्जनमा सुधार आउनेछ ।

## १७. नीतिको पुनरावलोकन/समीक्षा/मूल्यांकन

यो नीति कार्यान्वयनको वार्षिक रुपमा समीक्षा गरिनेछ । समीक्षावाट देखिएको अवस्था बारेमा कृषि/पशु सेवा शाखाले सुधार र अबलम्वनका कार्यहरु गर्नेछन् । नीति कार्यान्वयनका लागि आवश्यक योजना तथा कार्यक्रमहरु गाउँपालिकाको वार्षिक योजनामा समावेश हुनेछ । नीति कार्यान्वयनको पाचौं वर्षमा स्वतन्त्र पक्षवाट मूल्यांकन गरिनेछ । मूल्यांकनकर्तावाट प्राप्त सुझावहरुको आधारमा नीतिमा सुधार गर्ने, निरन्तरता दिने वा नयाँ नीति तर्जुमा गर्ने सम्बन्धी निर्णय गाउँ कार्यपालिकाले गर्नेछ ।

## १८. नीति कार्यान्वयन कार्य योजना

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | गाउँपालिकाको कृषि विकास नीति अनुमोदन गर्ने | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ माघ मसान्त | |
| २ | गाउँपालिकाको कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति गठन | कार्यपालिका | प्रमुख प्रशासकीय अधिकृत | कार्यपालिका बैठक | २०८१ फागुन | |
| ३ | कृषि पकेट क्षेत्र निर्धारण | आर्थिक विकास समिति | वडा कार्यालय | कार्यपालिका बैठक | २०८१ चैत्र मसान्त | |
| ४ | माटो परिक्षण अभियान | कृषि शाखा | वडा कार्यालय | वस्तीस्तर | २०८१ चैत्र | |
| ५ | कृषक समूह गठन/ पुनर्गठन ( उत्पादन तथा बजारीकरण समूह) | कृषि शाखा | कृषक | वस्तीस्तर | | |
| ६ | महिला, विपन्न तथा सीमान्तकृत कृषक पहिचान र कृषक परिचय पत्र वितरण | आर्थिक विकास समिति | कृषि शाखा | कार्यपालिका बैठक | २०८२ बैशाख देखि | |
| ७ | लक्षित समूह सहायता कार्यक्रम संचालन | कृषि शाखा | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | सबै वडा | २०८२ बैशाख | |
| ८ | कृषक पाठशाला संचालन कार्यविधि तयारी/ अध्यावधी | आर्थिक विकास समिति | कृषि शाखा | कार्यपालिका | २०८२ बैशाख देखि नियमित | |
| ९ | कृषक पाठशाला संचालन | कृषि शाखा | कृषक समूह | वडा तथा वस्ती | २०८२ बैशाख | |
| १० | कृषि सहकारी व्यवस्थापन | आर्थिक विकास समिति | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ बैशाख देखि निरन्तर | |

| क्र.सं. | प्रमुख रणनीतिक क्रियाकलाप | प्रमुख जिम्मेवारी | सहजीकरण/ सहयोग | स्थान | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| ११ | कृषि उद्यमशिलता विकास | कृषि शाखा | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ बैशाख देखि निरन्तर | |
| १२ | कृषि तथा पशुपालन र जिविकोपार्जन कार्यक्रम पूजीँ कोषको स्थापना | कार्यपालिका | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | गाउँ सभा | २०८२ असार | |
| १३ | सामुहिक खेती एवं व्यवसायिक कृषि/पशुपालन योजना निर्माण | कृषि शाखा | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ साउन | |
| १४ | अनुगमन चेकलिष्ट (फारम) तयारी | कृषि शाखा | अनुगमन समिति | कार्यपालिका | २०८२ बैशाख | |
| १५ | कृषि सामग्री, उपकरण र जग्गा भाडाका लागि अनुदान सहायता निर्देशिका तयारी | कार्यपालिका | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | २०८२ कार्तिक सम्म | |
| १६ | नीति कार्यान्वयन बजेट तर्जुमा | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कृषि शाखा | कार्यपालिका | गाउँपालिकाको वार्षिक योजना तर्जुमाको समय | |
| १७ | गाउँपालिका कृषि विकास योजना तर्जुमा | कार्यपालिका | कृषि शाखा | कार्यपालिका | २०८२ भदौ | |
| १८ | साझेदार एवं सहयोगी निकायको बैठक | कार्यपालिका | कृषि विकास नीति कार्यान्वयन सहजीकरण समिति | कार्यपालिका | चौमासिक | |
| १९ | नियमित अनुगमन | अनुगमन समिति | कृषि शाखा | वडा | चौमासिक | |

# करैयामाई गाउँपालिकाको बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड तथा भवन निर्माण ईजाजत सम्बन्धी कार्यविधि, २०८१

गाउँसभाबाट स्वीकृत मितिः २०८१/०९/२६ गते

राजपत्रमा प्रकाशित मितिः २०८१/११/०२ गते

**प्रस्तावनाः–**

मधेश प्रदेशमा रहेको करैयामाई गाउँपालिका बारा जिल्लाको महागढीमाई नगरपालिका, कोल्हवी नगरपालिका र बारागढी गाउँपालिकाकासँग बारा जिल्लाको स्थानीय तहहरु मध्ये करैयामाई गाउँपालिका एकदमै नजिकको पालिका रहेको छ। करैयामाई गाउँपालिका अन्तरगत विभिन्न उद्योग व्यवसाय तथा कृषि रहेकोले यस गाउँपालिकाको कार्यालयमा अन्यत्रबाट रोजगारको सिलसिलामा बसाईसराई दिनप्रति दिन तिब्र रुपमा बढदै गएको छ। व्यवस्थऔसत रुपमा सहरको विकास तथा सुरक्षित वसोवासलाई सुनिश्चित गर्नुका साथै अनियन्त्रित तरिकाबाट हुने जग्गा विकास अर्थात पल्टिङलाई नियन्त्रित गर्ने उद्देश्यले यो कार्यविधि लागु गरिएको हो।
करैयामाई गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भवन, घर, गोदाम, टहरा, कम्पाउण्डवाल वा यस्तै संरचनाको निर्माण कार्यलाई नियमन गर्नको लागि स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार यो मापदण्ड तर्जुमा गरी लागु गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः–**

(क) यस कार्यविधिको नाम “करैयामाई गाउँपालिकाको बस्ती विकास शहरी योजना तथा भवण निर्माण मापदण्ड तथा भवन निर्माण ईजाजत सम्वन्धी कार्यविधि २०८१” रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि करैयामाई गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ ।

२. **परिभाषाः–** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा

क) गाउँपालिका भन्नाले यस करैयामाई गाउँपालिकालाई जनाउँदछ।

ख) गाउँपालिका अध्यक्ष भन्नाले करैयामाई गाउँपालिकाको अध्यक्षलाई जनाउँदछ ।

ग) उपाध्यक्ष भन्नाले करैयामाई गाउँपालिकाको उपाध्यक्षलाई जनाउँदछ ।

घ) प्राविधिक समिति भन्नाले गाउँपालिका प्रमुखको संयोजकत्वमा, गाउँपालिका अपाध्यक्ष, सम्वन्धित वडाको वडा अध्यक्ष, स्थानीय प्रहरी प्रमुख, नापी शाखाको अमिन तथा आमन्त्रित विशेषज्ञहरुको समितिलाई जनाउँदछ ।

ङ) जग्गा उपयोग प्रतिशत (Ground Coverage) भन्नाले भवनको जमिन तल्लाको क्षेत्रफल र घर बन्ने घडेरीको क्षेत्रफलको अनुपातलाई १०० ले गुणन गरी आउने प्रतिशतलाई जनाउँदछ ।

च) सडक क्षेत्राधिकार (Right of Way) भन्नाले ऐन, नियम तथा स्वीकृत मापदण्डले तोकेको सडकको कुल चौडाइलाई जनाउँछ ।

छ) सेट बैक (Set Back) भन्नाले कुनै जग्गामा घर निर्माण गर्दा सार्वजनिक सम्पत्ति र सडक अधिकार क्षेत्रबाट घर निर्माण गर्न छाड्नु पर्ने न्यूनतम परिधिलाई जनाउँदछ ।

ज) किनारा मार्जिन (Side Margin) भन्नाले कुनै जग्गामा घर निर्माण गर्न सार्वजनिक सम्पत्ति र सडक तर्फ बाहेकको साँध सिमानाबाट घर निर्माण गर्न छाड्नु पर्ने न्यूनतम परिधिलाई जनाउँदछ ।

झ) माटो परिक्षण भन्नाले शहरी विकास मन्त्रालयले जारी गरेको माटो परिक्षण निर्देशिकाले तोकेको परिक्षण प्रक्रिया/विधिलाई जनाउँदछ ।

ञ) आधारभूत सार्वजनिक पूर्वाधारहरु भन्नाले आधारभूत सार्वजनिक र पूर्वाधारहरु भन्नाले ढल, खानेपानी विजुली इत्यादि सम्बन्धी सुविधाहरुलाई जनाउँदछ ।

ट) खुल्ला क्षेत्र (Open Space) भन्नाले बस्ती विकास गरिने क्षेत्रमा जग्गाभित्र अत्यावश्यक सार्वजनिक पूर्वाधारहरु विस्तार गर्ने बाहेक कुनै भौतिक संरचना निर्माण गर्न निषेध गराएको क्षेत्रलाई जनाउँदछ ।

ठ) भवनको वर्गीकरण अन्तर्गत

"क" वर्गको भवन भन्नाले भवन ऐन २०५५ को दफा ८ (क) अनुसारको अत्याधुनिक प्रविधि अपनाई अन्तराष्ट्रिय स्तरको भवन निर्माण हुने वा भएका भवनहरुलाई जनाउँदछ ।

“ख” वर्गको भवन भन्नाले भवन ऐन २०५५ को दफा ८ (ख) अनुसारको भुई तल्लाको क्षेत्रफल १००० वर्ग फिट भन्दा बढी, ३ तल्ला भन्दा अग्ला वा structural span ४.५ मिटर भन्दा बढी भएका भवनहरुलाई जनाउँदछ ।

“ग” वर्गका भवन भन्नाले भवन ऐन २०५५ को दफा ८ (ग) अनुसारको भुई तल्लाको क्षेत्रफल १००० वर्ग फिट सम्म, उचाई ३ तल्ला सम्म र structural span ४.५ मिटर भन्दा कम भएका भवनहरुलाई जनाउँदछ ।

“घ” वर्गका भवन-भवन ऐन २०५५ को दफा ८ अनुसारका क, ख र ग वर्गमा नपरेको ईंटा, ढुंगा, माटो, बाँस, खर आदि प्रयोग गरि निर्माण भएका अधिकतम दुईतल्ले भवनहरुलाई जनाउँदछ ।

ड) आर्किटेक्चर /इन्जिनियर भन्नाले इन्जिनियरीङ्ग परिषदमा दर्ता भई इन्जिनियरिङ्ग व्यवसाय गर्न यस गाउँपालिकाबाट समेत व्यवसाय अनुमति प्राप्त विशेषज्ञलाई जनाउँछ ।

ढ) टाँसिएको भवन (Attached Building) भन्नाले जग्गाको साध सिमानामा टाँसेर बनाउन प्रस्ताव गरिएको वा बनाइएको भवनलाई जनाउँदछ ।

ण) जोडिएको भवन (Joined Building) भन्नाले बेग्ला बेग्लै स्वामित्व भएका एक आपसमा भार बहन अंगहरु (Column/Wall) संयुक्त रुपमा निर्माण भएका वा हुने भवनहरुलाई जनाउँदछ ।

त) सार्वजनिक भवन भन्नाले संस्थागत भवन, सभा सम्मेलन भवन लगायत सभाहल, सांस्कृतिक समारोह तथा भोजभतेर स्थल, आदिलाई जनाउँदछ।

थ) संस्थागत भवन भन्नाले विद्यालय, उच्च विद्यालय, अस्पताल, सरकारी, निजी तथा पब्लिक लिमिटेडका कार्यालय भवन आदिलाई जनाउँदछ।

द) व्यापारिक भवन भन्नाले व्यापारिक प्रयोजनमा रहने घरलाई जनाउँदछ।

ध) मिश्रित भवन भन्नाले जमिन तल्ला मात्र व्यापारिक प्रयोजनमा तथा अन्य तल्ला आवासीय प्रयोजनमा रहने घर जनाउँदछ।

$$\text{भुइँ क्षेत्रको अनुपात (FAR)} = \frac{covered\ ared\ of\ all\ floors}{plot\ Area}$$

$$= \frac{\text{सबै तल्लाहरुको सम्पूर्ण ढाकिएको क्षेत्रपफल}}{\text{प्लटको क्षेत्रफल}}$$

## ३. भवनको ढाँचा तयार गर्न र निर्माण सुपरीवेक्षण सम्बन्धी व्यवस्थाहरुः

क) नक्सा डिजाईन गर्न नपाउनेः- यस गाउँपालिकाका प्राविधिक कर्मचारी आफ्नो कार्यक्रम बाहेकका निर्माण हुने संरचरनाहरुको योजना, ढाँचा , नक्शा बनाउने कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुने पाउने छैन ।

ख) भवनको ढाँचा/नक्सा तयार गर्ने तथा निर्माण सुपरीवेक्षण अनुमतिः - भवन ऐन २०५५ को दफा ५ अनुसार क र ख वर्गको भवनहरुको ढाँचा, नक्सा स्ट्रक्चर तथा विशेष सुविधाहरुको डिजाइन र निर्माण सुपरीवेक्षणको लागि आर्किटेक्ट वा इन्जिनियरबाट गराउनु पर्नेछ । नेपाल इन्जिनियरिङ्ग परिषद्ले इन्जिनियरको सूची तयार गरी व्यावसायिक अनुमति (Professional Engineering License) प्रदान नगरुन्जेल क र ख वर्गको भवनको लागि सिभिल इन्जिनियरिङ्ग विषयमा स्नातक उत्तीर्ण गरी ५ वर्ष सम्बन्धित क्षेत्रमा अनुभव हासिल गरेको इन्जिनियरवाट स्ट्रक्चर तथा विशेष सुविधाहरुको डिजाइन गराउनु पर्नेछ । ग र घ वर्गका भवनको लागि भवन सम्बन्धी विधामा कमसेकम प्रमाण पत्र तह उत्तीर्ण गरेको प्राविधिकबाट भवनको ढाँचा/नक्सा तयार र निर्माण सुपरीवेक्षण गराउनु पर्नेछ ।

ग) निर्माण सम्पन्न प्रमाण पत्र दिनेः- भवन निर्माण मापदण्ड अनुसरण गरि नकसा तयार, स्ट्रक्चरल डिजाइन र सुपरीवेक्षण गरिएको भनि निर्माण काममा संलग्न प्राविधिकले सिफारिस गरेको भवनलाई मात्र गाउँपालिकाले आफ्नो प्राविधिकबाट समेत नाप जाँचपास गराई निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछ । मापदण्ड विपरित नक्सा तथा डिजाइन प्रमाणित गर्ने प्राविधिकलाई कानून बमोजिम कारवाही गरिनेछ ।

घ) आधारभूत सार्वजनिक पूर्वाधार सेवाहरुको उपभोगः- पूर्ण वा आंशिक रुपमा निर्माण सम्पन्न प्रमाण पत्र लिएका भवनहरुमा मात्र आधारभूत सार्वजनक पूर्वाधार सेवाहरु जडानको सिफारिस गरिनेछ। स्थानीय निकायको स्वीकृति बिना सम्बन्धित निकायहरुले उपभोक्ताहरुलाई यी सेवाहरु प्रदान गर्ने छैनन् ।

ङ) भवन निर्माणको अनुमति दिनेः- भवन निर्माणको अनुमति दिँदा सम्पूर्ण निर्माणको अनुमति नदिई पहिलो पटक डि.पि.सि. सम्मको मात्र निर्माण अनुमति दिइनेछ । प्रक्रिया पूरा गरी निवेदन प्राप्त मापदण्ड अनुसार डि.पि.सि. (प्लीन्थ) सम्म निर्माण भएका मात्र माथिको निर्माण अनुमति दिईनेछ ।

च) सार्वजनिक निकायले नियम पालना नगरी भवन निर्माण गर्न नहुनेः- निर्माण मापदण्ड विपरित हुने गरी सार्वजनिक निकायले आफ्नो लगानीबाट भवन निर्माण गर्नु हुँदैन । यसो गरेमा भवनको डिजाइन तथा निर्माणमा संलग्न हुने कर्मचारी व्यक्तिगत रुपमा जिम्मेवार हुनेछन् ।

छ) निर्माण सम्पन्न प्रमाणपत्र नलिएका भवनहरु सार्वजनिक प्रयोजनमा ल्याउन नपाईनेः- सरकारी तथा अर्धसरकारी निकायहरु, स्वास्थ्य संस्था, विद्यालय र संगठित संस्थाहरुले भवन भाडामा लिँदा निर्माण सम्पन्न प्रमाणपत्र पाएका भवन मात्र भाडामा लिनुपर्नेछ ।

**४. पूर्व निर्मित भवन नियमित गर्न सक्नेः-**

क) निर्माण अनुमति नलिई निर्माण भएका ३ तल्ला भन्दा कम उचाइको भवनले स्थानीय निकायद्वारा लागू गरिएको भवन निर्माण मापदण्ड, भवन संहिता तथा सडक ऐन अनुशरण गरेको, सार्वजनिक वा सरकारी जग्गा अतिक्रमण नगरेको अवस्थामा निर्माण मापदण्ड लागू भए पश्चात निश्चित समयसिमा दिई नक्सा पास गर्न आव्हान गर्दा भवन स्वामित्वकर्ताले उक्त भवन तत्कालिन मापदण्ड अनुसार रहेको भन्ने प्राविधिक प्रतिवेदन सहित निवेदन दिएमा तोकेको प्रकृया पुर्याई नक्सा पास गरिदिईनेछ । सडक, सरकारी, ऐलानी, पर्ती जग्गा आदी अतिक्रमण गरेको भवनहरु स्थानीय निकायले भत्काउन लगाउने वा भत्काउने छ ।

ख) निर्माण भईसकेका ५ तल्ला भन्दा अग्ला भवनहरुलाई माथि प्रावधान (क) अनुसार नियमित गर्दा प्राविधिक समितिको सिफारिसमा नक्सा पास गरिनेछ ।

ग) यस गाउँपालिकामा गाँभिएका थप वडाहरुको हकमा मापदण्ड लागू हुनु पूर्व निर्माण भइसकेका घरहरु तत्कालिन मापदण्डलाई पुरा गर्ने किसिमले बनेको भए नियमित प्रमाणपत्र तथा भवन संहिता एवं मापदण्ड अनुरुप निर्माण नभए पनि बस्न जोखिम नहुने भएमा अभिलेखिकरण प्रमाणपत्र दिइनेछ।

**५. सार्वजनिक क्षेत्रअधिकार भित्र बनेका गैर कानूनी संरचनाहरु हटाउनेः-**

गाउँपालिका अध्यक्ष, गाउँपालिका अपाध्यक्ष, प्राविधिक शाखा प्रमुख, स्थानीय प्रहरी प्रमुख, नापी शाखाको अमिन रहेको समिति गठन गरि सो समितिको निर्णयमा सडक, सार्वजनिक, ऐलानी, पर्ति जग्गाभित्र बनेका संरचनाहरु हटाइनेछ।

## ६. खुल्ला क्षेत्र सम्बन्धी व्यवस्थाः-

गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरु तथा खुल्ला क्षेत्रहरुको संरक्षण र समुचित व्यवस्थापन गर्नेछ । सार्वजनिक,ऐलानी र पर्ति जग्गाहरुलाई नेपाल सरकार (मन्त्रीपरिषद्) को निर्णय बिना हकभोग हस्तान्तरण गर्न तथा लिज वा भाडामा दिइने छैन् ।

## ७. योजना तथा भवन निर्माण सम्बन्धी आधारभुत निर्माण मापदण्डहरुः-

क) मापदण्डहरु पुर्‍याउने प्रयोजनाको लागि कसैले संधियारको मन्जुरीमा पेश गरेको आधारमा भवन निर्माण अनुमति दिइने छैन्। मापदण्ड पुर्‍याएर भवन निर्माण अनुमति वा निर्माण सम्पन्न प्रमाणपत्र लिइसकेको भवनले पछि कित्ताकाट गरी वा कुनै खाली कित्ता बेचबिखन गर्दा स्वीकृत मापदण्ड कायम नहुने गरी कित्ताकाट वा बेचबिखन गरेमा सो भवनको निर्माण सम्पन्न स्वत खारेज हुनेछ ।

ख) निर्माण सम्पन प्रमाणपत्र नलिई सार्वजनिक भवनलाई उपयोगमा ल्याउन दिइने छैन् । तर व्यापारिक र आवासीय भवनहरु आंशिक निर्माण सम्पन्न प्रमाणपत्र प्राप्त गरी उपयोगमा ल्याउन दिइनेछ ।

ग) भवनको प्रयोजन परिवर्तन गर्नु परेमा भवन निर्माण मापदण्ड र भवन संहिता विपरित नहुने गरी स्वीकृति लिएर मात्र गर्न दिईनेछ। स्वीकृति बिना उपयोग परिवर्तन गरेमा गाउँपालिकाले उक्त भवनलाई आफ्नो सेवाबाट बंचित गर्नुको साथै आधारभूत सार्वजनिक सेवाहरुबाट बंजित गर्न सम्बन्धित निकायलाई लेखि पठाउनेछ ।

घ) जति सुकै तल्लाका सार्वजनिक भवन, क वर्गका, भवन तथा ख वर्गका ५ तल्ला भन्दा अग्ला सबै भवन निर्माण गर्न अनिवार्य रुपमा सहरी विकास मन्त्रालयले जारी गरेको माटो परीक्षण निर्देशिका अनुसार माटो परीक्षण गर्नुपर्ने छ । खानी तथा भूवर्ग विभागले नेपाल राजपत्रमा प्रकाशित गरी निषेध गरेको क्षेत्रमा भवन निर्माण गर्न पाईने छैन । स्थानीय निकायले आफै माटो परीक्षण गराई तोकिएको क्षेत्रमा मात्र ५ तल्ला भन्दा अग्लो संरचना निर्माण गर्न अनुमति दिईने सकिनेछ ।

ङ) "ख" वर्गका ५ तल्ला सम्मका भवन निर्माण गर्न राष्ट्रिय भवन संहिता तथा स्थानीय निकायद्धारा लागु गरिएको मापदण्ड बमोजिम रहेको अवस्थामा भवन निर्माण इजाजत प्रदान गरिनेछ ।

च) जग्गा उपभोग प्रतिशत (Ground Coverage):- आवासिय भवन निर्माण गर्न ७०% भन्दा बढि नहुने गरी जग्गा उपयोग प्रतिशत (Ground Coverage) स्वीकृति दिईनेछ ।

छ) सरकारी, अर्ध सरकारी वा सार्वजनिक भवनहरुलाई निर्माण स्वीकृति दिँदा जग्गा उपयोग प्रतिशत ५०% भन्दा बढी नहुने गरी स्वीकृति दिइने छ ।

भुई क्षेत्रको अनुपात (Floor Area Ration: FAR)- FAR निम्न बमोजिम लागु गरिएको छ ।

| सि.नं. | भवनको किसिम | Ground Coverage | FAR |
|---|---|---|---|
| १ | संस्थागत भवन | ६०% | ३.० |
| २ | स्कुल र कलेज | ६०% | ३.० |
| ३ | होस्टेल | ६०% | ३.० |
| ४ | तालिम केन्द्र आदी | ६०% | ३.० |
| ५ | आवासिय भवन | ८०% | ४.५ |
| ६ | व्यापारिक भवन | ७०% | ४.५ |
| ७ | होटेल | ६०% | ३.० |
| ८ | हस्पिटल | ६०% | ३.० |
| ९ | नर्सिङ्ग होम | ६०% | ३.० |
| १० | बैंक | ६०% | ३.० |
| ११ | अपार्टमेन्ट | ६०% | ३.० |
| १२ | डिपार्टमेन्टल स्टोर | ६०% | ३.० |
| १३ | प्राईवेट अफिस | ६०% | ३.० |
| १४ | अन्य व्यापारिक भवन (उद्योग कलकारखानाहरु) | ६०% | ३.० |

नोटः- ५ तल्ला भन्दा अग्लो भवनहरुमा अनिवार्य थपमा लिफ्टको व्यवस्था हुनुपर्ने छ ।

**८. स्थानीय सडकको क्षेत्राधिकार (Right Of Way: ROW)-**

क. लौतन सिस्वा हुदै बाराबजार जाने मेन बाटोको केन्द्रबिन्दुबाट २५ फिट कायम गरिने र सेटब्याक ७ फिट कायम गरिनेछ।

ख. मधुवन देखि लौतन हुदै गंजभवानीपुर सम्मको केन्द्र विन्दुबाट २५ फिट र सेटब्याक ७ फिट कायम गरिने छ।

ग. नरही सिसवा तेतरीया ढोढिया पिपरा सम्म बाटोको केन्द्र बिन्दुबाट १८ फिट र सेटब्याक ५ फिट कायम गरिने छ।

घ. करैया तेतरीया सेढवा सिहोर्वा मधुवन हुदै पसाह पुल सम्म बाटोको केन्द्र बिन्दुबाट १८ फिट र सेटब्याक ५ फिट कायम गरिने छ।

ङ. कलैया देखि गालो पट्टी टोलापुर हुदै सतुवा चौक सम्म बाटोको केन्द्र बिन्दुबाट १८ फिट र सेटब्याक ५ फिट कायम गरिने छ।

द्द. गाउँ घरको बाटो केन्द्र बिन्दुबाट १० फिट कायम गरिने छ र गाउँको गल्ली बाटो केन्द्र बिन्दुबाट ६.६ फिट कायम गरिने छ र कृषीबाटो केन्द्र बिन्दुबाट १० फिट कायम गरिने छ ।

**९. भवनको उचाई,सेटब्याकको अनुपात र साइड मार्जिनः**

क. आवासीय भवन (Residential Building) -

- ५ तल्ला सम्मको अग्ला घरहरुमा न्यूनतम सार्वजनिक सम्पत्ति र सडक तर्फको सेट व्याक ५ फिट र संधियारतर्फ झ्याल ढोका राख्नु परेमा न्यूनतम ३ फिट छाड्नु पर्नेछ ।
- ५ तल्ला भन्दा अग्ला भवनहरुमा न्यूनतम सार्वजनिक सम्पत्ति र सडक तर्फको सेट व्याक ५ फिट र संधियारतर्फ साईड मार्जिन ६ फिट छाडी मात्र निर्माण गर्नु पर्नेछ ।

ख. व्यवसायिक भवन (Commercial Building) -

- ५ तल्लासम्मको अग्ला भवनहरुको हकमा माथि उल्लेखित बमोजिम हुनेछ ।
- ५ तल्ला भन्दा अग्ला भवनहरुको हकमा माथि उल्लेखित बमोजिम हुनेछ ।

ग. अर्पाटमेन्ट भवन (Apartment Building) -

- ५ तल्ला सम्मको Apartment Building को लागि सडकको चौडाई न्यूनतम २० फिट हुनुपर्ने छ।
- ५ तल्ला माथिको Aprtment Building को हकमा सडकको चौडाई न्यूनतम २५ फिट हुनुपर्नेछ तथा संधियार तर्फ साइड मार्जिन १६ फिट हुनु पर्नेछ ।
- अपार्टमेन्ट बिल्डिङ्गको हकमा अधिकतम जमिन तल्ला देखि १४ तल्ला सम्म वा ४५ मिटर भन्दा बढी उचाई हुने गरी निर्माण ईजाजत दिईने छैन ।
- मूल - सडक किनारमा भवन निर्माण गर्न स्वीकृति दिदा बाटोको चौडाईमा सडकको दुबै तर्फको सेटब्याक जोड्दा जति योगफल हुन्छ सोको ४ गुणा भन्दा अग्लो हुने गरी लाइट प्लेनलाई छेक्ने गरी स्वीकृत दिईने छैन ।

**१०. सार्वजनिक भवन/संरचनाहरु निर्माण गर्न सम्बन्धित निकाय-** (जस्तै नागरिक उडडयन प्राधधिकरण, चलचित्र विकास बोर्ड आदी) बाट पूर्व स्वीकृति लिनुपर्ने भए त्यस्ता निकायहरुलाई स्वीकृति लिसकेका आवेदकहरुको भवन निर्माण उपर मात्र स्वीकृति कार्वाही अगाडी बढाईनेछ । प्राचिन सम्पदा संरक्षण ऐन २०१३ लागु हुने क्षेत्रमा पुरातत्व विभागको स्वीकृति प्राप्त गरेको भवन निर्माण प्रस्तावलाई मात्र स्थानीय निकायले निर्माण स्वीकृति दिईने छ ।

**११.सीमा पर्खाल निर्माण गर्न स्वीकृति दिंदा** साधारणतया ४ फिट अग्लो गार्हो र सो माथि २ फिट अग्लो जाली राख्ने गरि दिइनेछ । २ फिट भन्दा अग्लो जाली राखी निर्माण स्वीकृति लिन चाहेमा सम्पूर्ण पर्खालको स्ट्रक्चरल डिजाइन समेत निवेदन साथ पेश गर्नु पर्नेछ । सरकारी वा कुटनीतिक निकायले सुरक्षाको कारण अग्लो पर्खाल लगाउनु पर्ने भएमा गृह मन्त्रालयको सिफारिस सहित सोको स्ट्रक्चरल डिजाइन सहित निवेदन पेश गरेमा मात्र यस्तो पर्खाल लगाउन स्वीकृति दिनेछ ।

१२. न्यूनतम एक तल्लाको निर्माण सम्पन्न प्रमाणपत्र (आंशिक वा पूर्ण) लिएको भवनहरुलाई मात्र स्थानीय निकायले पानी, बिजुली आदि सार्वजनिक आधारभूत सेवाहरु जडान गर्न सिफारिस दिइनेछ ।

१३. भवनको प्लिन्थको उचाई बाटोको अधिकार क्षेत्रलाई हानी नपुर्‍याउने गरि राख्नु पर्नेछ । सडकको अधिकार क्षेत्र अतिक्रमण गरि खुड्किला, रयाम्प आदि राखिएमा भवन निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछैन् ।

१४. एक मिटरभन्दा लामो छज्जा वा बार्दलीको स्ट्रक्चरल डिजाईन पेश नभएको "ग" वर्गको भवनलाई निर्माण स्वीकृति दिइनेछैन् ।

१५. क, ख र ग वर्गका भवनहरुको निर्माण स्वीकृतिको लागि निवेदन दिंदा भवनको स्वामित्वकर्ताले भवन निर्माणको सुपरीवेक्षण भवन ऐन २०५५ को दफा ११ (३) अनुसार योग्यता पुगेको प्राविधिकसँग तोकिएको ढाँचामा भएको सम्झौतापत्र समेत समावेश गर्नुपर्नेछ । भवन स्वामित्वकर्ताले चाहेमा यसै नियमानुसार अर्कै प्राविधिक मार्फत निर्माण सुपरिवेक्षण गराउन सक्नेछ । आफूले सम्झौता अनुसार सुपरिवेक्षण कार्य गर्न नसक्ने भएको अवस्थामा प्राविधिकले सोको सूचना अविलम्ब गाउँपालिकालाई दिनु पर्नेछ । यस्तो सूचना नदिने प्राविधिकलाई स्थानीय निकायले कालो सूचीमा राख्नेछ ।

१६.शहरको स्वरुपमा नकारात्मक असर पर्ने भनि प्राविधिक समितिले सिफारिस गरेमा कुनै पनि भवनमा होडिङ्ग बोर्ड टावर आदी राख्न दिईनेछैन साथै भवनको स्ट्रक्चरल डिजाईनमा नै यस्ता संरचनाहरुको भारलाई समावेश गरेको भए मात्र त्यस्ता संरचनाहरु जडान गर्न दिईनेछ।

१७. Emergency Response Plan संलग्न नभएका संयुक्त आवास तथा सार्वजनिक भवनहरुलाई भवन निर्माण अनुमति दिइनेछैन्।

१८. स्वीकृति प्रदान गरिएको अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेमा भवनको जति तल्लाको निर्माण कार्य सम्पन्न भएको छ, सोको निर्माण सम्पन्न प्रमाणपत्र दिइनेछ। यसरी आंशिक निर्माण सम्पन्न प्रमाणपत्र लिइसकेका भवनले थप निर्माण कार्य गर्न पुनः अनुमति लिनु पर्नेछ।

१९. सार्वजनिक पानीको मुहान र निकासलाई असर पर्ने गरि कुनै संरचना निर्माण गर्न दिइनेछैन् ।

२०. **विधुत लाइन सम्बन्धी व्यवस्था तथा विधुत नियमावली र छोड्नुपर्ने दुरी देहाय बमोजिम हुनेछ।**

भवन निर्माणको स्वीकृत दिने क्रममा विद्युत प्राधिकरणको पोल, तार हाई टेन्सन लाईन आदि पर्ने ठाउँमा विद्युत व्यवस्था नियमावली २०५० अनुसार सेट व्याक लाइन लागइनेछ। विद्युत व्यवस्था नियमावली परिर्वतन भएमा सो परिवर्तित नियमलाई नै गाँउपालिकाले लागु गर्ने छ । साथै घर निर्माण गर्दा सडक बत्ति सटैण्डको व्यवस्था गरेर घर धनी आफैले सडक बत्ति राख्नु पर्नेछ ।

क. कुनै पनि भवन विद्युत प्रसारण वा विद्युत वितरण लाइनका तारहरुबाट विद्युत नियमावली २०५० अनुसार नेपाल विद्युत प्राधिकरणले तोकेको दूरी छाडि मात्र निर्माण गर्न पाइने छ ।

ख. २३०/४०० भोल्टेज देखि ११ हजार भोल्ट सम्मको नाङ्गो तार छेउबाट विद्युत नियमावली २०५० अनुसार नेपाल विद्युत प्राधिकरणले तोकेको दूरी छाडि मात्र निर्माण गर्न पाइने छ ।

ग. १३२ KVA सम्मको तार छेउबाट विद्युत नियमवाली २०५० अनुसार नेपाल विद्युत प्राधिकरणले तोकेको दुरी छाडि मात्र निर्माण गर्न पाइने छ।

घ. विधुतीय उपकरण सम्वन्धी अन्य उपकरणको तार जडान गर्दा बाटोमा मर्का नपर्ने गरी मात्र जडान गरेको हुनुपर्नेछ अन्यथा गाउँपालिकाको कार्यालयले गरेको निर्णयानुसार हुन जानेछ ।

**२१. जग्गाधनी प्रमाण- पूर्जा देहाय अनुरुप हुनेछ :**

क. जग्गा जसको नाममा छ उसैको नाममा मात्र निर्माण स्वीकृती प्रमाण-पत्र दिइनेछ। तर अरुले हकभोगको जग्गामा निर्माण गर्ने भए निजको हकभोगको निस्सा र निस्सा सहित लिखित मन्जुरीनामा पेश गर्नु पर्नेछ।

ख. नक्शामा जग्गाको नाप र आकार, जग्गा धनी प्रमाण पत्र पुर्जामा देखाइएको जग्गाको क्षेत्रफल र नापी नक्शा एक आपसमा दुरुस्त हुनु पर्नेछ । कथंकदाचित यी तिनै वस्तुहरुमा मेल हुन नआएमा जुन चाहि सबभन्दा कम देखिन्छ त्यसैलाई आधार मानिनेछ ।

ग. यदि जग्गाको नाप र आकार, जग्गा धनी प्रमाण पत्र पूर्जाको क्षेत्रफल र नापी नक्शा एक आपसमा मेल नभएको खण्डमा चारैतिरको सँधियारहरुले सँधियारहरुको कुनै भाग नचर्चेको भनी लिखित मञ्जुरीनाम दिएमा नक्शा पास गरिनेछ । तर यस्तो स्थितिमा सार्वजनिक जग्गातर्फ मिचिएको वा नमिचिएको गाउँपालिकाले हेर्नेछ ।

**२२. जग्गा विकासको लागि प्लटिङ्ग अनुमति सम्बन्धी व्यवस्थाः**

(क) अनुमति नलिई आवास तथा अन्य प्रयोजनको लागि जग्गा प्लटिङ्ग गर्न नहुनेः कुनैपनि व्यक्ति वा निकायले गाउँपालिका क्षेत्रका हकमा गाउँपालिकासँग अनुमति नलिई आवासीय वा अन्य प्रयोजनको लागि एकीकरण वा घडेरी सेवा सुविधाको माध्यमबाट जग्गा विकास (प्लटिङ्ग) कार्यक्रम संचालन गरी घडेरीहरुको विक्री वितरण,हक हस्तान्तरण गर्न पाउने छैन् ।

(ख) गाउँपालिका क्षेत्रभित्र आवासीय वा अन्य प्रयोजनको लागि जग्गा विकास कार्यक्रम संचालन गर्न गाउँपालिकामा सूचिकृत व्यक्ति वा संस्थाले अनुमतिका लागि गाउँपालिका कार्यालय समक्ष दरखास्त दिनु पर्नेछ ।

**२३. दरखास्त साथ खुलाउनु पर्ने विषयहरुः**

यस बमोजिम पेश हुने दरखास्त साथ प्रस्तावित जग्गा विकास कार्यक्रमको प्लटिङ्ग डिजाइन नक्सा जसमा मुख्य सम्पर्क मार्ग र सहायक मार्ग रहने स्थान र सडकको चौडाई, घडेरीहरुको क्षेत्रफल र संख्या, खुल्ला क्षेत्रको अनुपात र स्थान, खानेपानी, ढल निकास, विजुली, टेलिफोन आधारभूत सेवा सुविधा सम्बन्धी योजना र हालका अवस्था जस्ता विषयहरु स्पष्ट रुपमा खुलेको हुनुपर्ने छ।

(क) हक भोगको निस्सा र अन्य लिखत पेश गर्नुपर्नेछ ।

यस बमोजिम अनुमतिका लागि गाउँपालिका समक्ष दरखास्त पेश गर्दा प्रस्तावित जग्गा विकास कार्यक्रम संचालन गर्ने जग्गाको हकभोगको निस्सा (व्यक्तिको हकमा जग्गा धनी प्रमाण पत्र तथा नागरिकताको प्रमाण पत्र, संघसंस्थाको हकमा संस्था दर्ता प्रमाण पत्र जग्गाको स्वामित्व स्पष्ट हुने प्रमाण) संलग्न राख्नु पर्नेछ ।

(ख) प्लटको न्यूनतम मोहडा र क्षेत्रफल प्लट अनुमतिको लागि गठित सिफारिश समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

**२४. जाँचबुझ गर्न सक्नेः**

प्लट अनुमतिका लागि १ विगहा वा सोभन्दा माथिका हकमा दरखास्त दर्ता भएपछि सो दरखास्त उपर नेपाल सरकार बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डले निर्धारण गरेका मापदण्डहरु पालन, भए नभएको जाँचबुझ गरी कुनै मापदण्ड पुरा गर्न लगाई ७ दिन भित्र गाउँपालिकाले देहाय बमोजिम गर्नुपर्नेछ।

क) प्रस्तावित जग्गा विकास कार्यक्रमबाट संधियार कसैलाई पिरमर्का पर्ने भए आफूलाई परेको पिरमार्काको पुर्ण विवरण खुलाई ७ दिनभित्र उजुर गर्न आउनु भनि सम्बन्धित संधियारहरुले देखिने स्थानहरुमा सुचना टाँस गर्ने ।

(ख) खण्ड (क) बमोजिमको सूचनामा उल्लेखित म्याद नाघेको ३ दिनभित्र गाउँपालिकाले अमिन सहितको प्राविधिक टोली खटाई दरखास्तमा उल्लेख भए बमोजिम जग्गा विकास (प्लटिङ्ग) कार्यक्रम संचालन गर्न मिल्ने वा नमिल्ने कुराको जाँच गरि प्रतिवेदन दिन लगाउने ।

ग) प्रस्तावित क्षेत्र भू-उपयोग क्षेत्र अनुसार संवेदनशील वा जोखिमयुक्त क्षेत्र भन्ने लागेमा गाउँपालिकाले सम्बन्धित क्षेत्रका विज्ञहरु समेत रहेको समिति वा कार्यको समिति वा कार्यदल गठन गरी त्यसको सुझाव लिने।

**२५. अनुमति सम्बन्धी विशेष व्यवस्थाः**

(क) यस निर्देशिका बमोजिम प्लट अनुमतिका लागि गा.पा. प्रमुख समक्ष सिफारिस गर्न कार्यपालिकाको बैठकले निर्णय गरे अनुसारको हुनेछ ।

**२६. जग्गा विकास कार्यक्रम संचालन वा परामर्शदाताहरु सूचीकृत हुनुपर्नेः**

यस निर्देशिका बमोजिम करैयामाई गाउँपालिका क्षेत्र वा क्षेत्रसंग सीमा जोडिएको गा.पा. भित्र व्यवसायिक रुपमा जग्गा विकास (प्लटिङ्ग) कार्यक्रम संचालन गर्न चाहने व्यवसायिक फर्म, संघसंस्था वा परामर्शदाताहरु करैयामाई गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य रुपमा सूचीकृत हुनुपर्नेछ ।

२७. प्लटिङ्ग अनुमति तथा अन्य प्रक्रियाको लागि गाउँपालिका कार्यालयले तोके बमोजिमको शुल्क तिर्नुपर्ने छ ।

**२८. विविधः**

क) नापीनक्सा तथा श्रेस्तामा बाटो कायम नभएको सार्वजनिक जग्गालाई बाटो कायम गरी भवन निर्माण स्वीकृतिका लागी गाउँ कार्सयपालिकाको निर्णय अनुसार सम्वन्धित निकायबाट बाटो कायम हुने भएमा अनुमति दिईनेछ ।

ख) प्रत्येक घरमा सेफ्टी ट्यांक अनिवार्य रुपमा राखे गरि मात्र भवन निर्माण स्वीकृति दिइनेछ ।

ग) प्राकृतिक ताल, धाप, पोखरी, पानीका मुहान आदि मास्ने गरी भवन निर्माण स्वीकृति दिइने छैन् ।

घ) संस्थागत भवन, सभा-सम्मेलन भवन र सार्वजनिक भवन निर्माण गर्न स्थानीय निकायबाट योजना अनुमति (Planning Permit) लिएर मात्र नक्सापासको प्रक्रिया अगाडि बढाउनु पर्छ।

ङ) छतको पानीलाई व्यवस्थित तरिकाले पाईपद्धारा ढलमा खसाउनुपर्ने छ ।

च) निर्माण सामाग्रीः भवन निर्माण कार्यसंग सम्बन्धित कुनै पनि निर्माण सामाग्री बाटोमा राखेर मानिस तथा सवारी साधनको आवागमनलाई बाधा पुर्याउन पाईने छैन् । विशेष परिस्थिति परि निर्माण सामाग्री सडकमा नै राख्नुपर्ने भएमा गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्ने छ । यसमा गाउँपालिकाले आवश्यक शूल्क तथा जरिवानाको व्यवस्था गर्न सक्नेछ ।

छ) भवन निर्माण स्थलमा निर्माण अनुमति पत्र राख्नुपर्नेः भवनको स्वामित्वकर्ताले भवन निर्माण अवधिसम्म आवश्यक विवरणहरु खुल्ने गरी आफूले प्राप्त गरे निर्माण अनुमतिपत्र र स्वीकृत नक्साको साइटप्लान निर्माणस्थलमा सर्वसाधारणले प्रष्ट देखे गरी राख्नुपर्नेछ ।

**२९. अतिरिक्त प्रावधानहरुः**

(क) गाउँपालिकामा पेश हुने नक्साहरु गाउँपालिकाबाट स्वीकृत प्राप्त प्राविधिक वा कन्सल्टिङ्ग फर्मबाट तयार भएको हुनुपर्नेछ।

(ख) पाँच तल्ला भन्दा बढीको भवनहरु तथा गाउँपालिकाले आवश्यक छ भनि तोकेको भवनहरु निर्माणका लागि स्वीकृत लिन स्ट्रक्चरल डिजाइनको साथसाथै भूकम्पको दृष्टिकोणबाट सुरक्षित डिजाइन आगलागीबाट बचावटको प्रावधान गरिएको हुनुपर्दछ ।

(ग) स्ट्रक्चरल डिजाइनको नक्सा पेश गरी सिफारिस गरिएको अवस्थामा स्ट्रक्चरल डिजाइनकर्ताले सो जिम्मेवारी लिनुपर्दछ।

## ३०. वेसमेन्ट सम्बन्धी व्यवस्थाः

निम्न बमोजिमको उपभोगको लागि मात्र वेसमेन्ट बनाउन पाइनेछ ।

क. सामान्य प्रज्वलनशील खालका घरेलु वा अन्य वस्तुहरु स्टोर गर्नको निमित्त।

ख. भवनको सेवा र सुविधाको लागि प्रयोग हुने एयरकन्डिशन जेनरेटर वा अन्य मेशीन वा यन्त्रहरुको निमित्त ।

ग. पार्किङ्गको निमित्त ।

घ. गाउँपालिकाले तोकेको अन्य प्रयोगको निमित्त ।

ङ. वेसमेन्ट/सेमिवेसमेन्ट निर्माणको लागि भेन्टिलेशनको व्यवस्था समेतको नक्सा स्वीकृतिको लागि गाउँपालिकामा पेश गर्नुपर्दछ।

आवासीय प्रयोजन बाहेक अन्य प्रयोजनको लागि निर्माण गरिने बेसमेन्ट सहितको नक्सा पासको हकमा पुरा शहरी क्षेत्रमा जमिन मुनि एकतल्लासम्म मात्र बेसमेन्ट निर्माण गर्न पाइने यसरी निर्माण गर्ने भएमा संधियार तर्फको सेटब्याक न्यूनतम ६ फिट र सडक तर्फ ८ फिट छाड्नु पर्नेछ । यसरी सेटब्याक छाडेर निर्माण गर्न पनि समुचित सुरक्षा अपनाउनु पर्नेछ,साँध संधियार तर्फ कुनै प्रकारको हानि नोक्सानी हुन गएमा सोको क्षतिपूर्ति स्वयं निर्माणकर्ताले व्यहोर्नु पर्नेछ । आवश्यक Damp Proffing र Drainage को उच्चित व्यवस्था गर्नुपर्नेछ ।

## ३१. पुरानो घरमा तल्ला थप सम्बन्धी व्यवस्थाः

यस मापदण्ड लागु हुन भन्दा अगाडी गा.पा.ले तोके बमोजिम त्यस बेलाको मापदण्ड पालना गरी आवश्यक परेको बखत भत्काउने शर्तनामा नभएको) स्वीकृत लिएका घरहरुको तल्ला थप गर्नुपरे त्यस बेलाको विधमान मापदण्ड अनुसार नै तल्ला थपको लागि स्वीकृति दिन तर नभत्काई बनाउँदाको अवस्थामा भने वर्तमान मापदण्डले निर्देशन गरे अनुसार नै हुनुपर्नेछ ।

**३२.** मापदण्ड लागू भएको क्षेत्रमा सोको पालना नगरी बनेको कुनैपनि भवनलाई गाउँपालिकाले पूर्ण वा आंशिक रुपमा भत्काउन लगाउने वा भत्काउनेछ ।

भवनको स्वामित्वकर्ताले आनाकानी गरेको कारण मापदण्ड विपरित निर्माण भएको कुनै भवन गाउँपालिकाले भत्काउनु परेमा वा भत्काउन लगाउन परेमा,

भत्काउन लाग्ने खर्च निज स्वामिकर्ताबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

३३. यस मापदण्डले तोकिएको कुराहरु यसै बमोजिम र यसले नतोकेका कुराहरु नेपाल सरकारले स्वीकृत गरेको बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड अनुसार हुनेछ ।

३४. सडक तर्फ छोडेको सेडव्याकमा सिंढी, र्याम्प, चापाकल तथा कुनै प्रकारको संरचना निर्माण गर्न पाइनेछैन् ।

३५. पहिलो तल्ला तथा सोभन्दा माथिल्लो तल्लाको छानामा सेट व्याकमा वढीमा ३ फिट सम्मको बाल्कोनी मात्र निर्माण गर्न पाइनेछ ।

३६. संस्थाको नाममा निर्माण हुने भवनको क्षेत्रफल ५०० (पाँच सय) वर्ग मिटरभन्दा कम भएमा संस्था वा निर्णय बमोजिम आवासीय प्रयोजनको भवन निर्माण मापदण्ड लागु हुनेछ । उक्त भवन संस्थागत वा आवासीय प्रयोजनमा उपयोग गर्न पाइनेछ। तर यो व्यवस्था बमोजिम विद्यालय र अस्पतालको हकमा सम्बन्धित मन्त्रालयबाट तोकिएको मापदण्ड अनुसार लागु हुनेछ ।

३७. पोर्टिको माथिल्लो तल्लाको सिंढी घर, जमिन तल्लाको पार्किङ्ग र एट्रियमलाई फ्लोर एरिया रेसियो (FAR) तथा कभरेजमा गणना गरिने छैन् । एट्रियमलाई छाना राखी छाएको खण्डमा भुईतल्ला सर नक्सा पास दस्तुर लाग्नेछ ।

३८. पार्किङ्ग प्रयोजनको लागि मात्र उपयोग हुने गरी निर्माण हुने खुल्ला प्रकारको बहुतल्ले पार्किङ्ग भवन निर्माण स्वीकृति दिंदा नियमानुसार सेट ब्याक छोडी बाँकी जग्गाको क्षेत्र ओगटी निर्माण अनुमति दिन सकिनेछ ।

३९. २०७४ साल पछाडि भवन निर्माणका लागि इजाजत पाएका र नयाँ मापदण्ड अनुसार सेटब्याक छोडेका नाला बाहेकको जग्गामा कम्तीमा २ वटा बिरुवा लगाउने तथा नेपाल सरकार, प्रदेश सरकार, करैयामाई गाउँपालिकाले आवश्यक परेको समयमा भत्काउने शर्तमा सरसफाई तथा सुरक्षाका लागि बढीममा ४ फिट सम्म अस्थायी रुपमा कम्पाउण्ड वाल लगाउन सकिनेछ ।

४०. आवासीय प्रयोजनको भवन भाडामा लगाउँदा आवासीय प्रयोजनमा नै लगाउनुपर्नेः सरकारी तथा गैरसरकारी निकायहरु, स्वास्थ्य संस्था, विद्यालय आदिले आवासीय प्रयोजनका भवनहरु आवासीय प्रयोजनको लागि मात्र भाडामा लिन पाउने छन्।

४१. मञ्जुरीनामा सम्बन्धी व्यवस्थाः मापदण्ड पुर्‍याउने प्रयोजनको लागि संधियारको मञ्जुरीनामाका आधारमा भवन निर्माण अनुमति वा निर्माण सम्पन्न प्रमाण पत्र दिइने छैन् । तर मापदण्ड पुर्‍याउनका लागि भवन स्वामित्वकर्ताले जोडिएको कित्ताको थप जग्गा खरिद गरी सोही भवन भएको जग्गाम समावेश गरेमा भवन निर्माण अनुमति वा निर्माण सम्पन्न दिइनेछ । यसरी निर्माण अनुमति वा भवन निर्माण सम्पन्न प्रमाण पत्र लिइसकेपछि एकमुष्ट कित्तालाई कित्ताकाट वा खाली कित्ता बेचबिखन गर्दा करैयामाई गाउँपालिकाको प्राविधिकबाट स्थलगत जाँच गराई स्वीकृत मापदण्ड कायम रहनेगरी कित्ताकाट वा खाली कित्ता बेचबिखन गर्न सकिनेछ । स्वीकृत मापदण्ड कायम नहुने गरी किताकाट बेचबिखन गरेमा सो भवनको इजाजत पत्र वा निर्माण सम्पन्न प्रमाण पत्र नक्सा स्वीकृत गर्ने पदाधिकारी भन्दा एक तह माथिको पदाधिकारीबाट निर्णय भई खारेज हुने छ ।

४२. भवन इजाजतको लागि पेश हुने डिजाइन ड्रईङमा Septic Tank, Burnable & non Burnable Bin एवं तिनतल्ला भन्दा माथिको सबै घरमा Rainwater harvesting को लागि उचित व्यवस्था भएको हुनु पर्नेछ ।

४३. Green House Friendly Building बनाउने इच्छा देखाएमा लाग्ने नक्सा पास दस्तुरमा ५०% छुट दिइनेछ ।

४४. यस मापदण्डमा उल्लेखित व्यवस्था बाहेक अन्य व्यवस्था निर्माण सम्बन्धी मापदण्ड २०६४, वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड २०७२ अनुसार हुनेछ।

४४. निर्माण सम्पन्न वा तल्ला थप स्वीकृतिको लागि पेश हुन आउने तत्कालिन मापदण्ड अनुसार बनेका भवनहरुको हकमा स्वीकृति दिनु पुर्व भवनसंहिता अनुसारको निर्माण कार्य चेकजाँच गरिनेछ।

४५. स्थानीय सरकार संचालन एनेको दफा ३८ मा व्यवस्था भएको बाहेक Commercial Buildings,Housing Complex, Appartments जस्ता ठूला परियोजनाको हकमा तोकिएको म्याद भित्र निर्माण सम्पन्न गर्न नसकिएमा म्याद सकिनु अगावै म्याद थप माग भएमा दोश्रो पटक म्याद थप गर्नु परेमा प्रमुख प्रशासकीय अधिकृतले पहिले लागेको दस्तुरको दश प्रतिशत दस्तुर लिई थप दुई वर्षको लागि भवन निर्माण गर्ने म्याद थप गरि दिन सक्नेछ ।

४६. यो मापदण्डले तोकेको भन्दा बढी निर्माण कार्य भएको भए सो संरचना करैयामाई गाउँपालिकाले आदेश दिएका बखत भत्काउने र थप निर्माण कार्य नगर्ने व्यहोराको सनाखत गरी त्यस्तो संरचनाको लगत अभिलेखीकरण मात्र गरिनेछ।

४७. साविकका गा.वि.स.हरुबाट भवन इजाजत प्राप्त गरि बनाइएका भवनहरुको हकमा सम्पन्नता शुल्क लिई त्यस्तो संरचनाको पनि लगत अभिलेखिकरण गरिनेछ ।

४८. निर्मित भवन, तल्ला थप गर्ने भवन, नयाँ निर्माण गरिने भवन तथा संरचना इत्यादिको नक्सा पास, निर्माण सम्पन्न तथा अभिलेखीकरण कारवाहीको लागि करैयामाई गाउँपालिका गाउँ कार्यालयबाट जारी भएको कार्यविधि अनुसार गरी कार्यान्वयन गरिनेछ ।

४९. निर्माण सम्पन्न प्रमाणपत्र जारी गर्दा मापदण्ड र भवन संहिता अनुसार निर्माण भएका भवनहरुलाई मापदण्ड र भवन संहिता अनुकूल भएको निर्माण सम्पन्न प्रमाण पत्र जारी गरिनेछ ।

५०. यस मापदण्डमा उल्लेखित कुराहरुलाई थप प्रष्टता गर्नुपर्ने वा कुनै प्रकारको बाधा अडकाउ फुकाउनु पर्ने भए गाउँ कार्यपालिकाको बैठकबाट निर्णय गरी बाधा अड्काउ फुकाउ गर्न सकिनेछ ।

५१. नदि किनारमा भवन निर्माण गर्दा नदिको प्रकृती हेरी नदि किनाराबाट १० मि. देखी २० मि. सम्म छाडि निर्माण कार्य गर्न दिइनेछ।

५२. करैयामाई गाउँपालिका क्षेत्रभित्रको बढ्दो सहरीकरण तथा जनघनत्वलाई मध्यनजर गर्दै गाउँपालिकाले आफ्नो क्षेत्रमा रहेका भवनहरुको वर्गीकरण गरी भूकम्प वा विपद्को दृष्टिले जोखिमयुक्त भवनहरुलाई प्रबलिकरण गर्ने, प्रबलिकरण गर्न नसकिने भवनहरुको पहिचान गरि भत्काउन आदेश दिनेछ।

५३. यस पालिकाबाट व्यवसाय प्रमाणपत्र लिई भवन निर्माणका लागि नक्सा बनाउन इजाजत लिएका सब इन्जिनियर, इन्जिनियर, कन्सल्टेन्टहरुबाट स्वीकृत मापदण्डमा आधारित रही घर नक्सा पेश गर्नु पर्नेछ । स्वीकृत मापदण्ड विपरित नक्सा बनाई पेश गरेमा पहिलो पल्टलाई सफाईको मौका दिई सचेत गराइनेछ। पुनः त्यस्तै गल्ती दोहर्‍याई घर नक्सा पेश गरेमा विना सूचना कालो सूचीमा राखिने छ ।

**५४. भवन निर्माण इजाजत सम्बन्धी कार्यविधिः**

१. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

क. दरखास्त साथ प्रस्तावित घरको हरेक फ्लोरहरुको प्लान, साईट प्लान, चारै तर्फको एलिभेशन लोकेशन प्लान, भवनको अधिकतम उचाईंको सेक्सन स्ट्रक्चरल डिटेल/डिजाईन आदिको नक्सा तोकि बमोजिम पेश गर्नु पर्नेछ ।

ख. प्लान, मोहडा (Elevetion) र सेक्शन १:१०० वा १:५० को स्केलमा तयार गरेको हुनु पर्नेछ साइट प्लान १.५ कठ्ठा सम्मको क्षेत्रफलको लागि १:२००,

३ कठ्ठा सम्मको लागि १:४०० तथा सो भन्दा माथिको लागि १:८०० को स्केलमा पेश गर्नुपर्नेछ ।

ग. दरखास्त साथ भवनको नक्सा २ (दुई) थान पेश गर्नु पर्नेछ ।

घ. नक्सामा सेप्टीक टैंकको Position/Dimention प्रष्ट रुपमा देखाउनु पर्नेछ।

ङ. निर्माण स्थलमा स्वीकृत नक्सा अनिवार्य रुपमा राख्नु पर्नेछ र साईटमा जुनसुकै वेला मांग भएको बखत पेश गर्नु पर्नेछ ।

२. घर नक्सा पास प्रक्रियाको लागि निवेदकले निवेदन फारम साथ पेश गर्नु पर्ने कागजातहरु:

(क) जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि ।

(ख) जग्गाधनीको नागरिकताको प्रतिलिपि ।

(ग) अद्यावधिक चौहदी प्रमाणित प्रमाण पत्र ।

(घ) एकिकृत सम्पत्तिकर तिरेको प्रमाण पत्रको प्रतिलिपि ।

(ङ) जग्गाको प्रमाणित ब्लु प्रिन्ट नक्सा/फाईल नक्सा सक्कल प्रति (कित्ता नं. र बाटो प्रष्ट हुनु पर्ने) ।

(च) प्रमाणित ट्रेस नक्सा सक्कल प्रति ।

(छ) बाटो प्रष्ट गर्न आवश्यक भएमा प्लट रजिष्टर र फिल्डबुक ।

(ज) रजिष्ट्रेशन,(राजिनामा,बकसपत्र वा अंशवण्डा) ।

(झ) व्यक्तिगत बाटोको हकमा सहमति पत्र ।

(ञ) निवेदन पुस्तक अनुसार आवश्यक प्रति निवेदकको हालसालै खिचेको फोटो

(ट) निवेदक आफै उपस्थित हुन नसकेमा वारिसनामा र वारिसको नागरिकता

(ठ) विद्यालय, नर्सिङ्गहोम, अस्पताल जस्ता भवनहरुको हकमा सम्बन्धित निकायको सिफारिस पत्र ।

यसरी निवेदकले उपरोक्त कागजात नक्सा निवेदन पुस्तिका साथ संलग्न गरी पेश गर्नुपर्ने छ ।

३. भवन निर्माण इजाजतको लागि नक्सा निवेदन पुस्तिकामा भएको विवरण भरि प्रस्तावित घरको यस कार्यालयबाट स्वीकृति लिएका प्राविधिकबाट माथि उल्लेख भए अनुसारको नक्सा तैयार गराई तोकिए बमोजिम पेश गर्नुपर्ने छ ।

४. प्राविधिकबाट तैयार गरिएको घर नक्साको जम्मै प्रतिमा प्राविधिकको साथै जग्गाधनीको हस्ताक्षर भएको हुनु पर्नेछ ।

५. नक्सा निवेदन पुस्तिकामा डिजाईन गर्ने तथा सुपरिक्षेण गर्ने प्राविधिकको रीतपूर्वकको हस्ताक्षर हुनुपर्नेछ ।

६. निवेदकले हाल बनाइने र भविष्यमा निर्माण गर्ने तल्ला संख्या अनिवार्य रुपले उल्लेखित गर्नु पर्नेछ ।

७. रितपूर्वकको पेश हुन आएको नक्सा भवन निर्माण मापदण्ड र भवन आचार संहिता अनुरुप भए नभएको चेक गरी सबै रित पूर्वक भएमा आवश्यक प्रक्रियाको लागि दर्ता गरिनेछ ।

८. नक्सा दर्ता भएपछि तारिख पर्चा खडा गरी निवेदकलाई मिति तोकी कार्यालयमा सम्पर्क गर्न वोलाइने छ र निज निवेदकको चौहदी बमोजिम प्रत्येक संधियार र सरोकारवालाको नाममा कुनै किसिम पिरमार्का या उजुर वाजुर गर्नुपर्ने भएमा १५ दिनभित्र यस कार्यालयमा सम्पर्क गर्ने व्यहोरा जन सूचना पठाइने छ ।

९. यसरी १५ दिनभित्र कुनै किसिमको उजुर नपरेको खण्डमा अर्को ७ सात दिनभित्र सर्जमिनको म्याद तोकिने छ ।

१०. सर्जमिन हुने बारे सबै सरोकारवालाहरुलाई पत्रद्वारा सर्जमिनमा उपस्थित हुन जानकारी गराइनेछ ।

११. सर्जमिनको अवस्थामा आफ्नो सिमाना प्रष्ट हुने गरि जमिन भन्दा माथि देखिने गरि किल्ला गाडिए हुनु पर्नेछ । जग्गाको सिमाना प्रष्ट नभए सर्जमिनको काम गर्न गराउन कार्यालय बाध्य हुने छैन् ।

१२. सर्जमिन भएको ३५ दिन भित्र प्रक्रिया पुर्‍याई पेश भवनको नक्सा ३ तीन चरणमा पास गरिने व्यवस्था भएको छ ।

(क) प्रथम चरणमा प्लिन्थलेभलसम्म निर्माण गर्न इजाजत प्रमाणपत्र प्रदान गरिने छ ।

(ख) प्लिन्थ लेभलसम्मको काम पुरा भएको बारे निवेदकबाट जानकारी प्राप्त भएपछि यस कार्यालयको प्राविधिकबाट चेक जांच गराई भवन आचार संहिता र मापदण्ड बमोजिम निर्माण भएको अवस्था सुपर स्ट्रक्चरको लागि दोस्रो चरणको भवन निर्माण इजाजत प्रमाणपत्र प्रदान गरिनेछ ।

(ग) स्वीकृत नक्सा बमोजिम निर्माण कार्य तोकिएको समय अवधिभित्र पुरा भएको जानकारी प्राप्त भए पश्चात कार्यालयको प्राविधिकबाट चेक जाँच गराई भवन आचार संहिता तथा प्रचलित मापदण्ड बमोजिम निर्माण सम्पन्न भएको अवस्थामा निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिनेछ ।

१३. यस कार्यालयबाट नक्सा पासको लागि १५ दिने सूचना म्याद भित्र उजुर परेको खण्डमा दुवै पक्षको रोहवरमा समस्या सामाधान गरी मात्र सर्जमिनको म्याद तोकिनेछ ।

१४. साविकमा पास भएको घर नक्साको परिधिभित्र रही अर्को तल्ला थप गर्न, कोठा थप गर्न, मोहडा थप तथा नयाँ निर्माण कार्य गर्नु परेमा प्राविधिक प्रतिवेदनको आधारमा इजाजत दिइनेछ ।

१५. नापी नक्सा देखिने घरको सम्बन्धमा प्रस्तावित तल्ला थप घरको नक्सा सहित साविक घरको प्लान, चार किल्ला मोहडा, सबै भन्दा अग्लो भागको क्रश सेक्शन, साईट प्लान, लोकेशन प्लान समेतको नक्सा पेश गर्नु पर्नेछ ।

१६. पुरानो घर भत्काई नयाँ घर बनाउनु परेमा पुरानो घरको चारैतिरका फोटोहरु संलग्न राँखी उपरोक्त प्रकृया पुर्याई निवेदन इजाजतको लागि पेश गर्नुपर्ने छ ।

**५५. प्रचलित कानुन वमोजिम हुने :**

यो मापदण्डमा उल्लेखित प्रावधान प्रचलित ऐन संग वाझिएको खण्डमा वाझिएको हदसम्म सो प्रावधान निस्कृय हुनेछ ।

**५६. खारेजी र वचाउ :**

१. यस मापदण्ड लागु हुनु अघि यस गाँउपालिकाले लागु गरेको मापदण्ड अनुरुप भए गरेको सम्पुर्ण काम कारबाहीहरु कार्यविधि बमोजिम भए गरेको मनिने छ ।

२. वस्ती विकाश सहरी योजना तथा भवन निर्माण मापदण्ड तथा भवन निर्माण ईजाजत सम्वन्धी कार्यविधि २०८० मा जुन सुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार तथा प्रदेश सरकारले बेला बखतमा गरेको निर्णयानुसार नै हुनेछ।

# करैयामाई गाउँपालिकाको स्थानीय आयोजना बैंक सञ्चालन कार्यविधि,२०८१

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/११/२२ गते
राजपत्रमा प्रकाशित मितिः २०८१/११/२३ गते

## परिच्छेद–१
## प्रारम्भिक

**प्रस्तावनाः**

नेपालको संविधानमा भएको व्यवस्था र संघ तथा प्रदेशको कानून, नीति तथा कार्यक्रम, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (२०७६) समेतलाई आधार बनाई आवधिक योजना, रणनीतिक योजना एवम् दिगो विकासको लक्ष्यको मार्गचित्र समेतलाई ध्यानमा राखी स्थानीय तहको विकास योजना प्रक्रियालाई व्यवस्थित गर्नु आवश्यक छ । सीमित स्रोतको उचित उपयोग र प्राथमिकताका आधारमा आवधिक योजना, मध्यमकालिन खर्चसंचरना र वार्षिक नीति तथा कार्यक्रमलाई एक अर्कामा तादम्यता मिलाइ स्थानीय तहका योजनाहरुको पहिचान, विश्लेषण, प्राथमिकीकरण र छनौट प्रक्रियालाई सहभागितामूलक, तथ्यपरक र पारदर्शी बनाइ विकास प्रशासनलाई गुणस्तरीय, नतिजामूलक र अनुमानयोग्य बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम **"स्थानीय आयोजना बैंक संचालन कार्यविधि, २०८१"** तर्जुमा गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"स्थानीय आयोजना बैंक संचालन कार्यविधि, २०८१"** रहेको छ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) **"आयोग"** भन्नाले प्रदेशको विषयसँग जोडिएको अवस्थामा प्रदेश योजना तथा निति आयोग र संघको विषयसँग जोडिएको अवस्थामा राष्ट्रिय योजना आयोगलाई सम्झनु पर्छ ।

(ख) **"आयोजना"** भन्नाले तोकिएको उद्देश्य प्राप्त गर्न निश्चित बजेट र समयसीमाभित्र सम्पन्न गर्ने गरी सञ्चालन गरिने विभिन्न विषयक्षेत्रसँग सम्बन्धित क्रियाकलापहरुको समष्टिलाई सम्झनु पर्छ । यस कार्यविधिको प्रयोजनको लागि उक्त शब्दले संघ, प्रदेश र स्थानीय सरकारले सञ्चालन गर्ने कुनै कार्यक्रम, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ बमोजिम स्थानीय तहले सञ्चालन गर्ने आयोजना समेतलाई जनाउनेछ ।

(ग) **"आयोजना बैंक"** भन्नाले आयोजनाको पहिचान, लेखाजोखा, छनौट र प्राथमिकीकरण गरी प्रविष्टि गर्न तयार भएका आयोजनाहरूलाई करैयामाई गाउँपालिकामा स्थापना गरिएको योजना व्यवस्थापन सूचना प्रणाली र सो प्रणालीमा सूचीकृत योजनाहरूको विवरणको संग्रहलाई सम्झनु पर्छ ।

(घ) "**प्रदेश सरकार**" भन्नाले यस कार्यविधिको प्रयोजनका लागि सम्बन्धित प्रदेश सरकार सम्झनु पर्छ ।

(ङ) "**मापदण्ड**" भन्नाले योजना विकास, लेखाजोखा, छनौट तथा प्राथमिकीकरण सम्बन्धी मापदण्डलाई सम्झनुपर्दछ ।

(च) "**स्थानीय तह**" भन्नाले करैयामाई गाउँपालिका सम्झनु पर्छ ।

(छ) "**सचिवालय**" भन्नाले दफा ५ (३) बमोजिमको स्थानीय आयोजना बैंकको सचिवालयलाई जनाउँदछ ।

## परिच्छेद - २
## स्थानीय आयोजना बैंक सम्बन्धी व्यवस्था

**३. स्थानीय योजना बैंकको स्थापना**: (१) प्रदेश योजना आयोग र तथा स्थानीय सरकारहरूमा विद्युतीय सूचना प्रणालीमा आधारित आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीसहितको एक योजना बैंक रहनेछ। तर सुचना व्यवस्थापन प्रणालीको स्थापना नहुँदासम्म पालिकाको सचिवालयले व्यवस्था गरे बमोजिम हुनेछ ।

(२) स्थानीय योजना बैंकको सञ्चालन यस कार्यविधि बमोजिम हुनेछ ।

(३) योजना लागत रु. ३ करोड भन्दा बढीका योजनाहरु योजना बैंकमा प्रविष्ट गर्नु पर्दा प्रदेश र स्थानीय सरकारका बीचमा अन्तर सम्बन्ध देखिने र दोहरोपना नपर्ने गरी प्रष्ट उल्लेख हुनु पर्नेछ।

**४. योजना बैंकमा प्रविष्ट गर्नुपर्ने**: (१) सार्वजनिक लगानी र सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने आयोजनाहरू स्थानीय योजना बैंकमा प्रविष्टि गर्नुपर्नेछ ।

(२) उपदफा (१) बाहेक सार्वजनिक सरोकारका विषयमा निजी लगानी वा विकास साझेदार वा अन्य कुनै क्षेत्र वा संस्थाको लगानीमा सञ्चालन हुने आयोजना समेत अभिलेख प्रयोजनका लागि स्थानीय योजना बैंकमा प्रविष्टि गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिमका आयोजनाको सम्बन्धित मन्त्रालय वा निकायले अर्धवार्षिक र वार्षिक प्रगति विवरण स्थानीय योजना बैंकमा अद्यावधिक गर्नुपर्नेछ ।

(४) कुनै आयोजनाको सम्बन्धमा स्थानीय विकास समस्या समाधान समिति वा वडास्तरीय विकास समस्या समाधान समिति तथा स्थानीय विकास प्राधिकरणबाट कुनै विशेष निर्णय भए सोको विवरण समेत सम्बन्धित वडा कार्यालय वा योजना शाखाले स्थानीय योजना बैंकमा अद्यावधिक गर्नुपर्नेछ।

(५) आयोजनाको विकास तथा कार्यान्वयनका क्रममा तयार हुने आयोजनासँग सम्बन्धित महत्वपूर्ण दस्तावेज र सम्पन्न भएको आयोजनाको विभिन्न चरणका मूल्याङ्कन प्रतिवेदन सम्बन्धित आयोजनाले योजन बैंकमा अभिलेखीकरण गर्नुपर्नेछ ।

(६) योजना शाखाले गरेको अध्ययन, अनुगमन तथा मूल्याङ्कन र प्रगति प्रतिवेदनसँग सम्बन्धित विद्युतीय सूचना प्रणालीमा रहेको विवरण स्थानीय योजना बैंक व्यवस्थापन सूचना प्रणालीमा स्वतः अद्यावधिक हुने गरी दुवै प्रणालीबीच अन्तरआबद्धता कायम गर्नुपर्नेछ ।

**५. स्थानीय योजना बैंक छनौट समितिको गठनः** (१) स्थानीय योजना बैंकको प्रभावकारी सञ्चालन लागि आवश्यक मार्गदर्शन, समन्वय र सहजीकरण गर्न देहाय बमोजिमको एक समिति रहनेछः

| | |
|---|---|
| (क) अध्यक्ष | संयोजक |
| (ख) सम्बन्धित वडा अध्यक्ष | सदस्य |
| (ग) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (घ) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख | सदस्य |
| (ङ) प्राविधिक शाखा प्रमुख, | सदस्य |
| च) योजना तथा अनुगमन शाखा प्रमुख | सदस्य – सचिव |

(२) योजना बैंक योजना छनौट समितिको काम कर्तव्य देहायबमोजिम हुनेछ:

(क)आयोजना/परियोजनाको पृष्ठभूमि, आयोजनाको आवश्यकता/औचित्य, लक्ष्य उद्देश्य तयार गर्ने

(ख) आयोजना/परियोजनाको सबल, कमजोर, सम्भावना र जोखिमका पक्षहरुको मूल्यांकन

(ग) योजना/परियोजनाले समग्र पालिकाको विकासमा पर्ने योगदान (कुन क्षेत्रमा कति/कसरी) नीतिगत तादम्यता (करैयामाई गाउँपालिका/ प्रादेशिक/राष्ट्रिय) को विश्लेषण गर्ने

(घ) योजना कार्यान्वयन कार्ययोजना (क्रियाकलाप, लागत, वित्तीय स्रोत, कार्यान्वयन अवधि, मुख्य जिम्मेवार निकाय, सहयोगी निकाय, जोखिम, उपलब्धि सूचक,अनुगमन सूचक) तयार गर्ने

(ङ) आवश्यकता अनुसार अन्तर तह र निकाय वीच समन्वय र सहजीकरण गर्ने ।

(च) आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमबीच समन्वय तथा एकरुपता हुनेगरी व्यवस्था मिलाउने ।

(३) स्थानीय आयोजना बैंकको सचिवालय करैयामाई गाउँपालिकाको योजना शाखामा रहनेछ।

(४) सचिवालयले सम्बन्धित वडा कार्यालय वा योजना शाखाबाट हुने योजनाको पहिचान तथा विकास, लेखाजोखा र छनोट तथा प्राथमिकीकरण प्रकृयामा सम्पर्क विन्दुका रुपमा कार्य गर्नेछ।

## ६. संघ, प्रदेश र स्थानीय तहका आयोजना बैंकसँगको अन्तरआबद्धताः

करैयामाई गाउँपालिकाले संघीय आयोजना बैंक, प्रदेश आयोजना बैंक र स्थानीय सरकार आयोजना बैंकबीच आवश्यक सूचना आदान प्रदान हुने गरी अन्तर आबद्धता कायम गर्नु पर्नेछ।

करैयामाई गाउँपालिका

## परिच्छेद - ३
## स्थानीय योजनाको पहिचान, विश्लेषण र छनौट

**७. आयोजना अवधारणा विकासः** (१) सम्बन्धित वडा कार्यालय वा योजना महाशाखा/शाखाले देहायका क्रियाकलाप गरी आयोजना सोचको विकास गर्नुपर्नेछः

(क) मौजुदा स्थितिको विश्लेषणका आधारमा आयोजनाको आवश्यकता पहिचान,

(ख) उपलब्ध सूचना तथा तथ्याङ्कको विश्लेषणका आधारमा सम्भावित आयोजनाका विकल्पहरूको खोजी,

(ग) सम्भावित आयोजना विश्लेषण गरी अवधारणा विकास गर्ने ।

**८. अवधारणापत्रको मूल्याङ्कन र स्वीकृतिः** (१) तयार भएका योजनाहरूको अवधारणापत्रको विश्लेषण गरी सचिवालयले योजना बैंकमा प्रविष्टीको स्वीकृतिका लागि कार्यापालिकामा सिफारिस गर्नेछ ।

(२) स्थानीय योजना बैंकमा प्रविष्ट भएका आयोजनाको अवधारणापत्र मूल्यांकन र स्वीकृति कार्यपालिकाले गर्नेछ ।

(३) कार्यापालिकाले अवधारणापत्रको लेखाजोखाबाट आवश्यक ठहऱ्याए योजना अवधारणापत्रलाई परिमार्जन सहित पुनः पेश गर्ने गरी फिर्ता पठाउन वा अस्वीकृत गर्न सक्नेछ ।

**९. पूर्वसम्भाव्यता र सम्भाव्यता अध्ययन गराउनु पर्नेः** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले योजना अवधारणापत्र स्वीकृत भएको योजनाहरुको स्थानीय सरकारले तोकेको मापदण्ड बमोजिम सम्भाव्यता अध्ययन गर्नुपर्नेछ ।

(२) आयोजनाको पूर्वसम्भाव्यता अध्ययन र सम्भाव्यता अध्ययनको स्वीकृत प्रतिवेदन योजना शाखाले स्थानीय योजना बैंकमा प्रविष्टि गर्नु पर्नेछ ।

**१०. विस्तृत अध्ययन गराउनु पर्नेः** (१) सम्भाव्यता अध्ययनबाट उपयुक्त देखिएका आयोजनामध्ये देहायका योजनाको सम्बन्धित वडा कार्यालय वा योजना शाखाले विस्तृत अध्ययन गराउनु पर्नेछः

(क) पुँजीगत निर्माण आयोजना,

(ख) ठूला पूर्वाधार विकास आयोजना,

(ग) स्थानीय गौरवका आयोजना,

(घ) सामाजिक विकास तथा पूँजी निर्माण आयोजना,

(ङ) समावेशी र सामाजिक उत्थानका आयोगजना,

(२) विस्तृत अध्ययन गरिएका आयोजनाको सम्बन्धित योजना शाखाले विस्तृत आयोजना प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(३) सम्भाव्यता अध्ययन प्रतिवेदन वा विस्तृत आयोजना प्रतिवेदनका आधारमा सम्बन्धित वडा कार्यालय वा योजना शाखाले आयोजना प्रस्ताव तयार गरी स्थानीय योजना बैंकमा प्रविष्टि गर्नु पर्नेछ ।

**११. आयोजना छनौटः** (१) वडा कार्यालय र योजना शाखाहरूले आगामी आर्थिक वर्षको वार्षिक योजनामा समावेश गर्नुपर्ने पहिलो र दोस्रो प्राथमिकताको सूचीबाट आयोजनाहरू छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाहरूको छनौट गर्दा निम्न विषयहरूलाई आधार मान्नु पर्नेछ ।

(क) वार्षिक नीति तथा कार्यक्रमलाई सम्बोधन गर्ने खालका आयोजनाहरू,

(ख) क्रमागत आयोजनाहरू,

(ग) स्थानीय गौरबका आयोजनाहरू

(घ) भूगोल र विषय क्षेत्रगत सन्तुलन कायम गर्ने,

(ङ) स्थानीय तहको मानवीय र समग्र विकासको अवस्था,

(च) नेपालको संविधानको मौलिक हक र दिगो विकास लक्ष्य अनुसारका आयोजनाहरू,

(छ) स्थानीय सरकारले तोकेका अन्य आधारहरू ।

(३) उपदफा (१) बमोजिम योजनाको छनौट तयार गर्दा देहाय बमोजिम छनौट गर्नु पर्नेछ ।

(क) न्युनतम ५० प्रतिशत योजनाहरू पहिलो प्राथमिकताका योजनाहरू मध्येबाट छनौट गर्नुपर्ने,

(ख) न्युनतम २० प्रतिशत सामाजिक पूँजी निर्माण र भौगोलिक, सामाजिक र आर्थिक लगायतका समुदायलाई समावेश गर्ने आयोजनाहरु हुनुपर्नेछ,

(ग) अन्य ३० प्रतिशत आवधिक योजना र वार्षिक नीति तथा कार्यक्रमले परिकल्पना गरेका नयाँ योजनाहरुको छनौट गर्नपर्नेछ ।

**१२. स्वीकृत भएका आयोजनाको सूची प्रकाशन गर्नुपर्नेः** कार्यपालिकाले योजना बैंकमा प्रविष्टका लागि स्वीकृत गरेका योजनाहरूको विषय क्षेत्रगत सूची तयार गरी सूचना प्रकाशन गर्नुपर्नेछ ।

**१३. वर्गीकरण अनुसार आयोजना प्रविष्टि गर्नुपर्नेः** स्थानीय आयोजना बैंकमा योजना प्रविष्टि गर्दा अनुसूची २ र अनुसूची ३ बमोजिम प्रविष्टि गर्नुपर्नेछ ।

**१४. मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेः** (१) दफा ११ बमोजिमको छनोट भएका योजनाहरुको सूचीमध्येबाट सम्बन्धित योजना शाखाले आवधिका योजना र मध्यमकालीन खर्च संरचनाका सुचकांकका आधारमा आयोजना बैंकबाट प्राप्त योजनाहरुलाई वार्षिक योजनामा समावेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्दा प्रस्तावित तथा चालु दुवै आयोजना समावेश गर्नुपर्नेछ ।

**१५. योजनाको प्राथमिकीकरण गर्नुपर्नेः** सम्बन्धित विषयगत समिति वा वडा कार्यालयले मध्यमकालीन खर्च संरचनामा समावेश भएका आयोजनको प्राथमिकीकरण गरी पहिलो प्राथमिकताका योजनाका लागि तोकिएको अवधिमा सम्पन्न गर्न आवश्यक पर्ने स्रोत सुनिश्चित हुने गरी बजेट छुट्याउनु पर्नेछ ।

**१६. बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपर्नेः** (१) मध्यमकालीन खर्च संरचनाका आधारमा सम्बन्धित वडा कार्यालय वा योजना शाखाले निर्धारित स्रोतको सीमाभित्र रही वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी नीतिगत छलफलका लागि पेश गर्नुपर्ने छ ।

**१७. आयोजनाको छनौटः** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले पेश गरेको मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रममा नीतिगत छलफल गरी कार्यान्वयनका लागि बजेट तथा कार्यक्रममा समावेश गर्ने आयोजनाको छनौट गर्नेछ ।

**१८. अधुरा आयोजनाको पूनर्मूल्यांकन गर्नुपर्नेः** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले यो कार्यविधि जारी हुनु पूर्व कार्यान्वयनमा आई अधुरा रहेका आयोजनाको सूची तयार गरी पुनः मूल्यांकन गर्नु पर्नेछ ।

(२) पुनःमूल्याङ्कनबाट कार्यान्वयन गर्न उपयुक्त देखिएका आयोजना मध्यमकालीन खर्च संरचनामा समावेश गरी कार्यान्वयन गर्न सकिनेछ ।

## परिच्छेद -४
## विविध

**१९. विशेष परिस्थितिका आयोजनाः** (१) सम्बन्धित वडा कार्यालय वा योजना शाखाले देहाय बमोजिमका विशेष परिस्थितिका आयोजना यस कार्यविधिले तोकेको प्रकृया पूरा गरी सोझै कार्यान्वयन गर्न सक्नेछन्:

(क) विपद्को अवस्थामा गरिने खोज, उद्दार, राहत तथा पुनःस्थापना र तत्काल गर्नुपर्ने पुनः निर्माण सम्बन्धी आयोजना,

(ख) महामारी नियन्त्रणका लागि तत्काल सम्बोधन गर्नुपर्ने आयोजनाहरू,

(ग) संकटकालीन अवस्थाको सम्बोधन गर्नुपर्ने आयोजनाहरू,

(घ) स्थानीय सरकारले विशेष परिस्थितिमा निर्णय गरी तोकेका अन्य आयोजनाहरू ।

(२) उपदफा (१) बमोजिम सोझै कार्यान्वयन गरिएका आयोजना समेत अभिलेखका लागि स्थानीय आयोजना बैंकमा प्रविष्टि गर्नुपर्नेछ ।

**२०. आयोजना निष्क्रिय हुनेः** (१) आयोजना बैंकमा सूचीकृत भएको कुनै आयोजना पाँच वर्षभित्र कार्यान्वयन हुन नसकेमा स्वतः निष्क्रिय हुनेछ ।

(२) उपदफा (१) बमोजिमको आयोजना पुनःसञ्चालन गर्नु परेमा यस कार्यविधिले तोकेको प्रकृयाबमोजिम पुनः पूर्ण प्रकृयाहरु पुरा गर्नु पर्नेछ ।

**२१. मापदण्ड बमोजिम हुने**: यस कार्यविधिको कार्यान्वयनका लागि आवश्यक पर्ने प्रक्रिया, मापदण्ड, आधार, सूचक र ढाँचा लगायतका विषयहरू आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १७ बमोजिम तोकेको मापदण्ड अनुसार हुनेछ ।

**२२. सफ्टवेयर तयार गर्नसक्नेः** यस निर्देशिकालाई कार्यान्वयन गर्नका लागि एक आयोजना बैंक सम्बन्धि सफ्टवेयर तयार गरी प्रयोग गर्न सक्नेछ।

## २३. आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा

आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीको सुरक्षा गर्नु करैयामाई गाउँपालिकाको कर्तव्य हुनेछ | यसका लागि सुरक्षाका निम्न उपायहरू अवलम्बन गर्नुपर्नेछ-

(क) स्थानीय पालिकाले तोकेको व्यक्तिले बाहेक अन्य व्यक्तिले आयोजना बैंकमा प्रविष्ट र अध्यावधिक गर्ने कार्य नगर्ने नगराउने,

(ख) मोबाइल वा साइबर क्याफे आदिबाट आयोजना बैंकमा सूचना प्रविष्ट, सम्पादन, स्वीकृत, पेस लगायतका कार्यहरू नगर्ने नगराउने,

(ग) पासवर्ड समय समयमा परिवर्तन गर्ने गराउने,

(घ) आयोजना बैंक संचालन गरिने कम्प्युटरको नियमित रुपमा सिस्टम अपडेट र भाइरस स्क्यान र फायर वालको व्यवस्था गर्ने गराउने,

(ङ) सूचना प्रणालीको प्रयोग गरेपछि हरेक पटक लग आउट गर्ने गराउने |

## २४. आयोजना बैंकमा पहुँच

आयोजना बैंकमा भएका योजना र कार्यक्रमहरूको सूचीमा विषय विज्ञ, अनुसन्धानकर्ता, संचार जगत र इच्छुक सबै सर्वसाधारणलाई पहुँच दिनु पर्ने छ | यसका अतिरिक्त प्रदेश नीति तथा योजना आयोगले तोकेको थप सूचनाहरूमा राष्ट्रिय योजना आयोग, संघीय मन्त्रालयलाई पहुँच दिनु पर्नेछ |

**२५. बाधा अड्काउ फुकाऊः** यस कार्यविधिमा कुनै विषयमा थप स्पष्ट गर्नुपर्ने भएमा वा कार्यान्वयनमा कुनै समस्या आइपरेमा समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२६. खारेजी र बचाऊः** (१) स्थानीय ‘योजनाको पहिचान, लेखाजोखा, प्राथमिकीकरण र छनौट सम्बन्धी स्थानीय आयोजना बैंक मार्गदर्शन, यसै कार्यविधी निर्दिशिका अनुसार भए गरिएको मानिने छ ।

(२) उपदफा (१) को मार्गदर्शन बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

## अनुसूची-१: आयोजना प्रस्ताव वा अवधारणा-पत्रको ढाँचा

१. प्रस्ताव तयार गर्ने कार्यालयको नाम:

२. आयोजनाको परिचय

(क) आयोजनाको नाम

(ख) लक्ष्य

(ग) उद्देश्य

(घ) कार्यान्वयन अवधि- सुरु आ.व. समाप्ति आ.व. :

(ङ) कार्यान्वयन हुने जिल्ला गाउँपालिका/नगरपालिका :

३. योजनाको कुल लागत:

(क) विकास तथा निर्माण लागत

(ख) संचालन लागत

(ग) अन्य लागत

४. वित्तीय स्रोत

५. अपेक्षित प्रतिफल

६. आयोजनाको प्रमुख क्रियाकलाप

७. आयोजनाको वित्तीय र आर्थिक विश्लेषण

८. आयोजना कार्यान्वयन तथा खर्च योजना

९.आयोजना कार्यान्वयनमा आवश्यक जनशक्ति र प्रमुख निर्माण सामग्री

१०. आयोजना संचालन प्रस्ताव

११. संचालन प्रबन्ध

(क) खर्च अनुमान (करिब ३ वर्षको)

(ख) उपभोक्ताबाट संचालन गरिने भए प्रदेश सरकारको सहयोग आवश्यक पर्ने वा नपर्ने

(ग) सम्भावित आय आर्जन (कम्तीमा ३ वर्षको)

कार्यालय प्रमुखको नाम:

दस्तखत:

मिति:

**अनुसूची-२: पूर्वाधार विकास आयोजना (Hardware Program) को विवरण**

**क. परिचय**

१. आयोजना पेस गर्ने निकायको नाम :-

२. सम्पर्क व्यक्तिको नाम :-

३. सम्पर्क नम्बर :-

४. इमेल ठेगाना :-

५. आयोजनाको नाम :-

६. कुल लागत :-

७. आयोजना सम्पन्न हुन लाग्ने अनुमानित समय (वर्ष) :-

८. आयोजनाको प्राथमिकता क्रम (अङ्कमा उल्लेख गर्नुहोस्) :-

*[नोट:एउटा आयोजनाको प्राथमिकता क्रम अर्को आयोजनाको भन्दा फरक हुनुपर्ने छ।]*

९. आयोजनासँग सम्बन्धित मन्त्रालय वा निकाय :-

१०. आयोजना कार्यान्वयन हुने जिल्ला/हरू :-

११. आयोजना सञ्चालन हुने प्रदेश निर्वाचन क्षेत्र/हरू :-

१२. आयोजना कार्यान्वयन हुने स्थानीय तह/हरू :-

**ख. <u>आयोजना सम्बन्धी जानकारी</u>**

*[कुनै एक कोष्ठमा मात्र चिन्ह लगाउनुहोस्]*

१. आयोजनाको अवस्था:

(क) नयाँ (ख) कार्यान्वयन भइरहेको

२. स्थानीय सरकारको राजस्व वृद्धिका लागि प्रत्यक्ष योगदान गर्छ कि गर्दैन?

(क) गर्छ (ख) गर्दैन

३. आयोजनाले जलवायु परिवर्तन अनुकुलन वा वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

४. आयोजनाले उत्पादन, रोजगारी सिर्जना वा आय आर्जनमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

५. स्थानीय तह, निजी क्षेत्र, सहकारी, संघ संस्था, विकास साझेदार, समुदाय आदिको लागत सहभागिता हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

६. आयोजनाको ५० प्रतिशतभन्दा बढी लाभग्राही समुदाय लोपोन्मुख समुदाय, दलित, मुक्त कमैया, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमध्ये हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

७. आयोजनाको सम्भाव्यता अध्ययन, वातावरण परीक्षण प्रतिवेदन र विस्तृत परियोजना प्रतिवेदन तयार भएको छ कि छैन ?

(क) छ (ख) छैन

८. आयोजना कार्यान्वयन गर्न जमिन प्राप्त भएको छ कि छैन ?

(क) छ (ख) छैन

९. आयोजनाबाट बन्ने पूर्वाधार संरचना अपाङ्गतामैत्री हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

१०. प्रस्तावित आयोजना तलकोमध्ये कुन विषय क्षेत्रमा पर्छ?

(क) यातायात

(ख) कृषि

(ग) उद्योग/व्यापार

(घ) शिक्षा

(ङ) स्वास्थ्य/पोषण

(च) खेलकुद

(छ) ऊर्जा

(ज) खानेपानी तथा सरसफाइ

(झ) फोहोर व्यवस्थापन

(ञ) भवन निर्माण

(ट) वस्ती विकास

(ठ) वन, वातावरण, नदी, जैविक विविधता, चुरे र जलाधार संरक्षण

(ड) पर्यटन

(ढ) विपद् व्यवस्थापन

(ण) सूचना तथा सञ्चार

(त) अन्य आयोजना

योजना पेस गर्ने निकायको तर्फबाट

नाम .................................... हस्ताक्षरः ................................

पदः .................................... छापः ....................................

## अनुसूची-३ः गैर-पूर्वाधार विकास आयोजना (Software Program) को विवरण

**<u>क. परिचय</u>**

१. आयोजना पेस गर्ने निकायको नाम :-

२. सम्पर्क व्यक्तिको नाम :-

३. सम्पर्क नम्बर :-

४. इमेल ठेगाना :-

५. आयोजनाको नाम :-

६. कुल लागत :-

७. आयोजना सम्पन्न हुन लाग्ने अनुमानित समय (वर्ष) :-

८. आयोजनाको प्राथमिकता क्रम (अङ्कमा उल्लेख गर्नुहोस्) :-

*[नोटः एउटा आयोजनाको प्राथमिकता क्रम अर्को आयोजनाको भन्दा फरक हुनुपर्ने छ]*

९. आयोजनासँग सम्बन्धित मन्त्रालय वा निकाय:-

१०. आयोजना कार्यान्वयन हुने जिल्ला/हरू:-

११. आयोजना सञ्चालन हुने प्रदेश निर्वाचन क्षेत्र/हरू:-

१२. आयोजना कार्यान्वयन हुने स्थानीय तह/हरू:-

**ख. आयोजना सम्बन्धी जानकारी**

*(कुनै एक कोष्ठमा मात्र चिन्ह लगाउनुहोस्)*

१. आयोजनाको अवस्था:

(क) नयाँ (ख) कार्यान्वयन भइरहेको

२. स्थानीय सरकारको राजस्व वृद्धि वा स्वास्थ्य र पोषण अवस्थामा सुधारको लागि प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

३. आयोजनाले जलवायु परिवर्तन अनुकुलन वा वातावरण संरक्षणमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

४. आयोजनाले उत्पादन, रोजगारी सिर्जना वा आय आर्जनमा प्रत्यक्ष योगदान गर्छ कि गर्दैन ?

(क) गर्छ (ख) गर्दैन

५. स्थानीय तह, निजी क्षेत्र, सहकारी, संघ संस्था, विकास साझेदार, समुदाय आदिको लागत सहभागिता हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

६. आयोजनाको ५० प्रतिशतभन्दा बढी लाभग्राही समुदाय लोपोन्मुख समुदाय, दलित, मुक्त कमैया, विपन्न, असहाय, महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, आदिवासी/जनजाति, सीमान्तकृत समुदाय, प्रकोप पीडित, हिंसा पीडित, मधेशी समुदाय र लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकमध्ये हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

७. खर्चको शीर्षकसहितको लागत अनुमान तयार भएको छ कि छैन ?

(क) छ (ख) छैन

८. आयोजनाको औचित्य पुष्टि गर्ने कुनै अध्ययन, विश्लेषण, आयोजना प्रस्ताव वा अवधारणापत्र तयार भएको छ कि छैन ?

(क) छ (ख) छैन

९. परम्परागत ज्ञान, सिप, कला र प्रविधिको प्रवर्द्धन हुन्छ कि हुँदैन ?

(क) हुन्छ (ख) हुँदैन

१०. प्रस्तावित आयोजना तलकोमध्ये कुन विषय क्षेत्रमा पर्छ ?

(क) स्वास्थ्य र पोषण

(ख) शिक्षा

(ग) उद्यमशिलता विकास

(घ) श्रम तथा रोजगारी

(ङ) सामाजिक सशक्तिकरण र संरक्षण

(च) भाषा, साहित्य, कला र संस्कृति

(छ) संस्थागत क्षमता विकास

(ज) राजस्व परिचालन र पुँजीगत खर्च

(झ) अनुसन्धान, तथ्याङ्क व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन

(ञ) विज्ञान तथा प्रविधि

(ट) विपद् व्यवस्थापन

(ठ) खेलकुद

(ड) सूचना तथा सञ्चार

(ढ) यातायात व्यवस्था
(ण) जनसङ्ख्या तथा बसाइँसराइ
(त) शान्ति सुरक्षा
(थ) सुशासन
(द) सूचना प्रविधि
(ध) अन्य आयोजना

***योजना पेस गर्ने निकायको तर्फबाट***

नाम ..................................... हस्ताक्षरः .................................
पदः ..................................... छापः .....................................

## अनुसूची-४: सम्भाव्यता अध्ययन प्रतिवेदनको खाका

### १. कार्यकारी सारांश

आयोजनाको सम्भाव्यताको अध्ययनबाट प्राप्त मुख्य प्राविधिक विश्षलेषण, लागत र प्रतिफलको अवस्था, लगानीको स्रोत, कार्यान्वयनका विविध पक्षहरुको सारंश सहितको सिफारिस संलग्न हुनुपर्नेछ ।

### २. आयोजनाको अवस्थित सन्दर्भको विश्लेषण

हालको संस्थागत ढाँचा सहित आयोजनाको सान्दार्भिकताको समिक्षा गर्ने । आयोजना सम्बन्धित क्षेत्र/उप-क्षेत्र र राज्य वा निजी क्षेत्रको सम्बन्धित भूमिकाहरूमा सरकारको नीति र विविध आर्थिक विषयगत क्षेत्रको भुमिकाबारेमा विश्लेषण गर्ने । प्रस्तावित आयोजनाको विगतमा भएका प्रयासहरुको बारेमा संक्षिप्त विवरण उल्लेख गर्ने । प्रारम्भिक वा अघिल्लो अध्ययनका निष्कर्ष, पूर्व-सम्भाव्यता अध्ययन सहित पुन:अवलोकन गर्ने ।

### ३. आयोजना विकल्पहरुको जाँच

प्रस्तावित आयोजनाको तुलनात्मक उत्तमताको विश्लेषण गरी आयोजनामा सुधार गर्न सकिने पक्षहरुसहितको विविरण राख्ने । प्रस्थावित आयोजनाको प्राविधिक, आर्थिक र सेवा प्रवाहको तुलनामा निकतम विकल्पको विश्लेषण समेतको वैकल्पिक आयोजनाहरुको बारेमा विश्लेषण प्रस्तुत गर्ने ।

### ४. बजार मूल्याङ्कन र माग विश्लेषण

प्रस्तावित आयोजनाको विस्तृत मुल्याङ्कन र आयोजना वा आयोजनाको सेवाप्रवाहको मागको विश्लेषण सहितको विवरण उल्लेख गर्ने । सम्भावित नतिजा र खराब अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने। सम्भावित नतिजा र खराब अवस्था सहित विभिन्न सम्भावित परिणामहरूलाई प्रतिनिधित्व गर्ने परिदृश्यहरूको पूर्वानुमानको प्रस्तुति दिने।

### ५. प्राविधिक अध्ययन र परियोजना लागत अनुमान

परियोजनाको इन्जिनियरिङ् र गैर-इन्जिनियरिङ पक्षहरूको प्राविधिक विवरण विस्तृतरुपमा उल्लेख गर्ने । यसले परियोजनाको प्राविधिक सम्भाव्यता र विकल्पहरू मूल्याङ्कन गर्न

प्राविधिक र प्राविधिक अध्ययनहरूलाई संक्षेपमा प्रस्तुत गर्ने। विस्तृत अध्ययन सम्भाव्यता अध्ययनमा जोडिनुपर्छ। आयोजना संचालनको लागत अनुमान र क्षेत्रगत लागत इकाइ सहित विस्तृत विवरण प्रस्तुत गर्ने । प्राविधिक अध्ययन प्रतिवेदन तयार गर्दा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिमको प्रतिवेदन तयार गर्नुपर्नेछ ।

**६. आर्थिक विश्लेषण वा वित्तीय विश्लेषण**

प्रस्तावित आयोजनाको आर्थिक वा वित्तीय विश्लेषणको विवरण प्रस्तुत गर्ने । जसमा लागत लाभको विश्लेषण, ठूला आयोजनाहरु ५० करोड भन्दा बढीका आयोजनाको हकमा आर्थिक विश्लेषण गर्नुपर्ने छ । आर्थिक वा वित्तीय विश्लेषण गर्दा BC, NPV, IRR र Payback Period विश्लेषण गर्नुपर्नेछ ।

**७. जोखिम विश्लेषण र व्यवस्थापन**

परियोजनाको जोखिमको मुख्य स्रोतहरूको पहिचान गर्ने, आर्थिक सम्भाव्यता र वित्तीय कार्यसम्पादन र तिनीहरूको सम्भावना र प्रभावको मूल्याङ्कन गर्ने। यदि जोखिमहरू अवस्थित छन् भने, न्यूनीकरण र प्रतिक्रियाशील उपायहरू सहित प्रमुख जोखिमहरूको व्यवस्थापन गर्न योजना प्रस्तुत गर्ने।

**८. वातावरणीय र सामाजिक प्रभावहरू**

परियोजनाको वातावरणीय र सामाजिक, दुबै सकारात्मक र नकारात्मक प्रभावहरू बारेमा विश्लेषण गर्ने । वातावरणीय अध्ययन प्रतिवेदनको आवश्यकता हुने आयोजनाको हकमा विस्तृत अध्ययनको संक्षिप्त विवरण प्रस्तुत गर्ने । सम्भाव्यता अध्ययन प्रतिवेदनमा पूर्ण वातावरणीय र सामाजिक प्रभाव मूल्याङ्कनहरू समावेश गर्ने।

**९. कार्यान्वयन र परिचालन व्यवस्था**

परियोजना कार्यान्वयन र/वा सञ्चालनका लागि जिम्मेवार संस्था (हरू) को क्षमताहरूको मूल्याङ्कन प्रस्तुत गर्ने। विस्तृत आयोजना, स्वीकृति, र निर्माणको मुख्य कामहरुको संकेत गर्दै परियोजना कार्यान्वयनको लागि रूपरेखा तयार गरी कार्यतालिका प्रस्तुत गर्ने । आयोजना संचालन, सम्पन्न र सेवाप्रवाहको अवस्थासम्मको स्वामित्व र मर्मत संभारको जिम्मेवारी लागि संगठनात्मक व्यवस्था र जिम्मेवारी बाँडफाँडको प्रारम्भिक खाका तयार गर्ने।

**१०. परियोजना सम्भाव्यता निष्कर्ष**

परियोजनाको प्राविधिक र आर्थिक सम्भाव्यता, यसको दिगोपन र सम्बद्ध जोखिमहरू सम्बन्धी निष्कर्षमा पुग्नको लागि अघिल्लो विश्लेषणका निष्कर्ष सहितको आधारमा आयोजना कार्यान्वयन गर्नका लागि योजना बैंकमा समावेश गर्न उपयुक्त भए वा नभएको निक्यौंल सहितको सिफारिस गर्नुपर्नेछ ।

# अनुसूची-५: विस्तृत परियोजना प्रतिवेदनको खाका

**१. विषय क्षेत्रगत मूल्याङ्कन**

विषय क्षेत्रगत कार्यसम्पादन र प्रवृत्ति, प्रमुख समस्याहरु, अवसर, मुद्दा र अवरोधहरू, क्षेत्र रणनीति र मार्गचित्र, परियोजनाको तर्क र औचित्य आदिको विवरण प्रस्तुत गर्ने ।

**२. परियोजना विवरण**

आयोजना परियोजना परिभाषा: भौगोलिक स्थान, सेवाग्राही, परियोजना परिणाम, परियोजना विकल्प र उत्तम विकल्पको चयन, आयोजना ढाँचा ।

**३. विस्तृत परियोजना अनुसन्धान र सर्वेक्षण**

भू-प्राविधिक अध्ययन, जलविज्ञान अध्ययन, टोपोग्राफिक सर्वेक्षण र नक्साङ्कन, सामग्री सर्वेक्षण, बजार सर्वेक्षण, आधारभूत अध्ययन र माग पूर्वानुमान, आदि ।

**४. विस्तृत ईन्जिनियरिङ् डिजाइन**

ईन्जिनियरिङ् परीक्षणहरू, भौतिक मोडेलिङ र कम्प्युटर सिमुलेशनहरू मार्फत लागू हुने अनुसार, भौगोलिक, हाइड्रोलोजिकल, र अन्य प्राविधिक जोखिमहरू मूल्याङ्कन गरेर डिजाइन निर्देशहरू र इन्जिनियरिङ डिजाइन प्यारामिटरहरू । आयोजना डिजाइन, परियोजनाको खाका तयार गर्ने, सपोर्ट पार्टको प्राविधिक डिजाइन, प्राविधिक विशिष्टता, बिल अफ क्वान्टिटी र विस्तृत आयोजना संचालन खाका ।

**५. विस्तृत लागत अनुमान**

विभिन्न कम्पोनेन्ट रकमको बिल र सामग्रीको बिल, एकाइ लागत विश्लेषण, लागतको सारांश र व्यय वर्गहरू द्वारा विस्तृत लागत अनुमानहरू, जस्तै, सिभिल कार्य, मेसिनरी र उपकरण, जग्गा अधिग्रहण, पुनर्स्थापना र पुनर्वास, परामर्श सेवा, भौतिक र मूल्य आकस्मिकहरू, लागू करहरू । (भ्याट, अन्तःशुल्क) ।

**६. विस्तृत परियोजना तालिका**

WBS, कोसेढुङ्गा, मास्टर निर्माण तालिका ।

**७. कार्यान्वयन योजना**

आयोजना कार्यान्वयन रणनीति र कार्यान्वयन व्यवस्था, प्रारम्भ र पूरा हुने मितिहरू सहित परियोजना निर्माण अवधि, कार्यसम्पादन अनुगमन (KPIs प्रयोग गरेर), मूल्याङ्कन र प्रतिवेदन, सरोकारवाला सञ्चार रणनीति, परियोजना व्यवस्थापन सूचना प्रणाली, क्षमता विकास ।

**८. लगानीको चरण**

कार्यान्वयन योजना र विस्तृत परियोजना तालिकामा आधारित ।

**९. विस्तृत आर्थिक विश्लेषण**

आर्थिक व्यवहार्यता र दिगोपन, परियोजनाको समष्टि आर्थिक प्रभाव; वितरण र गरिबी प्रभाव विश्लेषण ।

**१०. वातावरण र सामाजिक प्रभाव अध्ययन र व्यवस्थापन योजना**

नेपाल सरकार र दाताहरूको नियामक आवश्यकता अनुसार ।

**११. विस्तृत वित्तीय योजना**

पूँजीगत व्यय, ऋण, इक्विटी, व्यवहार्यता अन्तर ।

**१२. जोखिम मूल्यांकन र जोखिम व्यवस्थापन योजना**

निर्माण जोखिम, परिचालन जोखिम, लागत ओभररन, व्यवस्थापन जोखिम, विश्वस्त जोखिम।

**१३. खरिद योजना**

खरिद रणनीति, अनुबंध प्याकेजिङ, खरीद विधि, र खरीद योजना; खरिदका लागि दायरा र सन्दर्भको सर्त (TOR).

**१३. आयोजना संचालन र व्यवस्थापन खाका**

आयोजना संचालन र व्यवस्थापनको लागि विस्तृत खाका तयार गर्ने।

## अनुसूची-६: विषयक्षेत्रगत प्राथमिकताको मुल्याङ्कन

आयोजनाहरूको विषयक्षेत्रगत प्राथमिकताको क्रम र सोको मूल्याङ्कनको अङ्कभार देहाय बमोजिम हुनेछ।

| | |
|---|---|
| (क) यातायात सञ्जाल | १२.० अङ्क |
| (ख) उद्यमशिलता र व्यवसायिक सिप विकास | ११.५ अङ्क |
| (ग) श्रम तथा रोजगारी | ११.० अङ्क |
| (घ) कृषि | १०.५ अङ्क |
| (ङ) उद्योग र वाणिज्य | १०.० अङ्क |
| (च) पर्यटन | ९.५ अङ्क |
| (छ) स्वास्थ्य र पोषण | ९.० अङ्क |
| (ज) खानेपानी तथा सरसफाइ | ८.५ अङ्क |
| (झ) शिक्षा | ८.० अङ्क |
| (ञ) सुशासन र शान्ति सुरक्षा | ७.५ अङ्क |
| (ट) विपद् व्यवस्थापन | ७.० अङ्क |
| (ठ) लैङ्गिकता, सशक्तिकरण, समावेशीकरण, संरक्षण र न्याय | ६.५ अङ्क |
| (ड) राजस्व सुधार | ६.० अङ्क |
| (ढ) संस्थागत क्षमता विकास | ५.५ अङ्क |
| (ण) वन, वातावरण, नदी, जैविक विविधता, चुरे क्षेत्र र जलाधार संरक्षण | ५.० अङ्क |
| (त) अनुसन्धान, तथ्याङ्क, नीति, योजना र अनुगमन तथा मूल्याङ्कन | ४.५ अङ्क |
| (थ) वस्ती विकास | ४.० अङ्क |
| (द) यातायात व्यवस्था | ४.० अङ्क |
| (ध) भाषा, साहित्य, कला र संस्कृति | ४.० अङ्क |
| (न) ऊर्जा | ४.० अङ्क |
| (ऩ) सूचना तथा सञ्चार | ४.० अङ्क |
| (प) विज्ञान तथा प्रविधि | ४.० अङ्क |
| (फ) खेलकुद | ४.० अङ्क |
| (ब) फोहोरमैला व्यवस्थापन | ४.० अङ्क |
| (भ) भवन निर्माण | ४.० अङ्क |
| (म) जनसंख्या र बसाइँसराइ | ४.० अङ्क |
| (य) अन्य आयोजना | ४.०अङ्क |

## अनुसूची-७: स्थानीय आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरिने आयोजनाको विवरण सूची

(क) आयोजना सम्बन्धी सामान्य जानकारी
(ख) आयोजनाबारे जानकारी
(ग) भौतिक तथा वित्तीय प्रगति
(घ) आयोजनाको पूर्वतयारी
(ङ) आयोजनाको छनौटका आधारहरु
(च) आयोजना प्राथमिकीकरण अंक
(छ) आयोजना कार्यान्वयनको ढाँचा
(ज) आयोजनाको वित्तीय व्यवस्था
(झ) आयोजनाको व्यवहारिकता
(ञ) भूमि अधिग्रहणको अवस्था
(ट) आयोजनालाई गाभ्न, विस्तार गर्न वा समापन गर्नका लागि औचित्य
(ठ) आयोजनाको जिम्मेवार व्यक्तिको सम्पर्क विवरण
(ड) कैफियत

## अनुसूची-८: आयोजना (प्राथमिकता प्राप्त/ गौरव/स्वर्णिम)

| | |
|---|---|
| आयोजनाको नाम: | |
| ठेगाना: | |
| विषयक्षेत्र :<br>(जस्तै आर्थिक विकास,समाजिक विकास,पूर्वाधार विकास, अन्तरसम्बन्धित क्षेत्र भए क्षेत्रहरु खुलाउने) | |
| परियोजनाको संक्षिप्त परिचय:<br>कहाँ पर्दछ,किन आवश्यक छ ? (छनौट गर्नुको कारण आदि खुलाउने) | |
| आयोजनाको लक्ष्य | |
| आयोजनाको उद्देश्यहरु | |
| आयोजनाका अपेक्षित नतिजा,प्रभाव तथा असर: | |
| प्रमुख क्रियाकलाप : | |
| आयोजनाको अवधि : | |
| आयोजनाको अनुमानित बजेट : | |
| अनुगमन सूचक : | |
| दिगो विकास लक्ष्यसँग आवद्धता: | |
| लैङ्गिक समानता तथा समाजिक समावेशीकरणमा पर्ने प्रभाव/ योगदान:<br>(प्रत्यक्ष/अप्रत्यक्ष/न्यून/शून्य) | |
| वातावरण/पर्यावरण संरक्षणमा योगदान | |

## अनुसूची-९: मार्गदर्शनहरू

१. पाँच वटा प्राथमिकता प्राप्त योजना छनौट गर्दा विकासका पाँच क्षेत्र (आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण विकास तथा विपद व्यवस्थापन, सुशासन तथा सेवा प्रवाह) लाई आधार मानी छनौट गर्नुपर्नेछ । जुन क्षेत्रको योजना पहिले कार्यान्वयन गर्न आवश्यक छ, त्यो योजनालाई प्रथम, तत् पश्चात दोस्रो गरी छनौट गर्नुपर्नेछ।

२. वडा कार्यालयबाट प्राप्त स्वर्णिम योजना, गौरवका योजना र प्राथमिकता प्राप्त योजनालाई गाउँस्तरीय योजना तथा संघ र प्रदेश सरकार समक्ष माग गर्ने योजनामा समावेश गरी क्रमश कार्यान्वयन गर्न सकिनेछ ।

३. वडा कार्यालयहरुले आगामी आर्थिक वर्षहरुमा योजना छनौट गर्दा यसरी छनौट भएका योजनालाई प्राथमिकतामा राखी छनौट गर्नुपर्नेछ ।

४. योजना छनौट गर्दा वडाका सबै वस्ती, टोलहरु लाभान्वित हुने गरी छनौट गर्नुपर्नेछ ।

५. योजनाको स्वामित्व तथा दिगोपनाको लागि योजना छनौट गर्दा स्थानीय राजनितिक दल, टोल विकास समिति, नागरिक समाज लगायतका संघसंस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

६. एक पटक प्रस्ताव गरेको योजना विशेष कारण विना संशोधन वा फेरबदल गर्न सकिने छैन ।

७. गाउँस्तरीय गौरवको योजना छनौट गर्दा बढी भन्दा बढी जनसंख्या लाभान्वित हुने, वडा भित्रको उत्पादन र उत्पादकत्व बढ्ने, वडागत विकासको सन्तुलन कायम हुने र सकेसम्म दुईवटा वडालाई छुने गरी छनौट गर्नुपर्नेछ ।

८. योजनाहरु छनौट गर्दा वडा समितिको बैठकबाट निर्णय गरी छान्नु पर्नेछ । उक्त बैठकमा सम्बन्धित वडाका गाउँ कार्यपालिका सदस्यलाई समेत आमन्त्रण गर्नुपर्नेछ ।

## अनुसूची -१०: साझा आधिकारका विषयमा लागतका आधारमा संघ, प्रदेश र स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना

| क्र.स. | आयोजना संचालन गर्ने तह | आयोजना मापदण्ड |
|---|---|---|
| १. | स्थानीय तह (गाउँ पालिका) | तीन करोडसम्मका आयोजना |
| २. | प्रदेश | क्र.स. १ मा उल्लेखित स्थानीय तहका लागि उल्लेखित सीमा भन्दा माथिका पचास करोड रुपैयाँसम्मका आयोजना |
| ३. | संघ | पचास करोड भन्दा माथिका आयोजना |

***नोट: आयोजना वर्गीकरण आधार तथा मापदण्ड २०८० वमोजिम प्रस्ताव गरिएको; नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय सिंह दरवार काठमान्डौ बाट जारी***

# करैयामाई गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि,२०८१

कार्यपालिका बैठकबाट स्वीकृत मितिः २०८१/११/२२गते
राजपत्रमा प्रकाशित मितिः २०८१/११/२३ गते

## प्रस्तावना

करैयामाई गाउँपालिका भित्र संचालित विद्यालयमा शिक्षाको गुणस्तर अभिवृद्धि गर्न, शिक्षक विद्यार्थी संख्या अनुपात तथा कक्षागत रुपमा शिक्षकको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(२) (ज) तथा करैयामाई गाउँपालिकाको शिक्षा ऐन २०७६ को दफा ५५ ले दिएको अधिकार प्रयोग गरी करैयामाई गाउँपालिकाले शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१ बनाई लागु गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** यस कार्यविधिको नाम “शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि २०८१” हुनेछ ।

२. **यो कार्यविधि करैयामाई गाउँपालिका गाउँकार्यपालिकाले स्वीकृत गरेको मितिबाट लागु हुनेछ ।**

३. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) "गाउँपालिका" भन्नाले करैयामाई गाउँपालिका सम्झनु पर्दछ।

(ख) "कार्यपालिका" भन्नाले करैयामाई गाउँपालिका गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले करैयामाई गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "शिक्षा समिति" भन्नाले करैयामाई गाउँपालिका शिक्षा समिति सम्झनु पर्दछ ।

(ङ) "आधारभूत शिक्षा" भन्नाले बालविकास देखि कक्षा आठ सम्म दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(च) "माध्यमिक शिक्षा" भन्नाले बालविकास देखि कक्षा बाह्र सम्म दिइने शिक्षालाई सम्झनु पर्दछ ।

(छ) "शाखा प्रमुख" भन्नाले शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा प्रमुखको काम गर्न तोकिएको शाखाको अधिकृत सम्झनु पर्छ ।

(ज) "दरबन्दी" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान प्राप्त स्थायी/अस्थायी करार कोटा सम्झनुपर्छ ।

(झ) "राहत" भन्नाले नेपाल सरकारबाट स्वीकृत अनुदान प्राप्त राहत अनुदान कोटा सम्झनु पर्छ ।

(ञ) "पालिका शिक्षक/पालिका स्वयमसेवक शिक्षक" भन्नाले करैयामाई गाउँपालिकाबाट तलब भत्ता खाने गरी नियुक्त शिक्षक सम्झनुपर्छ ।

(ट) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारद्वारा नियमित अनुदान प्राप्त गर्ने करैयामाई गाउँपालिका भित्रका विद्यालय सम्झनु पर्दछ ।

(ठ) "शिक्षक" भन्नाले विद्यालयमा अध्यापन गर्ने अध्यापकलाई सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँदछ ।

(ड) "बालविकास सहजकर्ता" भन्नाले करैयामाई गाउँपालिकाभित्र बालविकास सहजकर्तामा नियुक्त शिक्षक सम्झनुपर्छ ।

## परिच्छेद २
## दरबन्दी मिलानका आधारहरु

**४. शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था :**

१. अघिल्लो शैक्षिक सत्रको विद्यार्थी सङ्ख्याको आधारमा सत्यापन गर्दा आएको विवरण बमोजिम कक्षागत विद्यार्थी सङ्ख्यालाई प्रयोग गरिनेछ।

२. विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, अस्थायी /करार, राहत अनुदान , बालविकास सहजकर्ता र पालिका/वडा शिक्षक तथा स्वयमसेवक शिक्षकहरुको सङ्ख्यात्मक विवरण तयार पारिनेछ ।

३. काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलब भत्ता पाउँछन सोही विद्यालयको शिक्षकमा गणना गरिनेछ ।

४. न्युनतम विद्यार्थी सङ्ख्या कायम गर्दा कक्षा १-३ सञ्चालित विद्यालयमा कम्तिमा ५० जना विद्यार्थी सङ्ख्या, कक्षा १-५ सञ्चालित विद्यालयमा कम्तिमा ७५ जना विद्यार्थी सङ्ख्या, कक्षा १-८ सम्म सञ्चालित विद्यालयमा कम्तिमा १५० जना विद्यार्थी सङ्ख्या हुनुपर्नेछ । माथि उल्लेखित भन्दा कम विद्यार्थी सङ्ख्या भएमा त्यस्ता विद्यालयका शिक्षक दरबन्दी अन्यत्र विद्यालयमा मिलान गरिनेछ । हरेक विद्यालयमा कम्तिमा दुईवटा बालविकास केन्द्रहरु कायम गरिनेछ ।

५. एउटै कक्षामा विद्यार्थी संख्या बढी भई वर्ग/सेक्सन खोल्नु पर्ने अवस्थामा प्रतिकक्षा ५० जना मापदण्ड बमोजिमको विद्यार्थी सङ्ख्याको साठी प्रतिशतभन्दा बढी अर्थात ८० जनाभन्दा बढी विद्यार्थी भएमा वर्ग/सेक्सनको व्यवस्था गरी प्रति सेक्सन १ जना शिक्षक दरबन्दी थप गरी गणना गर्न सकिने तर भौगोलिक विकटताका कारण समायोजन गर्न नसकिने अवस्थाका विद्यालयहरुमा कक्षा अनुसार शिक्षक दरबन्दी कायम गरिनेछ ।

**५. विद्यालयगत एवम् तहगत शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षक व्यवस्थापन मिलान गर्ने आधारहरु :**

१. कक्षा १-३ सञ्चालन भएका आधारभूत विद्यालयको सम्वन्धमा :- कक्षा १-३ सञ्चालित विद्यालयमा न्यूनतम ३ जना शिक्षक व्यवस्थापन गरिनेछ ।

२. कक्षा १-५ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमा :- कक्षा १-५ सञ्चालित विद्यालयमा न्यूनतम ५ जना शिक्षक व्यवस्थापन गरिनेछ ।

३. कक्षा ६-८ सञ्चालन भएका आधारभूत विद्यालयको सम्बन्धमा :- कक्षा १-८ सञ्चालित विद्यालयमा न्यूनतम ४ जना शिक्षक व्यवस्थापन गर्ने। शिक्षक व्यवस्थापन गर्दा प्राथमिकीकरणका आधारमा अङ्ग्रेजी १, गणित/विज्ञान १, नेपाली १, सामाजिक १ गरी ४ ओटासम्म आधारभूत तह कक्षा ६-८ को दरबन्दी कायम गर्दै जाने ।

४. कक्षा ९-१० सञ्चालन भएका माध्यमिक विद्यालयको सम्बन्धमा :- कक्षा ९-१० सञ्चालित विद्यालयमा न्यूनतम ५ जना शिक्षक व्यवस्थापन गर्ने । शिक्षक व्यवस्थापन गर्दा प्राथमिकीकरणका आधारमा अङ्ग्रेजी १, विज्ञान १, गणित १, नेपाली १, सामाजिक १ गरी ५ ओटासम्म माध्यमिक तहको शिक्षकको व्यवस्थापन गर्दै जाने।

५. बालविकासको सम्बन्धमा विद्यार्थी संख्या यकिन गरी बालविकास सहजकर्ताको मिलान तथा व्यवस्थापन गर्दै जाने ।

६. दफा ५ को उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि आधारभूत तह(कक्षा१-८), माध्यमिक तह(९-१०) र माध्यमिक तह(१-१२) संचालित विद्यालयहरुमा कम्तिमा एकवटा सम्बन्धित तहका स्वीकृत दरबन्दी कायम गरिनेछ ।

७. उपदफा ६ बमोजिम दरबन्दी कायम गर्नका लागि आवश्यक दरबन्दी यस पालिका अन्तर्गतका अन्य माध्यमिक विद्यालयबाट दरबन्दी कट्टा गरी मिलान गरिनेछ ।

## परिच्छेद ३

## दरबन्दी मिलान प्रक्रियामा शिक्षक व्यवस्थापन तथा पदस्थापनका आधारहरु

**६. दरबन्दी मिलान पछि गर्ने शिक्षक व्यवस्थापन**

१. दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षकलाई गाउँपालिका शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले शिक्षक दरबन्दी अपुग भएका विद्यालयमा पदस्थापन गर्नेछ ।

२. शिक्षक दरबन्दी कटौती गर्दा सर्वप्रथम नियुक्ति मितिको कनिष्ठताका आधारमा (क्रमश: राहत, अस्थायी/करार र स्थायी) गाउँपालिका शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले दरबन्दी कायम गरी मिलान गर्ने।

३. अपाङ्गता भएका बालबालिकाहरुका लागि श्रोतकक्षा सञ्चालित विद्यालय श्रोतकक्षाको सम्बन्धमा विशेष शिक्षा सञ्चालन निर्देशिका २०६२ बमोजिम हुनेछ ।

४. दरबन्दी मिलान गरी कमी वा बढी हुने शिक्षकको विद्यालयगत र विषयगत दरबन्दी विवरण यकिन तथा तयारीका साथै गाउँपालिका स्तरीय समष्टिगत विवरण तयार गर्ने र हरेक वर्ष अद्यावधिक गर्दै जाने ।

५. कक्षा वा तह समायोजन भएका विद्यालयहरुमा आगामी शैक्षिक सत्रमा विद्यार्थी सङ्ख्या बढ्दै गएमा पुन: कक्षा थप गर्न सकिनेछ।

६. दरबन्दी मिलान तथा पदस्थापना गर्दा प्रत्येक विद्यालयमा सम्बन्धित तहको स्थायी शिक्षकको व्यवस्थापन गरी वरिष्ठतम् स्थायी शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी दिइनेछ ।

**७. दरबन्दी मिलानमा सरुवा तथा पदस्थापना सम्बन्धी व्यवस्था**

१. पारस्परिक सरुवाका लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा सरुवा गर्न सकिनेछ।

२. एउटै विद्यालयमा पाँच वर्ष वा सोभन्दा बढी सेवा पुरा गरेका सबै शिक्षकलाई अनिवार्य रुपमा क्रमश: दरबन्दी मिलान तथा पदस्थापन गरिनेछ तर अवकाश हुन एक वर्ष बाँकी शिक्षकको हकमा यो नियम लागु हुने छैन ।

३. दरबन्दी मिलानका लागि विद्यालय छनौटका लागि कम्तिमा सात दिने सूचना गरिनेछ र एक वर्ष अवकाश हुन बाँकी शिक्षक बाहेक सबै शिक्षकले अनुसूची १ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ । निवेदन पेश गर्नेको हकमा बरिष्ठताको आधारमा प्राथमिकीकरण गरी तथा निवेदन पेश नगर्ने स्थायी तथा अन्य कुनैपनि प्रकारका शिक्षकलाई गाउँपालिका शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले आवश्यक विद्यालयमा सरुवा गरी खटाउनेछ ।

४. विद्यालयमा अध्ययन अध्यापन समेत तोकिएको जिम्मेवारी सम्बन्धी कार्यसम्पादन र निजले अध्यापन गराउने विषयको सिकाइ उपलब्धी सापेक्षिक रुपमा कमजोर र विद्यालय व्यवस्थापन समितिबाट पटक-पटक गुनासो आएका शिक्षक तथा प्रधानाध्यापकहरुको छानविन गरी दरबन्दी मिलान तथा पदस्थापना गरिनेछ ।

५. यस कार्यविधि बमोजिम भएको दरबन्दी मिलान अर्को व्यवस्था नभएसम्मको लागि लागु हुनेछ ।

## परिच्छेद ४
## दरबन्दी मिलान कार्यदलको व्यवस्था

**८. दरबन्दी मिलान कार्यदलको गठन**

८.१ हरेक वर्ष दरबन्दी मिलान कार्यमा राय सल्लाह सहित आवश्यक सिफारिस गर्नका लागि देहाय बमोजिम सदस्य रहने गरी दरबन्दी मिलान कार्यदल रहने छ :-

क. गाउँपालिका शिक्षा समितिको अध्यक्ष वा अध्यक्षले तोकेको समितिको सदस्य एक जना — संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत - सदस्य

ग. सामाजिक विकास समितिको संयोजक -सदस्य

घ. कार्यदलको संयोजकले वडाध्यक्षहरुमध्येबाट मनोननित गरेको एकजना - सदस्य

ङ. गाउँपालिका शिक्षा अधिकारी/शिक्षा अधिकृत -सदस्य सचिव

**८.२ दरबन्दी मिलान कार्यदलको काम, कर्तव्य र अधिकार**

१. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक, दरबन्दी मिलानपछि कायम हुने शिक्षक सङ्ख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्यूनतम विद्यार्थी संख्या यकिन गर्ने ।

२. शिक्षकहरुबाट भरी आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने।

३. विद्यालयहरुमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलानका लागि खटाइने विद्यालय र शिक्षकको नामावली विवरण तयार गरी गाउँपालिका शिक्षा समितिमा पेश गर्ने ।

४. विद्यालयमा माथिल्लो तहमा दरबन्दी नभएमा दरबन्दीको व्यवस्था नभएसम्मको लागि माथिल्लो योग्यता भएको शिक्षकलाई विषयगत आधारमा मिलान गर्न सकिनेछ ।

५. दरबन्दी मिलान गरी पठाइएको शिक्षकलाई सम्बन्धित विद्यालयले हाजीर गराई सो को जानकारी सम्बन्धित निकायमा पठाउनु पर्नेछ । साथै मिलान गरिएको शिक्षकलाई हाजिरी नगराएमा दरबन्दी सहित अर्को आवश्यक भएको विद्यालयमा स्थानान्तरण गर्न तथा हाजिर हुन नजाने शिक्षकलाई विभागीय कारवाहीका लागि कार्यदलको निर्णय सहित गाउँपालिका शिक्षा समितिलाई सिफारिस गर्नेछ ।

६. दरबन्दी मिलानको क्रममा शिक्षक दरबन्दीको आधारमा स्थायी दरबन्दी र अनुदान कोटा (राहत) शिक्षकलाई गणना गरी विद्यालयगत दरबन्दीका आधारमा मिलान गरिनेछ। यदि कुनै विद्यालयबाट स्थानान्तरण हुने विद्यालयमा जेष्ठ शिक्षकले कनिष्ठ भन्दा इच्छुक भएमा दुबैको सहमतीमा पनि स्थानान्तरण गरिनेछ ।

७. गाउँपालिकाले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

**८.३** कार्यदलको सचिवालय गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा रहनेछ।

**८.४** कार्यदलको सचिवालयका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम गाउँकार्यपालिकाले व्यवस्था गर्नेछ।

## ९. बाधा अड्काउ फुकुवा हुने:

यो कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ परेमा फुकुवाका लागि गाउँकार्यपालिकको बैठकले आवश्यक निर्णय गर्नेछ ।

## अनुसूची-१
## दरबन्दी मिलानका लागि विद्यालय छनौटका लागि निवेदन फारम

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गाउँकार्यपालिकको कार्यालय
करैयामाई गाउँपालिका
करैया, बारा ।

करैयामाई गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८१ अनुसार यस गाउँपालिका भित्रका शिक्षकको दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा मलाई देहाय बमोजिमको विद्यालयमा रही कामकाज गर्ने इच्छा रहेको हुँदा प्रचलित ऐन/नियम/कार्यविधि तथा उपलब्ध सम्भावना समेतका आधारमा प्राथमिकता क्रममा रहेको विद्यालयमा कामकाज गर्ने गरी खटाउनुहुन अनुरोध सहित तहाँ कार्यालयको मिति ....................गतेको सूचना अनुसार यो निवेदन पेश गर्दछु ।

नाम थर:

<u>स्थायी ठेगाना</u>
वडा नं. :
पालिका :
जिल्ला :
सिटरोल नं. :
तह/श्रेणी :
जिल्ला :
मोबाइल नं. :

<u>अस्थायी ठेगाना</u>
वडा नं. :
पालिका :
जिल्ला :
सुरु नियुक्ति मिति :
हालको पदमा नियुक्ति मिति :
शैक्षिक योग्यता:
मुल विषय:

हाल कार्यरत विद्यालयको नाम र ठेगाना :
हाल कार्यरत विद्यालयमा सरुवा/पदस्थापना मिति :
हाल कार्यरत विद्यालयमा सेवा गरेको जम्मा अवधि:

**दरबन्दी मिलानमा जान चाहेको विद्यालयको नाम प्राथमिकताको आधारमा**

| क्र. सं. | विद्यालयको नाम | वडा नं. | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| ७ | | | |

**<u>निवेदक</u>**